# सचेत र सङ्गठित जनशक्तिबिना परिवर्तन असम्भव

चिनियाँ जनताका महान् नेता माओ त्सेतुङ भन्नुहुन्थ्यो, “कार्यकर्ताहरू अथक हुनुपर्छ; थाक्नु हुन्न । नि:स्वार्थ रूपले जनताको सेवा गर्नुपर्छ ।” कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताहरू जनताको सेवामा निरन्तर खटिरहेका हुन्छन् । उनीहरू जनताको सेवामा लाग्दा गाऱ्होफारो भन्दैनन् । जनताको सेवामा खटिएका कार्यकर्ताहरू जनताको घर आँगन पुग्छन्; दु:ख सुख बुझ्छन्; समस्या समाधानका उपाय खोज्छन् र आवश्यक परे सङ्घर्ष गर्छन् । नेमकिपा देशमा आमूल परिवर्तनको निम्ति सङ्घर्ष गर्ने कार्यकर्ता तयार गरिरहेको राजनीतिक दल हो । देश र समाज परिवर्तनको निम्ति कार्यकर्ताहरू नि:स्वार्थ रूपले सेवा गर्न अग्रसर हुन्छन्; अग्रमोर्चामा रहेका काम गर्छन् । बहुमत जनताको सेवा गर्ने प्रण लिएर नै कार्यकर्ताहरू लागेका हुन्छन् ।

ढिलो चाँडो देशमा परिवर्तन अवश्यम्भावी छ । नेपालमा कम्युनिस्ट आन्दोलन पछि पर्नुको कारण ठुला भनिने कम्युनिस्ट पार्टीका नेताहरू सत्तामुखी राजनीतिमा फस्नु हो या पुँजीवादी राजनीतिमा लाग्नु हो । सत्ता नै सबथोक ठानी अघि बढेकोले कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टी पछि परेको हो । सत्तामा सरकारमा पुगेका कम्युनिस्ट पार्टीहरूले कम्युनिस्टको सिद्धान्त र विचार त्यागेर सरकारबाटै सबथोक हुने या पाउने बखान गरेर कम्युनिस्टको विचार र सिद्धान्त प्रचार गरेनन्, जनतालाई चित्त बुझाउने काम गरेनन् । सिद्धान्तको राजनीति भएन या सतही राजनीति भयो । परिणामत: एमाले र नेपाली कम्युनिस्ट पार्टी गएको निर्वाचनमा नराम्रोसँग हार भयो ।

आमूल परिवर्तनको लक्ष्यबारे व्यापक जनतालाई शिक्षित र सङ्गठित नगरी चुनावमा विजयी भएको पार्टी र सरकारले समाजको आमूल परिवर्तन गर्न सक्दैनन् । एक दुई दशकको अथक मेहनतले व्यापक कामदार जनतालाई वर्गीय, राजनीतिक र क्रान्तिकारी समाजको बारेमा शिक्षित र सङ्गठित गर्न सकिँदैन । केही राजनीतिक दलहरू पैसा खर्च गरेर ठेकेदार, तस्कर, घरजग्गाका दलाल, कालाबजारी, गुण्डा, जालीफटाहाहरूको समर्थन र सहयोगमा चुनाव जित्नासाथ नानाथरीको आशालाग्दो लोभ देखाएर देशलाई उथलपुथल ल्याउने आशा बाँड्छन् । पुँजीपतिहरू पद र पैसा

***बाँकी पृष्ठ १२ मा***

साप्ताहिक
श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क १४ ✪ १५ वैशाख २०८३, मङ्गलबार ✪ 28 April 2026, Tuesday ✪ मूल्य रू. १०।-




प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङमा कोरियाली मजदुर पार्टीका महासचिव एवं प्रजग कोरिया राज्य मामिला आयोगका अध्यक्ष किम जोङ उन रुसी महासङ्घको संसद् ड्युमाका सभामुख भ्याचेस्लाभ भोलोदिन र रुसी रक्षामन्त्री आन्द्रेइ बोलोसोभका साथ योद्धा मेमोरियल सङ्ग्रहालयको उद्घाटन समारोहपछि सङ्ग्रहालय अवलोकन गर्नुहुँदै अप्रिल २६, २०२६ का दिन । हालसालैका रुस-प्रजग कोरिया सैन्य सहायता अभियानको क्रममा सहादत प्राप्त कोरियाली जनसेनाको स्मृतिमा उक्त सङ्ग्रहालय स्थापना गरिएको हो ।

*तस्बिर : केसीएनए*

# शिक्षामा स्थानीय तहको अधिकारमाथि सङ्घ सरकारको हस्तक्षेप !

प्रतिनिधिसभाको निर्वाचनपछि झन्डै दुईतिहाइ प्राप्त गरेर रास्वपाको सरकार गठन भएको एक महिना बित्यो । रास्वपाको सरकार कस्तो हुन्छ भन्ने सङ्केत सरकारले शिक्षा क्षेत्रमा गरेको जथाभावी निर्णयबाट प्रस्ट हुन्छ ।

नेपाल सरकारले चैत २२ गते राजपत्रमा सूचना प्रकाशित गरी सबै सरकारी कार्यालयहरू, सार्वजनिक निकाय तथा शैक्षिक संस्थाहरूमा शनिबार र आइतबार बिदा दिने जानकारी गरायो ।

शैक्षिक संस्थाहरूबाहेक सबै कार्यालय र निकायहरूको कार्यालय समय बिहान ९:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म उल्लेख गरियो । विद्यालयहरूलाई वैशाख १५ गतेदेखि भर्ना अभियान र वैशाख २१ गतेदेखि मात्र कक्षा सञ्चालन गर्न ‘निर्देशन’ जारी गऱ्यो ।

शिक्षा नियमावलीअनुसार वैशाख १ गतेबाट नयाँ शैक्षिक सत्र सुरु हुन्छ । एक शैक्षिक सत्रमा २२० दिन कक्षा सञ्चालन गर्नुपर्ने बाध्यकारी कानुनी व्यवस्था छ । तर, सरकारले गरेको निर्णय शैक्षिक नियमावलीविपरीत हुनुका साथै विद्यार्थीहरूको पढ्न पाउने हकबाट समेत वञ्चित गर्नेछ ।

साबिकको शैक्षिक क्यालेन्डरअनुसार नै पनि एक वर्षमा १३० दिनभन्दा बढी बिदा छ । त्यसमा ५२ दिन आइतबार बिदा थप्दा १८० दिन पुग्नेछ । विद्यालयहरूमा पहिलो, दोस्रो र तेस्रो त्रैमासिक परीक्षामा विद्यार्थीहरूले थप २१ दिन पढ्न पाउने छैनन् । अन्य स्थानीय बिदा, पर्व बिदा र शिक्षकले पाउने सुविधा बिदाको हिसाब गर्दा निकै कममात्र पठन पाठनको दिन बाँकी रहनेछ ।

काठमाडौँ महानगरपालिकाले हरेक शुक्रबारलाई ‘बुक फ्रि डे’ अर्थात किताबबिना अन्य अतिरिक्त क्रियाकलाप गराउने दिन तोकेको छ । सरकारको निर्णयअनुसार शुक्रबार, शनिबार र आइतबार त्यहाँका सरकारी विद्यालयहरूमा विद्यार्थीहरूले पाठ्यपुस्तक पढ्न पाउने छैनन् । बिचबिचमा हुने थप बिदा त छँदै छ ।

निजी आवासीय विद्यालयहरूले ३६५ दिन नै विभिन्न विषयहरूमा पढाउने गर्छन् । अभिभावकहरू आफ्ना सन्तानको लागि जति पैसा तिर्न पनि तयार हुन्छन् । यसले निजी विद्यालयहरूमा विद्यार्थीको आकर्षण बढ्ने

***बाँकी पृष्ठ १२ मा***

# विज्ञहरूको सुझावअनुसार शैक्षिक गुणस्तर वृद्धिको प्रयासमा भनपा



भक्तपुर । “भक्तपुरको शैक्षिक गुणस्तर माथि उठाउनमा प्राध्यापकहरूको महत्त्वपूर्ण योगदान छ ।”

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उच्च शिक्षाको वर्तमान अवस्थाबारे छलफल गर्न भक्तपुर नगरभित्र सञ्चालित कलेजका प्राचार्यहरूको वैशाख १० गते भएको भेलामा उक्त विचार व्यक्त गर्नुभएको हो ।

उहाँले शिक्षा विज्ञहरूको सल्लाह सुझावअनुसार भक्तपुर नगरपालिकाले शैक्षिक गुणस्तर वृद्धिको कोसिस गरिरहेको बताउँदै भक्तपुर ज्ञान विज्ञानको केन्द्रको रूपमा विकास हुँदै छ भन्नुभयो ।

उहाँले भन्नुभयो, “प्राध्यापकहरूले आ-आफ्नो विज्ञताअनुसार अध्यापन गर्दा भक्तपुरको शिक्षा तुलनात्मकरूपमा राम्रो भयो । भक्तपुर शैक्षिक क्षेत्रमा धेरैको आकर्षणको केन्द्र बन्दै छ । विद्यार्थीहरूको उज्ज्वल भविष्यको लागि अनुशासित र मिहेनती बनाउन सिकाउनुपर्छ ।”

बैठकमा इवामुरा कलेज अफ हेल्थ साइन्सका कलेज कोअर्डिनेटर शैलेन्द्र प्रकाश बुढाथोकी, मोर्डन कलेजका प्राचार्य अनिल कसपाल, ख्वप कलेजका प्राचार्य प्रकाश श्रेष्ठ, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुजन माक, ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुनिल दुवाल, ख्वप माविका प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य, ख्वप कलेज अफ लका प्राचार्य अनिता जधारी, वागीश्वरी कलेज अफ मेनेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छा, वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठ र ख्वप बहुप्राविधिक अध्ययन संस्थानका विभागीय प्रमुख ईश्वरी डङ्गोलले कलेजहरूमा विभिन्न तहमा सञ्चालन गरिरहेको कार्यक्रम र विद्यार्थी सङ्ख्याको विषयमा जानकारी दिँदै हप्तामा ६ दिन कक्षा सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

# १३७औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस सारा कामदार वर्गको दिवस

भक्तपुर । नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिको आयोजनामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा वैशाख १४ गते प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

उक्त प्रशिक्षण कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले अन्तर्राष्ट्रिय श्रमिक दिवस मजदुरहरूको मात्र दिवस होइन सारा कामदारवर्गकै दिवस हो भन्नुभयो ।

उहाँले सन् १८८६ मई १ को दिन अमेरिकाको सिकागो सहरमा ८ घण्टा कामको ज्याला बढाउने माग राखी भएको मजदुरहरूको देशव्यापी आन्दोलनलाई सरकारले निर्मम रूपमा दमन गरेको र मजदुर नेताहरूलाई दिएको मृत्युदण्डको सजायविरुद्ध संसारमै मजदुरवर्ग उठी पुँजीवादी सरकारलाई ८ घण्टाको काम र ज्याला बढाउन बाध्य बनाएको स्मरण गर्नुभयो ।

उहाँले भन्नुभयो, “यही सङ्घर्षको फल संसारका मजदुरहरूले ८ घण्टा काम गर्ने, ८ घण्टा मनोरञ्जन गर्ने र ८ घण्टा आराम गर्ने अधिकार प्राप्त भएको हो ।”

उहाँले भन्नुभयो, “पुँजीपतिवर्गले कामदारवर्गलाई कहिल्यै हित गर्ने छैन । पुँजीवादी राज्य व्यवस्थामा कामदारवर्गको हितभन्दा पुँजीपतिवर्गकै हितमा ऐन-कानुन बनाइन्छ । पुँजीवाद शोषणमा आधारित व्यवस्था भएकोले बहुमत कामदारवर्गको हित हुने छैन । नामले कम्युनिस्ट भए पनि व्यवहारमा पुँजीपतिवर्गको सेवा गरेकोले देश र जनताको यो अवस्था भोग्न बाध्य भएको हो ।”


रास्वपाको सरकारले भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्ने भने पनि व्यवहारमा लागु गर्न नसकेको उल्लेख गर्दै उहाँले विगतको सरकारले झैँ विदेशी ऋणबाट देश चलाउने उद्देश्य लिई विदेशीहरूको इच्छाअनुसार देशको बहुमूल्य प्राकृतिक स्रोत साधन सुम्पेर देशघाती सन्धि सम्झौता गर्नु पुरानै सरकारको रोग हो भन्नुभयो ।

उहाँले यही सरकारको पालामा पेट्रोलियममा मूल्यवृद्धि, आधा सिलिन्डर ग्यास दिनु र बजार भाउ अत्यधिक बढेको उल्लेख गर्दै देश र जनता झन्झन् मारमा पर्दै छन् भन्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घका प्रतिनिधि विक्रम ढुकुछुले अन्तर्राष्ट्रिय श्रमिक दिवसको महत्त्वबारे चर्चा गर्दै अमेरिकी साम्राज्यवादले तेल, ग्यास, बहुमूल्य प्राकृतिक स्रोत साधनहरू कब्जा गर्न युद्धको व्यापार गर्दै छ भन्नुभयो ।

***बाँकी पृष्ठ १२ मा***

# नयाँ प्यालेस्टिनी नेताका लागि इजरायली जेलमा रहेका नेता बरघोटीको चर्चा



लन्डन (एएफपी) । विगत २४ वर्षदेखि इजरायलमा जेलमा रहेका प्यालेस्टिनी नेता मरवान बरघोटी प्यालेस्टिनको ‘लोकतान्त्रिक नवीकरण’ को नेतृत्व गर्न सक्ने एक सशक्त व्यक्तिका रूपमा रहेको उहाँका छोरा अरब बरघोटीले एएफपीसँगको कुराकानीमा वैशाख ११ गते दाबी गर्नुभएको छ ।


समर्थकहरूले ‘प्यालेस्टिनको नेल्सन मण्डेला’ भनेर प्रशंसा गर्ने गरिएका ६६ वर्षीय बरघोटी इजरायलको सबैभन्दा उच्च ओहोदाका कैदी हुनुहुन्छ र प्यालेस्टिनी मुद्दाको प्रतीक बन्नुभएको छ ।

कब्जामा रहेको वेस्ट ब्याङ्कका धेरै भित्ताहरूमा बरघोटीका तस्बिरहरू टाँसिएका छन् । उहाँ युद्धमा इजरायली आक्रमणबाट अधिकांश भूभाग नष्ट हुनुअघि गाजामा पनि देखिनुभएको थियो ।

सन् २००० को दशकको सुरुआतमा भएको दोस्रो इन्तिफादा, प्यालेस्टिनी विद्रोहका नेताहरूमध्ये एक, मारवान बरघोटीलाई ९० वर्षीय प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासको सम्भावित उत्तराधिकारीको रूपमा प्राय: उद्धृत गरिन्छ ।

सन् २००२ मा बुबा जेलमा पर्दा बरघोटीका छोरा अरब ११ वर्षको मात्र हुनुहुन्थ्यो । इजरायली अदालतले सन् २००४ को जूनमा इजरायल र कब्जा गरिएको वेस्ट बैङ्कमा पाँच जनाको ज्यान लिने गरी चार आक्रमणमा संलग्न भएको आरोपमा उहाँलाई आजीवन कारावासको सजाय सुनाएको थियो ।

***बाँकी पृष्ठ १२ मा***



कार्ल मार्क्स

दार्शनिकहरूले संसारको बारेमा विभिन्न तरिकाले व्याख्या गरे तर मुख्य कुरा संसारलाई बदल्नुपर्छ ।

# सम्पादकीय

## पत्रकारिता, सुकुमवासी र सहकारी समस्याबारे

अहिले नेपाली जनताको ध्यान पत्रकारिताको क्षेत्रमा जाँदै छ । गलत पक्षलाई पनि 'हिरो' बनाएजस्तै छापाको पहिलो पृष्ठमा तस्बिर छापेकै भरमा जनताको माझमा देशलाई भित्रभित्र खोक्रो बनाउन खोज्ने पक्षलाई नै 'नायक' बनाउने शैली आश्चर्यजनक छ । १०-११ वैशाख २०८३ का काठमाडौँका 'राष्ट्रिय' दैनिकहरूले छापेका तस्वीरहरू खलनायकहरूको जस्तो छैन । 'सम्पत्ति शुद्धीकरण र धितोपत्र कसुरका शेखर गोल्छा पक्राउ' - (राजधानी - ११ वैशाख २०८३) । 'उच्च निगरानीमा शाह, मोर र गुप्ता ।'

पत्रकारिता समस्यालाई उजागर गर्ने कला र साहित्य बनाउनुभन्दा एक प्राज्ञिक क्षेत्र पनि भएको हुँदा समाधानका उपाय पनि पहिल्याउने र सन्देश दिने एउटा माध्यम पनि हो । त्यसले अझ बढी देश र जनताको सेवा हुनेमा दुविधा नहोला । 'घुम्ने मेचमा बस्नेहरू' ध्यान राम्रा र नराम्रा विविध विषयमा जानु स्वाभाविक छ भने प्रम र अन्य मन्त्रीहरूलाई सहयोग गर्ने सहयोगीहरूले पनि देशका समस्याहरू बुझेकै होलान् । सोअनुसार नीति-निर्माणकर्ताहरूलाई सल्लाह दिनु एक नागरिकको रूपमा अपराध भन्न मिल्दैन होला । नत्र २०८३ सालको 'नयाँ पुस्ता' को आन्दोलन घुसपैठीहरूबाट भएको उपद्रव, ध्वंस र क्षतिबारे तत्कालीन प्रम ओलीले आफूलाई सम्भावनाको सङ्केतसम्म पनि थाहा नभएको भन्ने अभिव्यक्ति जुन बाहिर आएको छ त्यसले धेरै प्रश्न उब्जाएको छ । के सेना, प्रहरी र गुप्तचर विभागबाट आएको सच्चाइ गलत हो ? प्रधानमन्त्री वा सरकारका नाक, कान, आँखा र हातखुट्टा जस्तै हैनन् ती अङ्गहरू ? "टाउका वा मस्तिष्कलाई प्रत्येक संवेदनशील अङ्ग प्रत्यङ्गले सूचना प्रवाह गरेजस्तै राज्यका ती सबै संस्था (अङ्ग) हरूले सूचना प्रवाह गरेकै थिए" - आ-आफ्नो स्थान र कर्तव्यअनुसार ! त्यसबारे सच्चाइ त्यसबेला देश र जनताले थाहा पाए जब सेना, प्रहरी र गुप्तचर विभागका प्रमुखहरूले 'उचित ग्रहण संवेदनशीलता' जिम्मेवार व्यक्तिहरूबाट नभएको वास्तविकता उजागर गरे । यसले तत्कालीन प्रम ओलीको कार्यशैली उदाङ्गिएको छ ।

एक दुईचोटि पुरानै कार्यशैलीबाट अर्थात् सत्तामा बस्दाको 'सहुलियत' र 'निर्वाचन आयोगबाट प्रकाशित आचारसंहितालाई' समेत चानचुने ठानेर काम गर्ने पूर्वप्रम ओलीको 'कौशल' बाटै परिस्थिति बदलिएको समयसँग बेमेल हुन पुग्यो । यसलाई नेपालको मात्रै नयाँ अनुभव होइन भन्छन् भने सूर्यको ज्योति नपुग्ने ठाउँमा पनि पत्रकारहरू गरेका हुन्छन् । मदनमणि दीक्षितजस्ता प्राज्ञहरू पनि त पत्रकार नै थिए । यसकारण, नयाँ-नयाँ युवा पत्रकारहरू पनि जिल्ला-जिल्लामा सयौँ छन् । ती युवा पत्रकारहरूले सबै प्रकारका समस्या र त्यसका समाधानका उपायबारे पनि जानकारी नहुने कुरै भएन ।

### सुकुमवासी समस्याबारे

पूर्वशासक दलहरूकै नेता र कार्यकर्ताहरूले नै आ-आफ्ना जिल्लाका जनतालाई काठमाडौँ राजधानीमा बसोबास गराउने आश्वासन दिएर बाग्मती, विष्णुमती र उपत्यकाका विभिन्न पायक पर्ने ठाउँमा बसालेका थिए । त्यसमाथि पनि एकले अर्कोलाई बेच्ने र किन्नेहरूले पनि अनेक जटिलताहरू थपे । सुकुमवासीको नाममा जग्गा हडपेर बहाल खाइ पल्केका हुकुमवासीका बारेमा पनि सरकारले खोजी गर्नुपर्ने मत पनि देखिन्छ ।

आज ती सुकुमवासीहरूलाई उठाउनु एउटा विषय भयो, अर्को ठाउँ दिएर बन्दोबस्त गर्नु दोस्रो पाइला हो । तेस्रो महत्त्वपूर्ण पाइला भनेको मनैदेखि सुकुमवासीलाई दक्ष बनाएर काममा पठाउनु र उनीहरूले आम्दानीबाट बहाल तिर्दै जाने बन्दोबस्त भयो भने देशका अन्य जिल्लामा अलपत्र परेका वा दु:खी सुकुमवासी र गरिबहरूलाई पनि प्रदेश, स्थानीय पालिका वा त्यहाँका सहकारीहरूमार्फत काम सिकाएर काम दिलाउने नीति तयार गरेमा पीडितहरूको भलो मात्रै होइन उत्पादन पनि भई देशलाई फाइदा हुनेछ ।

यसबारे सबै पालिकाका वडाहरूमार्फत तालिम र रोजगारीको बन्दोबस्त गर्ने नीति लागू गर्ने गराउने काममा तडारुकता दिलाउन पाए गरिब जनताको सेवा हुनेछ ।

### सहकारीका पुराना नीति निर्माताहरूलाई मुद्दा चलाउने

हिजो आजका सहकारी संस्थाको अर्बौं मात्र होइन खर्बौं रुपैयाँ हिनामिना भएको सबै जनताले समाचारहरूबाट थाहा पाएकै हुन् । ती सरकारी ऐन नियममा 'ऋण र बचत सहकारी' को ठाउँमा 'कृषि सहकारी संस्था' मात्र लेखिएको भए आजको भद्रगोल र जनताको  खर्बौं रकम लथालिङ्ग हुने नै थिएन । यसकारण, तत्काल सहकारी संस्थाहरूलाई 'ऋण र बचत' को ठाउँमा 'कृषि सहकारी संस्था' र गरिब किसानहरूको 'बचत र ऋण' बाट कृषिका नगदेबाली, कुटीर र घरेलु उद्योगको समेत बन्दोबस्त गर्न दिने नीति निर्माण गर्नुपर्ने नीति बनाएमा देशका लाखौँ-लाख गरिब जनताले रोजगारी र उत्पादनशील कार्यमा काम गर्न पाउने थिए ।

# रास्वपा सरकार : पुराना शासक दलहरूकै सरकारको निरन्तरता !

✍ प्रज्ज्वल

बहुदलीय व्यवस्था पुन:स्थापनाको पैँतीस वर्षयता एकल र संयुक्त सरकारमा गएका नेका, एमाले, माओवादी, राप्रपा, रास्वपालगायत दलहरूले देश र जनताको नि:स्वार्थ सेवा गरेनन् । नेपालको नदीनाला भारतलाई दिने, पेट्रोलियम पदार्थ महँगोमा भारतबाट आयात गर्ने, भएको सार्वजनिक संस्थान सस्तोमा निजीकरण गरी करोडौँ युवालाई वैदेशिक रोजगारी वा अध्ययनमा पठाउने, दाल, चामल, तरकारी फलफूलसमेत विदेशबाट आयात गरी कृषिलाई परनिर्भर बनाउने, वर्षको सालाखाला १५ अर्ब ब्यापारघाटा पार्ने, सार्वजनिक ऋण २८ खर्ब रुपैयाँ बढी पुऱ्याउनेलगायत नेपालको हितविपरीतका एमसीसी, एसपीपी सम्झौता गरे ।

नेकाको समर्थनमा बनेको एमालेको केपी ओली सरकारले २०८२ भदौ १९ गते नियमनमा नआएका सामाजिक सञ्जालहरूलाई रोक लगायो । यी शासक दलहरूले संरा अमेरिकी गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गणतान्त्रिक संस्था (IRI), प्रजातन्त्रको लागि राष्ट्रिय सहयोग (NED), अमेरिकी युवा परिषद्, तिब्बतका लागि विद्यार्थी (SFT), तिब्बती शुद्ध रगत (TOB), बारबरा फाउन्डेशनलगयातको आर्थिक सहयोग र प्रशिक्षण प्राप्त नेपालका केही गैरसरकारी संस्थाहरूको गतिविधिबारे विदेशी दबाबमा थाहा नपाएझैँ गरे । यी संस्थाहरूमा संलग्न केही युवाहरूको अगुवाइमा सामाजिक सञ्जालमाथि प्रतिबन्ध फुकुवा र सुशासनको माग राखी भदौ २३ गते माइतीघर मण्डलामा जेनजी आन्दोलन घोषणा गरियो । आन्दोलनमा संलग्न जेनजीहरूको मतअनुसार शान्तिपूर्ण आन्दोलन अपहरणसहित हिंसात्मक भयो । नयाँ बानेश्वरमा भएको तोडेफोड र उपद्रवमा १७ जना र सुनसरीमा २ जना गरी १९ जना नेपालीको मृत्यु भयो ।

भदौ २४ गते उपद्रवमा परिणत भयो । घुसपैठ भएकाहरूले देशभरि ठाउँठाउँमा सरकारी कार्यालय भवन र निजी भवनहरू आगजनी गरे । काठमाडौँमा संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालत, प्रमको सरकारी निवास (बालुवाटार), राष्ट्रपतिको सरकारी शितलनिवासको भवन, मन्त्रीहरूको सरकारी निवास भैँसीपाटीका भवनहरू आगजनी गरियो । 'हामी नेपाल' मा सुधन गुरुङले भदौ २४ गते प्रहरी महानिरीक्षकको अनुरोधमा प्रहरी प्रधान कार्यालयमा आगजनी रोकेको र आफ्ना साथीहरूको मोवाइल नम्बर नेपाली सेनालाई दिएर रातभरि सेवामा लागेको दाबी गरे । भदौ २३ र २४ गतेको घटनामा संलग्न नेपाल प्रहरीका अधिकारीहरूका अनुसार मादक पदार्थ खाएका, 'राजतन्त्र समर्थक' दाबी गरेकाहरूले घरेलु हतियार, गुलेलीसमेत बोकेर जेनजी आन्दोलनमा घुसपैठ गरेका थिए । केही प्रहरी अधिकारीहरूका अनुसार उपद्रव नियन्त्रण गर्न नेपाली सेनाबाट अपेक्षाकृत सहयोग भएन । (जाँचबुझ आयोगको प्रतिवेदन)

देश र जनताको सुरक्षा गर्ने जिम्मेवारी सरकारी संयन्त्र प्रहरी र सेनाको हो । जाँचबुझ आयोगको प्रतिवेदनअनुसार भदौ २३ गतेको घुसपैठ नियन्त्रण गर्न प्रहरी सक्षम नभएको र सशस्त्र प्रहरी बल एवम् नेपाली सेनाको परिचालनसम्बन्धी कार्यविधि सरल नभएको पुष्टि भयो । देशमा आइपर्ने सङ्कट समाधान गर्ने जिम्मेवारी सरकारको कार्यकारी प्रमुख अर्थात प्रमको हो । यसको अर्थ नेपाली सेनाको परमाधिपति राष्ट्रपतिको जिम्मेवारी नभएको होइन । जनताको विश्वासले प्रम बनेका ओलीले भदौ २४ गते अपराह्न पदबाट राजीनामा दिएर सेनाको सुरक्षामा प्रमको सरकारी निवास छोडे । राष्ट्रपति रामचन्द्र पौडेलले प्रम ओलीको राजीनामा स्वीकृत गरी आफू पनि नेपाली सेनाको सुरक्षामा सरकारी निवास छोडे । देश जलिरहँदा राष्ट्रपति पौडेल आफू कता हो नेपाली जनतालाई जानकारी भएन । प्रमबाट राजीनामा दिएका ओलीले पनि आफू कता हो जनतालाई थाहा दिएनन् ।

भदौ २४ गतेदेखि केही जेनजी अगुवाहरू कामनपाका प्रमुख बालेन्द्र साहको कानुनी सल्लाहकार ओमप्रकाश अर्यालमार्फत नेपाली सेनाको जङ्गी अड्डामा पुगे । केही जेनजीले प्रधानसेनापतिसँग राष्ट्रपतिलाई भेट्नुपर्ने मत राखे । भदौ २५ गते कर्फ्युको दिन पनि केही जेनजी अगुवाहरूको नेपाली सेनाको जङ्गी अड्डामा छलफल चालू रह्यो । भदौ २६ गते पनि कर्फ्यु थियो, राति ११ बजेतिर पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको अस्कल कलेज अगाडि सडकमा एक व्यक्तिसँग भेटघाटपछि प्रधानमन्त्री बन्ने सुनिश्चित भयो । त्यो व्यक्ति को हो, अहिलेसम्म खुलेको छैन । यी विषयहरू आमसञ्चारमार्फत सार्वजनिक भएका हुन् ।

राष्ट्रपति पौडेलले नयाँ प्रधानमन्त्री चयनको लागि संसद्मा भएका राजनीतिक दलहरूलाई आह्वान गर्नुपर्ने थियो तर संविधानविपरीत भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीलाको नेतृत्वमा निर्वाचन सरकार, सो सरकारको सिफारिसमा प्रतिनिधिसभा विघटन र फागुन २१ गते नयाँ निर्वाचन मिति घोषणा गरे ।

जनताको ताजा जनादेश आपत्तिको विषय होइन, सरकारले रास्वपाको राज्य संयन्त्र दुरुपयोग गर्नु आपत्तिको विषय हो । चुनावको सरकारी संयन्त्र पूरै रास्वपाको पक्षमा लागेको जतातत‍ै देखिएको आपत्तिको विषय हो । रास्वपाका कतिपय उम्मेदवारहरू भदौ २४ गतेको आगजनीमा संलग्न भएको जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेख भएको पनि यसलाई बेवास्ता गरिएको अर्को आपत्तिको विषय हो ।

रास्वपाले निर्वाचन आफ्नो पक्षमा ल्याउन पार्टीमा एक व्यक्तिलाई प्रवेश गराई प्रमसमेत दिने सहमति कसको निर्देशनमा गरेको हो ? भदौ २४ गतेको घटनापछि कामनपाका प्रमुखको कुर्सीबाट बालेन्द्र साहले जेनजी अगुवाहरूलाई सेनासँग वार्तामा जानू, प्रतिनिधिसभा विघटन गराउनू, सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउनूजस्ता सुझाव दिन सक्ने हैसियत कहाँबाट प्राप्त गरे ? यसबारे रास्वपाले के स्पष्टीकरण दिनु जरुरी छैन ?

रास्वपाको विधान २०८२ मा एकातिर सार्वजनिक, निजी र सरकारी क्षेत्रको विकास गर्ने उल्लेख छ भने अर्कोतिर शोषणरहित समाजको निर्माण र समाजवादउन्मुख समृद्ध अर्थतन्त्रको विकास गर्ने उल्लेख छ । शोषणरहित र समाजवादउन्मुख समाजमा उत्पादनका ठूलठूला साधन र सेवा सामाजिकीकरण हुने बन्दोवस्त हुन्छ । बेलायतको मजदुर पार्टीले पुँजीपतिवर्गको सभामा निजी पुँजीको हित र मजदुरवर्गको सभामा मजदुरको हित हेर्ने दोहोरो कुरा गरे तर सरकारमा पुगेर मजदुर पार्टीले पुँजीपति वर्गको सेवा गऱ्यो । रास्वपाको विधान र काम त्यस्तै भइरहेको छ ।

तर, रास्वपाको २०८२ फागुन २१ गतेको चुनावी वाचापत्रमा शोषणरहित र समाजवादउन्मुख समाज निर्माणबारे उल्लेख छैन । फागुन २१ गतेको निर्वाचनपछि झण्डै दुईतिहाइ स्थान पाएको रास्वपा सरकारले पहिलो दिन चैत १३ गते एकसय बुँदाको कार्यसूची पारित गऱ्यो । त्यो कार्यसूचीमा पनि समाजवादउन्मुख समाज निर्माणबारे उल्लेख छैन । यसरी रास्वपाको सरकार पुराना शासक दलहरूकै सरकारको निरन्तरता सावित भइरहेको छ ।

*२०८३ वैशाख १४*

# सरकारी जग्गा कब्जा गर्ने को को हुन्, कारबाही कहिले ?




शुक्र

आजसम्मका सरकारहरूले सरकारी, सार्वजनिक, गुठी जग्गा संरक्षण गरेनन् । शासक दलका नेता, कार्यकर्तादेखि उच्च सरकारी अधिकारीसम्मले सरकारी, सार्वजनिक, गुठी जग्गा अतिक्रमण गरे ।

२०७६ जेठ ६ गते सरकारी, सार्वजनिक, गुठी जग्गा संरक्षण गर्न जाँचबुझ आयोग गठन भयो । विशेष अदालतका पूर्वअध्यक्ष मोहनरमण भट्टराईको अध्यक्षतामा गठित उक्त आयोगले कर्णाली प्रदेशबाहेक ६ प्रदेशका २१ जिल्लामा प्राप्त उजुरीमाथि अनुसन्धान गरेको थियो । २०७६ मङ्सिरदेखि २०७७ माघसम्म गरिएको छानबिनपछि आयोगले जग्गा हिनामिनासम्बन्धी ३३ वटा प्रतिवेदन सरकारलाई बुझायो । २०७७ माघमा बुझाएको उक्त प्रतिवेदनमा कुल ८,१९० रोपनी जग्गा व्यक्तिको नाममा पुगेको उल्लेख छ । अतिक्रमणमा परेका जग्गा पहिचान गरी आयोगले प्रतिवेदन बुझाए पनि सरकारहरूबाट कार्यान्वयन भएको छैन ।

सरकारी, सार्वजनिक, गुठी जग्गा अतिक्रमण गर्नेमा शासक दलका नेता, कार्यकर्ता, न्यायाधीश, मन्त्री, सांसद, मालपोतका हाकिम र कर्मचारीसमेत छन् । आयोगले सरकारी, सार्वजनिक, गुठी जग्गा व्यक्तिका नाममा लैजानेमाथि सम्पत्ति शुद्धीकरण, ठगी र सङ्गठित अपराधको मुद्दा चलाउने कानुनी व्यवस्था छ । सरकारी सम्पत्ति हिनामिना गर्ने केहीमाथि अदालतमा उजुरी परे पनि अन्तिम फैसला भएको छैन ।

प्रतिवेदनमा राजधानीमै ठूलो क्षेत्रफलमा सरकारी, सार्वजनिक जग्गा अतिक्रमण र किनबेचसमेत भएको र काठमाडौँ उपत्यकाका खोलाकिनारमा करिब सातसय रोपनी जग्गा अतिक्रमण भएको उल्लेख छ । ती जग्गामा २२ वटा बस्ती बसेका छन् । खोला, नदी किनाराका अतिक्रमित जग्गा कतिपयले किनबेच गरेको समेत प्रतिवेदनमा उल्लेख छ । शासक दलहरूले आफ्ना कार्यकर्तालाई सुकुमवासीका नाममा देशभरीका नदी किनारामा बसालेको र अतिक्रमित जग्गामा घर टहरा बनाई भाडामा लगाएको पुरानो हो ।

बाँकेको बागेश्वरी गुठीको ९८४ बिघा जग्गा तत्कालीन महन्थसहित तीन सय व्यक्तिले अतिक्रमण गरे । सागरनाथ वन परियोजनाअन्तर्गत सर्लाहीको भरत तालआसपास करिब एक हजार ३१६ बिघा वन क्षेत्रको जग्गा अतिक्रमणमा छ । जनकपुर नगरपालिकाभित्र रहेका पोखरी, पोखरीको डिल, राम-जानकीलगायत प्रमुख मन्दिरहरू तथा गुठी जग्गाको संरक्षण र व्यवस्थापनका लागि सिफारिस गर्न बनेको उच्चस्तरीय कार्यदलले ३० बिघा राजगुठीको जग्गा अतिक्रमणमा परेको प्रतिवेदनमा उल्लेख छ । राम मन्दिर र लक्ष्मण मन्दिरको करिब १० बिघा जग्गा, राम मन्दिर, लक्ष्मण मन्दिर र कुवासमेत करिब सात बिघा जग्गा पनि अतिक्रमणमा परेको प्रतिवेदनमा उल्लेख छ ।

सगरमाथा राष्ट्रिय निकुञ्जको करिब ५० रोपनी जग्गा २०५८ सालमै किर्ते गरी अतिक्रमण गरिएको हालसम्म फिर्ता गरिएको छैन । काठमाडौँ बालुवाटारस्थित ललितानिवासको १४३ रोपनी सरकारी जग्गा अहिलेसम्म पनि सरकारको नाममा ल्याइएको छैन । ललितानिवासको सरकारी जग्गा हिनामिनाउपर अख्तियारले २०७६ माघ २२ मा भ्रष्टाचार मुद्दा दायर गरे पनि अन्तिम फैसला भएको छैन । काठमाडौँ ठमेलस्थित लिच्छवीकालीन विक्रमशील महाविहारको साढे २६ रोपनी जग्गा अतिक्रमण गरी बनाइएको 'छाया कम्प्लेक्स' भत्काउनुपर्ने जनताको मागमा पनि सरकार मौन रहेको छ । के शासक दलहरू एकै ड्याङका मूलाजस्तै हुन् ?

# संसद् पुन:स्थापना : गणतन्त्र स्थापनाको आधार

✍ विवेक

**नयाँ सरकारले विद्यार्थी युनियनमाथि प्रतिबन्ध, शिक्षक कर्मचारी राजनीतिमा लाग्न नहुने, दलीय संरचनामाथि अङ्कुश लगाउनेलगायत व्यवहार गर्दै छ । त्यो कतै राजा ज्ञानेन्द्रले २०६१ माघ १९ पछि लिएको मार्ग चित्रमा अगाडि बढ्न खोजेको त होइन भन्ने प्रश्न उठेको छ । गलत बाटोमा हिँड्नेहरूले क्षणिक सफलता पाए पनि अन्ततः असफल हुने निश्चित छ । बालेन सरकारले यो कुरा बुझ्फेन भने नेका, एमाले र माओवादीकै नियति भोग्नु पर्नेछ ।**

वैशाख ११ गते नेपालको राजनीतिक इतिहासमा एक महत्त्वपूर्ण दिन हो । २०६३ साल वैशाख ११ गते सात राजनीतिक दल नेमकिपा, नेका, एमाले, वाममोर्चा, जनमोर्चा, नेसपा (आ.) लगायत सात दलको संयुक्त शान्तिपूर्ण जनआन्दोलन र माओवादीसमेत आठ दलको आन्दोलनले नेपालमा संसद् पुन:स्थापना भएको थियो । त्यो नेपालको इतिहासमा अभूतपूर्व घटना थियो । त्यही घटनाले नेपालको राजनीतिलाई अग्रगामी दिशातर्फ अगाडि बढ्न बाटो खोलेको थियो ।

२०५९ असोज १८ गते तत्कालीन राजा ज्ञानेन्द्रले तोकिएको समयमा निर्वाचन गर्न नसकेकोमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई अक्षम घोषणा गरी पदबाट हटाएका थिए । दलको विरोध तथा अन्य विविध कारण ज्ञानेन्द्र पनि निर्वाचन गर्न असफल भए ।

२०४६ सालपछि बनेका दलका सरकारहरूले जन आन्दोलनको भावनाअनुसार काम गर्न नसकेको, नेका र एमालेजस्ता शासक दलहरूले श्वेच्छाचारी शासन गरेको, भ्रष्टाचार चरम चुलिमा पुगेको, नातावाद, क्रिपापाद र भागबन्डा, पक्षपातले गर्दा दलहरूप्रति जनतामा वितृष्णा बढ्दै थियो । त्यही समयमा राजाले शासनसत्ता हातमा लिएपछि दलहरूको शासनबाट वाक्कदिक्क भएका जनता नेका र एमालेको आव्हानमा सडकमा निस्कन तयार भएनन् । कहिले चार दल, कहिले पाँच दल र कहिले सात दल गरी संयुक्त आन्दोलनहरू ऋगाडि बढ्दै गएपछि जनता विस्तारै दलहरूको पछि लाग्न थाले । शासक दलहरू एमाले र नेकाका नेताहरू सार्वजनिक रूपमै अब विगतको गल्ती नदोहोऱ्याउने प्रतिबद्धता जाहेर गर्न बाध्य भए । राजा आफ्नो अनुकूलको शासन गर्न असफल हुँदै गए । २०६१ साल जेठ २० गते राजदरबारले पुन: देउवालाई नै प्रधानमन्त्री नियुक्त गरे ।

राजाले दलहरूबिच फूट ल्याउन अनेकौं दाउपेच गरे । देउवालाई नै पुन:प्रधानमन्त्री नियुक्त गरेको प्रस्ट भयो । एमाले महासचिव माधवकुमार नेपाल दरबारले 'स्वच्छ छविको प्रधानमन्त्रीको लागि' प्रस्ताव आह्वान गर्दा दलहरूको सिफारिसमा दर्खास्त हाल्न तयार थिए । तर, प्रधानमन्त्री जस्तो पद खरिदारको जस्तो निवेदनमा जान नहुने तर्क गर्दै कसैको पनि नाम सिफारिस नगरेपछि नेपालले आफूलाई प्रधानमन्त्री नियुक्तिको लागि दरबारमा निवेदन हालेको खुलियो । दरबारले भने उनलाई नियुक्त गरेन । पछि देउवाकै नेतृत्वमा प्रतिगमन आधा सच्चियो भनी सरकारमा गयो । एमालेले दलहरूलाई दिएको त्यो ठुलो धोका थियो । त्यसको मूल्य एमालेले धेरै समयसम्म चुकाइरहनु पर्नेछ ।

२०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले सम्पूर्ण सत्ता हातमा लिई दलहरूलाई खुला गतिविधि गर्नसमेत अघोषित प्रतिबन्ध लगाए । सञ्चारमाध्यममा सेन्सरसीप लागू गरियो । नेताहरूमाथि गिरफ्तार र वारेन्ट जारी गरियो । निर्दलीय पञ्चायती व्यवस्था पुन:स्थापनाकै अवस्थामा पुऱ्याइयो । दलहरूबिच भित्र भित्र दरबारले खेल्दै थियो । दरबारियाहरू दलहरूबिच अन्तरविरोधहरू चर्काउन कम्मर कसेर लाग्यो । तर, त्यो लामो समय टिकेन ।

नेमकिपालगायत सात राजनीतिक दल संसद् पुन:स्थापनाको एकबुँदे मागमा अघि बढ्न थाले । सशस्त्र सङ्घर्षरत माओवादीहरूले संविधानसभाको माग गर्न थाले । सात राजनीतिक दलहरूबिच बैठकमा जनमोर्चा नेपालले संविधानसभाको मागको बारे उठाउने गर्थ्यो । सुरुमा संविधानसभाको निर्वाचनमा जान शान्तिपूर्ण आन्दोलनरत राजनीतिक दलहरू तयार थिएनन् । त्यतिबेला तीनबाट शक्ति समानान्तर रूपमा अगाडि बढ्दै थियो - दरबार, सात दल र माओवादी । दुइ शक्ति एक ठाउँमा आउनासाथ अर्को शक्ति कमजोर हुने स्पष्ट थियो । त्यही बेला सात दल र माओवादीबिच २०६२ मङ्सिर ७ गते १२ बुँदे सम्झौता भयो । दिल्लीमा सम्झौता नाम दिइएको उक्त सम्झौतामा कतिपय राजनीतिक दलहरूले काठमाडौँमा हस्ताक्षर गरेका थिए । त्यसमा निरङ्कुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापना, संसद्को पुन:स्थापना र सहमतिको आधारमा संविधानसभाको निर्वाचन गर्ने उल्लेख थियो ।

१२ बुँदे सहमतिमा संविधानसभाको उल्लेख भए पनि त्यसको १ वर्षअघि नै दलहरूको बैठकमा भारतीय राजदूतको हवाला दिँदै नेकाका सभापति गिरिजाप्रसाद कोइरालाले त्यो प्रसङ्ग उठाएका थिए । २०६१ साल असार ६ गते कुपण्डोलमा बसेको चार दल (नेमकिपा, नेका, जनमोर्चा र नेसपा (आ.) को बैठकमा सभापति कोइरालाले भनेका थिए - "भारतीय राजदूतले तपाईंहरू किन संविधानसभा भन्नुहुन्न" भनी सोधेको जानकारी दिएका थिए । यसले संविधान सभाको माग नेपाली जनताको भन्दा भारतको चासोको विषय रहेछ भन्ने प्रस्ट थियो ।

संसद् पुन:स्थापनाको मागलाई अगाडि बढाउँदा एमाले त्यस मागप्रति कहिल्यै सकारात्मक थिएन । एमालेका वर्तमान अध्यक्ष के.पी. ओलीले भनेका थिए - मरेको मान्छे ब्युउँते मात्र संसद्को पुन:स्थापना हुन्छ । नेमकिपाले सुरुदेखि नै संसद् पुन:स्थापनालाई जोड दिँदै थियो । अन्ततः जनआन्दोलनको बलमा २०६३ साल वैशाख ११ गते संसद् पुन:स्थापना भयो । एमाले नेतृत्वले संसद् पुन:स्थापना सुनिश्चित भएपछि ३ घण्टा अगाडि मात्रै संसद् पुन:स्थापनाको माग गर्ने निर्णय गरेको थियो ।

संसद् पुन:स्थापनापछि अन्तरिमा संविधान निर्माण गरियो । अन्तरिम संविधानमा संविधानसभाको निर्वाचन गरी संविधानसभाको पहिलो बैठकले गणतन्त्र कार्यान्वयन गर्ने उल्लेख गऱ्यो । अन्तरिम संविधानअनुसार २०६४ सालमा संविधानसभाको निर्वाचन भयो । त्यसले धेरै काम सम्पन्न गरे पनि संविधान घोषणा गर्न भने सकेन । २०७० सालमा भएको संविधानसभाको निर्वाचनपछि २०७२ साल असोज ३ गते संविधान घोषणा गरियो । त्यही संविधानले गणतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता, समावेशीतालाई संस्थागत गर्यो ।

नयाँ संविधान कार्यान्वयनको एक दशकसम्म पनि दलहरूको व्यवहारमा कुनै सुधार आएन । शासक राजनीतिक दलहरूबिच शक्ति सङ्घर्ष, भ्रष्टाचार, भागबन्डा, शोषणले चरम रूप लियो । जनताको जीवनस्तरमा कुनै सुधार आएन । महँगीले जनता बाँच्नै नसक्ने अवस्थामा पुगे । बेरोजगारीका कारण युवा जति खाडी मुलुकमा गएर श्रम बेच्न बाध्य भए । राम्रा शिक्षक, प्राध्यापक, वैज्ञानिक, डाक्टरजस्ता बौद्धिक व्यक्तिहरू विदेश पलायन हुँदै गए । देशमा उत्पादन केही भएन । व्यापार घाटा बढ्दै गयो, विदेशी ऋण ठेग्नै नसक्ने गरी बढ्यो । हुँदा हुँदा दाल, चामल, फलफूल, माछा मासुजस्ता कृषिजन्य वस्तु पनि वर्षको खर्बौंको आयात गर्नुपर्ने अवस्थामा पुग्यो ।

युवाहरूमा यी र यस्ता कुराहरूले शासक राजनीतिक दलहरूप्रति वितृष्णा जाग्दै गयो । देशको अवस्था सुकेको जङ्गलजस्तै बनेको थियो । जो सुकैले सलाइको काँटी कोरेको खण्डमा डढेलो लाग्ने अवस्था थियो । भदौ २३ र २४ गते त्यस्तै भयो । जेनजीको नाउँमा शान्तिपूर्ण आन्दोलनको घोषणा गरियो । त्यसमा अर्कै तत्त्वले फाइदा लियो । सरकारले बिनासोच विचार युवा विद्यार्थीहरूको प्रदर्शनमा गोली चलाएर हत्या गर्यो । त्यसको आक्रोसमा भदौ २४ गते विभिन्न तत्त्वहरूले सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतलगायत सयौँ सरकारी भवन, प्रहरी कार्यालयहरू, नेताहरूका घरहरू खरानी बनाए । त्यही घटनाले २०८४ सालमा हुने चुनाव २०८२ सालमा भयो । निर्वाचनमा रास्वपाले झण्डै दुईतिहाइ सांसदहरू जित्यो । शासक दलहरूले यसअघि गरेका गल्तीहरूलाई जनताले दण्ड दिएर चुनावमा हराइदिएका हुन् । विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्ने सांसदहरूले आ-आफ्नो चरित्र प्रदर्शन गर्न थालेका छन्

नेपालको राजनीतिलाई यो अवस्थासम्म ल्याउन योगदान गर्ने राजनीतिक दलहरूलाई वर्तमान सरकारको नेतृत्व गर्ने दलका सांसदहरूले भुल्ने गल्ती गरेमा इतिहासले माफी दिने छैन । २०६३ साल वैशाख ११ गते संसद् पुन:स्थापना भएकै कारण देशमा संविधानसभाको निर्वाचन, सङ्घीयता, गणतन्त्र र आजको अवस्थामा पुग्न सम्भव भएको हो । त्यसको लागि धेरैले रगत बगाए, धेरैले जेल जीवन बिताए, धेरैले प्रवास र भूमिगत जीवन बिताए । ती सबैको योगदानको कारण नेपालको राजनीतिक अवस्था यहाँसम्म आइपुगेको हो ।

नयाँ सरकारले विद्यार्थी युनियनमाथि प्रतिबन्ध, शिक्षक कर्मचारी राजनीतिमा लाग्न नहुने, दलीय संरचनामाथि अङ्कुश लगाउनेलगायत व्यवहार गर्दै छ । त्यो कतै राजा ज्ञानेन्द्रले २०६१ माघ १९ पछि लिएको मार्ग चित्रमा अगाडि बढ्न खोजेको त होइन भन्ने प्रश्न उठेको छ । गलत बाटोमा हिँड्नेहरूले क्षणिक सफलता पाए पनि अन्ततः असफल हुने निश्चित छ । बालेन सरकारले यो कुरा बुझ्फेन भने नेका, एमाले र माओवादीकै नियति भोग्नु पर्नेछ ।

## सन्दर्भ : किर्गिस्तानको 'ट्युलिप क्रान्ति'

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – २३

✍ रामरतन चौधरी

'रङ्गीन क्रान्ति' (Colour Revolution) पूर्वी युरोपको कम्युनिस्ट प्रभावित देशहरूबाट सुरु भइ मध्यपूर्व र एशियामा पनि फैलियो । सन् १९९१ मा सोभियत रुस विघटन भएर बनेका देशहरूमा यसको सुरुआत भएको थियो । संरा अमेरिका तथा पश्चिमाद्वारा प्रायोजित यो रङ्गीन क्रान्तिको उद्देश्य रुसी प्रभाव कमजोर बनाई कम्युनिस्ट प्रवाहलाई रोकेर आफू अनुकूल शासन सत्ता स्थापित गर्नु हो । भ्रष्टाचार, गरिबी, असमानताजस्ता विषयलाई देखाएर उपद्रव गराउने र शासन परिवर्तन गराउने यसको चरित्र र उद्देश्य रहेको देखिन्छ । कुनै एउटा फूल र रङ्गलाई प्रतीक मानेर गरिने 'अहिंसात्मक क्रान्ति' भनिए पनि यसमा हिंसा जोडिएरै आएको हुन्छ ।

**किर्गिस्तान**

मध्य एसियामा अवस्थित पहाडी भूभाग भएको एक भूपरिवेष्ठित देश हो किर्गिस्तान । यसलाई मध्य एसियाको 'स्वीजरल्याण्ड' पनि भनिन्छ । यहाँ स्वीजरल्यान्डमा जस्तै हिउँले ढाकिएका पहाडि परिदृश्य धेरै छन् । यहाँ अल्पाइन घाँसे मैदान र हिमनदीहरूको बाहुल्यता रहेको छ । किर्गिस्तान पदयात्रा र घोडसवारीको लागि पनि प्रमुख गन्तव्यको रूपमा रहेको छ । यसको उत्तरमा काजकिस्तान, पश्चिम र दक्षिण-पश्चिममा उज्वेकिस्तान, दक्षिणमा ताजकिस्तान र पूर्व र दक्षिण-पूर्वमा चीनसँग सिमाना जोडिएको छ । यसको राजधानी बिस्केक (Bishkek) हो । किर्गिज जातिको बाहुल्यता रहेको यो देशमा उज्वेक र रसियनहरू अल्पसङ्ख्यक रूपमा रहेका छन् । यो देश २५ डिसेम्बर १९९१ मा सोभियत रुसबाट अलग भएको थियो ।

***'ट्युलिप क्रान्ति'***

सोभियत रुसबाट अलग भएको किर्गिस्तानमा आस्कर अकायभ (Askar Akayev) प्रथम राष्ट्रपति भएका थिए । यसैकारण संरा अमेरिकाले सन् २००५ मा किर्गिस्तानमा उपद्रव मच्चाउन सहयोग गऱ्यो । जसलाई 'ट्युलिप क्रान्ति' भनियो । राष्ट्रपति अकायभ आफैले 'ट्युलिप क्रान्ति' को नाम दिएका थिए । उनले एउटा कार्यक्रममा किर्गिस्तानमा प्रदर्शनकारीहरूलाई शान्त बनाउने उद्देश्यले 'ट्युलिप क्रान्ति' जस्तो 'रङ्गीन क्रान्ति' हुनु हुँदैन भनेर भाषण दिएका थिए । तर, यसैले अकायभको जरो उखेल्यो । यसलाई शान्तिपूर्ण, लोकतान्त्रिक सङ्क्रमणको सङ्केतको रूपमा नामाकरण गरिएको थियो ।

वसन्त ऋतुमा फुल्ने 'ट्युलिप' एक प्रकारको सुन्दर फूल हो । यो फुल युरोपमा धेरै लोकप्रिय छ । गहिरो प्रेम, पुनर्जन्मको गहिरो आध्यात्मिक अर्थ र परोपकारको प्रतीकसँग पनि यसको अर्थ जोडिएको छ । सन् २००५ मा यो फूलको रङ्ग भएको झन्डा बोकेर किर्गिस्तानका राष्ट्रपति आस्कर अकायेवविरुद्ध प्रदर्शन सुरु भएको थियो । यसलाई 'गुलाबी', 'कागती' वा 'रेशम क्रान्ति' पनि भनियो । यो जर्जिया र युक्रेनमा भइसकेका रङ्गीन क्रान्तिकै निरन्तरता थियो ।

अकायेब स्वतन्त्र किर्गिस्तानका पहिलो राष्ट्रपति हुन् । सन् १९९१ मा पनि आकायभ उम्मेदवार भएर ९५ प्रतिशत मत पाएका थिए । उनीविरुद्ध सबै विपक्षी एकजुट भए । उनलाई भ्रष्टाचार र अधिनायकवादको आरोप लगाइयो । सन् २००५ को २७ फेब्रअरी र १३ मार्चमा सम्पन्न संसदीय निर्वाचनपछि राजधानी विश्केकको संसद् भवनबाहिर आकायभ सरकारविरुद्ध प्रदर्शन भयो । यो प्रदर्शन दक्षिणी किर्गिस्तानबाट सुरु भएर राजधानीमा फैलिएको थियो । उक्त प्रदर्शनमा विपक्षी नेता कुर्मानबेक बाकिएभ (Kurmanbek Bakiyev) पनि सहभागी भएका थिए । बाकियभ र २२ जना विपक्षी सांसदहरूले अकायेभविरुद्ध 'अविश्वास' को प्रतीकात्मक मतदान गरेका थिए ।

सन् २००५ को संसदीय निर्वाचनमा अकायभ नेतृत्वको सत्तारुढ पार्टीले राम्रो नतिजा प्रात गरेको थियो भने निर्वाचन शान्तिपूर्ण नै सम्पन्न भएको थियो । चुनाव शान्तिपूर्ण तथा सफल रहे पनि अमेरिकी तथा पश्चिमा पर्यवेक्षकहरूले स्वतन्त्र र निष्पक्ष चुनावका गुणहरू पूरा गर्न नसकेको भन्दै आलोचना गरे । त्यसपछि किर्गिस्तानको दक्षिणी र पश्चिमी भूभागहरूमा तुरुन्तै विरोध प्रदर्शन सुरु भयो । विपक्षीहरूले अकायभको प्रशासनमाथि औँला तेर्स्याए । विपक्षीहरूले सरकारी भवनहरू कब्जा गरेर राष्ट्रपतिको राजीनामा माग गरे ।

२००५ मार्चको अन्त्यमा सर्वोच्च अदालतले निर्वाचन स्वतन्त्र र निष्पक्ष भएको फैसला सुनाएको थियो । तर, पनि विरोध रोकिएन । प्रदर्शनको क्रममा भिडले राजधानी विश्केकमा लुटपाटसमेत मच्चाएको थियो भने ठुल्ठुला भवनहरूमा आगजनी गराइएको थियो । प्रदर्शनमा ३ जनाको मृत्यु भएको थियो । प्रदर्शन उग्र हुनथालेपछि अकायभ २४ मार्चमा कजाकस्तान हुँदै रुस भाग्न बाध्य भए । रुसमा पुटिनले उनलाई निर्वासनमा बस्न अनुमति दिए । त्यसको एक महिनापछि अप्रिल ३ मा उनले राजीनामा दिए । आकायभको राजीनामापछि उनका प्रधानमन्त्री निकोलाई तानायभ (Nikolai Tanayev) ले पनि राजीनामा दिए । राजीनामासँगै किर्गिस्तानको सत्ता परिवर्तन भयो । उनीपछि जुलाई १० को निर्वाचनमा कुरमानबेक बकियभ (Kurmanbek Bakiyev) ले ९० प्रतिशत मत ल्याएर राष्ट्रपति बने । यो चुनावमा भने पश्चिमी पर्यवेक्षकहरूले चुनाव शान्तिपूर्ण रहेको भन्दै निर्वाचन सञ्चालनको प्रशंसा गरे ।

**अमेरिकाको हात**

किर्गिस्तानमा उपद्रव गराउने बहानाको निम्ति सन् २००५ मार्च ३ को दिन विपक्षी नेता रोजा ओटुनबायभा (Roza Otunbayeva) को अपार्टमेन्टमा बम विस्फोट गराइएको थियो । उनी किर्गिस्तान कम्युनिस्ट पार्टीको लेनिन राइकोम (जिल्ला परिषद्) का दोस्रो सचिव थिइन् । तर, विस्तारै उनी पश्चिमी खेमामा उभिन पुगिन । उनको राजनीतिक जीवन पश्चिमाकरण भयो । २००५ को क्रान्तिपछि उनी अन्तरिम सरकारको कार्यवाहक विदेशमन्त्री र संरा अमेरिका र बेलायतको लागि राजदूतको रूपमा काम गरेकी थिइन् ।

कुरमानबेक बकियभ राष्ट्रपति बनेपछि जनताले सोचे अब देशमा परिवर्तन हुन्छ । तर, जनताको अपेक्षाअनुसार केही परिवर्तन भएन । पाँच वर्षपछि (सन् २०१०) किर्गिस्तानमा फेरि उस्तै रङ्गीन क्रान्ति भयो । त्यसमा करिब ८०-९० जना मानिसहरूको मृत्यु भएको थियो भने हजारौँ प्रदर्शनकारी घाइते भएका थिए । भनिन्छ, बकियभलेसन् २००१ देखि अमेरिकाले प्रयोग गर्दै आएको किर्गिस्तानको मानस एयरवेसबाट अमेरिकी सेनालाई हटाउने घोषणा गरेपछि दोस्रो 'ट्युलिप क्रान्ति' भएको हो । अमेरिकाले उक्त एयरबेसलाई 'अफगानिस्तान स्थायी स्वतन्त्रता सञ्चालन' (Operation Enduring Freedom) को लागि रसद, हवाई इन्धन भर्ने र एयर लिफ्ट हबको रूपमा रणनीतिक ट्रान्जिट केन्द्र बनाएको थियो । त्यहाँबाट अफगानिस्तानको काबुल ९० मिनेटको हवाई दुरीमा रहेको छ । रुसले किर्गिस्तानमा रहेको उक्त अमेरिकी एयरवेसलाई हटाउन दबाब दिएपछि बकियभ अमेरिकी बाध्य भए । यसकारण, अमेरिकाले बकियभलाई हटाउन रङ्गीन क्रान्ति पुन: गरायो । बकियभपछि बनेको नयाँ राष्ट्रपतिले पनि किर्गिस्तानमा केही परिवर्तन गर्न सकेनन् ।

संरा अमेरिकालाई अकायभ रुसी राष्ट्रपति पुटिनको पक्षमा पुग्लान भन्ने ठुलो डर थियो । फेव्रअरी २००५ को वाल स्ट्रिट जर्नलको रिपोर्टअनुसार अमेरिकी सरकारले गैरसरकारी संस्थाको माध्यमबाट चुनावभन्दा पहिला नै किर्गिस्तानका विपक्षी पार्टीलाई आर्थिक सहयोग गरेको खुलासा भयो ।अमेरिकी राजदूतले पनि सार्वजनिक रूपमै आकायभलाई राष्ट्रपतिको अर्को कार्यकाल त्याग्न आग्रह गरेका थिए । यसरी किर्गिस्तानको 'टुयुलिप क्रान्ति' मा अमेरिकाको हात रहेको पुष्टि हुन्छ ।

*२०८३ वैशाख १३ गते*

अपिल

# 'विश्वका मजदुर एक होऔँ'
# १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस

**मजदुर साथीहरू,**
**न्यायप्रेमी दिदी-बहिनी तथा दाजुभाइहरू,**

### अमेरिका, स्वतन्त्रता आन्दोलनको भूमि

सन् १४९२ मा पोर्चुगलका यात्री क्रिस्टोफर कोलम्बसले अमेरिका पत्ता लगाए । उनलाई स्पेनका राजाले सहयोग गरेका थिए । अमेरिकामा युरोपेलीहरूको बस्ती विस्तार भयो । सन् १६०७ मा बेलायतीहरूले पनि अमेरिकामा बस्ती बसाउन थाले । बेलायत संसारभरि साम्राज्य विस्तारमा लाग्यो र उसले सन् १७६३ मा अमेरिकाको पश्चिमतिर बस्ती विकासमा प्रतिबन्ध लगायो भने हरेक सामानमा कर लगाउने उद्देश्यले सन् १७६५ मा 'टिकट कर' लगायो ।

सन् १७७४ मा अमेरिकाको फिलाडेल्फियामा भएको बैठकले अमेरिकी जनताको स्वीकृतिबिना लगाइएको बेलायती कर फिर्ता गर्न आह्वान गऱ्यो । सन् १७७५ मा बेलायती सेना र अमेरिकी सेनाबिच शत्रुता बढ्दै गयो । सन् १७७६ मा अमेरिकी जनताको इच्छाअनुसार अमेरिकाका १३ वटा राज्य स्वाधीन घोषणा भए । अमेरिकी सेनापति जर्ज वासिङ्टनको नेतृत्वमा सञ्चालित गुरिल्ला युद्धमा सन् १७८१ मा बेलायती सेनाले आत्मसमर्पण गऱ्यो भने अमेरिकी जनताले विजय प्राप्त गरे । यसरी बेलायती उपनिवेशविरुद्धको स्वतन्त्रता आन्दोलनको भूमि अमेरिका बन्यो ।

### अमेरिका, मे १ को मजदुर आन्दोलनको भूमि

आजभन्दा दुई-तीन सय वर्षअघि मजदुरहरूले दिनको १८-२० घण्टासम्म काम गर्नुपर्थ्यो । नाबालकलाई समेत दिनको १२-१३ घण्टा काम गराइन्थ्यो । कामको ज्यालाबाट मजदुरलाई खोर्सानीसँग सुख्खा रोटी आधा पेटमात्र खान पुग्थ्यो । मजदुरको बास छाप्रोमा हुन्थ्यो ।

सन् १८३१ मा फ्रान्सका मजदुरहरूले 'काम गर्दै बाँचौं, लड्दा लड्दै मरौँ !' नारा लेखिएको झण्डा (ब्यानर) बोकेर सहर कब्जा गरे । सन् १८४८ मा मार्क्स-एङ्गेल्सले कम्युनिस्ट घोषणापत्रमा "मजदुर वर्गसँग हार्नको लागि आफूलाई बाँधिएको सिक्रीबाहेक अरु नभएको तर जित्नको लागि सारा संसार भएको" स्पष्ट पार्नुभयो । सन् १८३७ देखि १८५४ सम्ममा बेलायतका ५० लाख मजदुरको हस्ताक्षरसहितको मागपत्र ( चार्टर) संसद्मा पेस भयो । सन् १८७१ मा मजदुरहरूको राज्य 'पेरिस कम्युन' गठन भयो । तर, क्रान्तिकारी सिद्धान्त बोकेको मजदुर सङ्गठनको अभाव, मजदुरहरूमा विभाजन र मजदुर सङ्गठनमा प्रतिक्रियावादी गुप्तचरहरूको घुसपैठ एवम् विदेशी बैङ्कलाई तुरुन्त कब्जा नगरिँदा पेरिस कम्युन तीन महिनामात्र टिक्यो ।

सन् १८८६ को मे १ मा संरा अमेरिकाका मजदुरहरूले ८ घण्टा कामको समय र ज्याला बढाउने माग राखी देशव्यापी हडतालको आह्वान गरे । शिकागो सहर आन्दोलनको केन्द्र थियो । आन्दोलनमा सरकारका गुप्तचरहरूले नै पुलिसमाथि बम हाने भने प्रतिक्रियावादी सरकारले मजदुर आन्दोलनमाथि गोली बर्साएर दमन गऱ्यो । संरा अमेरिकाभरिका मजदुरहरू ज्वालामुखीझैँ उठे । आठ घण्टाको काम र ज्याला बढाउने मजदुरहरूको माग पूरा भयो । सन् १८८९ मे १ मा फ्रान्सको राजधानी पेरिसमा एङ्गेल्सको नेतृत्वमा विश्वका मजदुरहरूको भेला भयो । सो भेलाले संरा अमेरिकाको शिकागो सहरबाट उठेको मे १ को मजदुर आन्दोलनको दिनमा अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाउने निधो गऱ्यो । पेरिस कम्युनको शिक्षा लिएर लेनिनले बोल्शेभिक पार्टीको नेतृत्वमा सन् १९१७ मा रुसमा समाजवादी क्रान्ति सम्पन्न गर्नुभयो । संसारभरि मनाइरहेको अहिलेको दिवस संरा अमेरिकाको शिकागो सहरको मजदुर आन्दोलनको सिलसिला हो ।


### संरा अमेरिकामा पनि समाजवाद आउने

यतिखेर ट्रम्प प्रशासनले रुसविरुद्ध युक्रेनमा छद्म युद्ध, प्यालेस्टिनमा नरसंहार तथा भूमि कब्जा र इरान एवम् मध्यपूर्वका देशहरूमा युद्ध छेडेर अक्षम्य अपराध गऱ्यो । भेनेजुयलाका राष्ट्रपति माडुरो दम्पतीको अपहरण गरी न्युयोर्कमा झूटा मुद्दा लगाउने अत्याचार गर्दै छ । सार्वभौम देशहरूमाथि ट्रम्पको सैन्य आक्रमण र व्यापार युद्धले संसारमा इन्धन, आर्थिक र खाद्यान्न सङ्कट बढ्यो । संरा अमेरिकामा हुने-खाने र हुँदा-खाने, काला र गोरा, स्थानीय र आप्रवासीबिच भेदभावको विरोधमा पनि आन्दोलन भइरहेको छ । करोडौँ अमेरिकी जनता ट्रम्प प्रशासनले देश र विदेशमा गरिरहेको अत्याचारको विरोधमा सङ्घर्ष गर्दै छन् । संरा अमेरिकाको हतियारको घमण्ड समाप्त हुँदै छ । प्रतिक्रियावादीहरूको नेतृत्वमा रहेको ट्रम्प प्रशासन र अमेरिकी साम्राज्यवाद ढल्नेछ । संरा अमेरिकामा पनि समाजवाद आउनेछ ।

### नेपालका मजदुर आन्दोलन र मजदुर सङ्घमा शासक दलहरूको कब्जा !

बहुदलीय व्यवस्था पुन:स्थापनाको ३५ वर्षयता संयुक्त वा पालैपालो सरकारमा गएका नेका, एमाले, माओवादी, जसपा, राप्रपा, राजमो र रास्वपालगायत पार्टीले देश र जनताका समस्या समयमा समाधान गरेनन् । ती शासक दलले सार्वजनिक संस्थानहरू निजीकरण गरे; युवालाई भिजिट भिसाको नाममा वैदेशिक रोजगारीमा पठाए; कृषिप्रधान देश नेपाललाई दाल, चामल, तरकारी, फलफूलसमेत आयात गर्नुपर्ने परनिर्भर बनाए ।





शासक दलहरूले नेपालका नदीनाला कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, पश्चिम सेती, सेती-१, अरुण तेस्रो, तल्लो अरुण, अरुण चौथो, मुगु कर्णाली, तिला-१, तिला-२ भारतीय एकाधिकार पुँजीलाई दिए; नेपालमा बिजुली बाल्ने र निभाउने समेत दिल्लीमा राख्ने 'विद्युत् ग्रीड सम्झौता' पारित गरे; नेपालमा अमेरिकी नीति एवम् कानुन पालना गर्नुपर्ने, योजनामा भारतीय सहमति चाहिने 'एमसीसी सम्झौता' र सौर्य ऊर्जा उत्पादन गर्न दिल्लीस्थित मुख्य कार्यालयमा अनुमति लिनुपर्ने 'सौर्य गठबन्धन सम्झौता' पारित गरे । शासक दलहरूले नेपाली युवालाई 'भाडाको सिपाहीँ' बनाउने सन् १९४७ को 'गोर्खा भर्ती' र नेपाललाई भारतको सुरक्षा छातामा राख्ने 'सन् १९५० को नेपाल-भारत सन्धि' खारेज गरेनन् भने नेपालको खुला सिमानामा इलामको पशुपतिनगरदेखि सप्तरीको तिलाठी र लालापट्टि हुँदै नवलपरासीको सुस्ता, महाकालीको दोधारा चाँदनी, लिपुलेक, कालापानी, लिम्पियाधुरासम्म भारतीय विस्तारवादले अतिक्रमण गरेको नेपाली भूमि फिर्ता गरेनन् ।

यी विषयबारे नेपाल मजदुर किसान पार्टीले सडक र सदनमा शासक दलहरूलाई खबरदारी गर्दै आएको हो तर शासक दलहरू सचेत भएनन्, उल्टो घमण्डी भए । सरकारहरूले देशलाई वर्षको हाराहारी १५ खर्ब रुपैयाँ व्यापार घाटा पुऱ्याए; सिंहदरबारलाई भ्रष्टाचारको अखडा बनाए, सारमा शासक दलहरू र सरकार 'बाँदरको हातमा नरिवल' जस्तै भए । यो जनताको सरलतामाथि शासकहरूको धोका हो । शासक दलहरूले नेपालको मजदुर आन्दोलन तथा मजदुर सङ्घलाई समेत आतङ्कित पारेर कब्जामा राखे । मजदुरको हितमा कानुन बनाइएन ।

### जेनजी आन्दोलन र प्रतिनिधिसभाको निर्वाचन

नेकाको समर्थनमा बनेको एमालेको केपी ओली सरकारले नियमनमा नआएका सामाजिक सञ्जाललाई २०८२ भदौ १९ गतेबाट रोक लगायो । केही गैरसरकारी संस्थाले भदौ २३ गते विद्यालय र कलेज पोशाकमा विद्यार्थीहरूलाई बोलाई काठमाडौँ माइतीघरमा सामाजिक सञ्जाल फुकुवा र सुशासनको माग राखी आन्दोलन गरे । नेपाल क्रान्तिकारी मजदुर सङ्घको मातृपार्टी नेपाल मजदुर किसान पार्टीले भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण तथा ठूला भ्रष्टाचारीहरूलाई मृत्युदण्डसमेतको सजाय हुने कानुनी व्यवस्थाको लागि धेरै अगाडिदेखि आवाज उठाउँदै आएको हो । शासक दलहरूले यो संवेदनशील विषयलाई महत्त्व दिएनन् ।

भदौ २३ गते बोटबिरुवासमेत नभाँची शान्तिपूर्ण ढङ्गमा गर्ने भनिएको जेनजी आन्दोलन नयाँ बानेश्वरमा पुग्दा कर्फ्यु आदेश अवज्ञाको स्थितिमा पुग्यो । आन्दोलनमा काठमाडौँमा १७ र सुनसरीमा २ जनाको ज्यान गयो । भदौ २४ गतेको उपद्रवमा संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत देशभरिका कतिपय सरकारी कार्यालय र निजी घरहरूमा आगजनी भयो । भदौ २४ गते अपराह्न प्रधानमन्त्री केपी ओलीले राजीनामा दिए । दुवै दिनको घटनामा नागरिक र सुरक्षाकर्मीसहित मृत्यु हुनेको सङ्ख्या ७४ पुग्यो ।

राष्ट्रपति रामचन्द्र पौडेलले भदौ २७ गते संविधानविपरीत पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा निर्वाचन सरकार, प्रतिनिधिसभा विघटन र फागुन २१ गतेको लागि निर्वाचन घोषणा गरे । निर्वाचन सरकारले असोज ५ गते तीन महिनामा प्रतिवेदन पेश गर्ने गरी भदौ २३ र २४ गतेका घटनाबारे जाँचबुझ आयोग गठन गऱ्यो ।

सरकारले तीन महिनाभित्र प्रतिवेदन सार्वजनिक गराएन; समयावधि थप्दै फागुन २१ गतेको निर्वाचनमा रास्वपाको झन्डै दुईतिहाइ स्थान पुगेपछि मात्र प्रतिवेदन सार्वजनिक गऱ्यो । सो प्रतिवेदनमा भदौ २४ गतेको आगजनीबारे दोषी किटान नगरिएकोमा जनस्तरमा विरोध भयो ।

### जाँचबुझ आयोगसँग सरोकारवालाहरूको बयान कति संवेदनशील ?

आयोगको प्रतिवेदनमा राष्ट्रपति पौडेलदेखि तत्कालीन प्रधानमन्त्री ओली, गृहमन्त्री रमेश लेखक, सुरक्षा प्रमुखहरू, फिल्डमा खटिएका सुरक्षा अधिकारीहरूको बयान उल्लेख छ । भदौ २३ र २४ गतेको हत्या र आगजनी नेपालीबाट मात्र सम्भव नभएको, अमेरिकी एवम् भारतीय सरकारको हातसमेत हुन सक्ने टिप्पणीहरू सार्वजनिक भयो । आयोगमा केही अधिकारीहरूको बयानको सार सङ्क्षेप यसप्रकार छ :

काठमाडौँ उपत्यकाका प्रहरी नायव महानिरीक्षक, ओमबहादुर राना - "भदौ २३ गते विद्यालय पोशाकका विद्यार्थीबाहेक अज्ञात उत्तेजक तत्त्वको भिडले ढुङ्गा-मुढा, सावेल, घन प्रयोग गरी संसद् भवन र सुरक्षाकर्मीमाथि प्रहार गरे ।" काठमाडौँका प्रहरी नायब महानिरीक्षक, विश्व अधिकारी - "भदौ २४ गते नेपाली सेनालाई फिल्डमा खटाउने छलफल भएको थियो । आक्रमणकारीहरूले Netakhor.vercel.app प्लेटफर्ममार्फत आक्रमण स्थलको म्यापिङ गरेका थिए ।"

प्रहरी वरिष्ठ उपरीक्षक विमानस्थल, सोमेन्द्र सिंह राठोर - "भदौ २३ गते बानेश्वरमा संसद् भवनको उत्तर दक्षिण गेटमा सशस्त्र प्रहरीले खासै प्रभावकारी भूमिका नखेलेको र कर्फ्यु आदेश जारी हुँदा समेत संसद्को दक्षिण गेटमा सेना देखिए पनि प्रतिरक्षामा सक्रिय भएन ।"

काठमाडौँ प्रहरी उपरीक्षक केन्द्रीय विशेष कार्यदलका, अपिलराज बोहरा - "भदौ २४ गते प्रदर्शनमा लुटेरा, आपराधिक पृष्ठभूमिका व्यक्ति, जेल बसेर आएकाहरू, दिमागी मनोरोगी, प्रहरीका भगौडा, दु:ख दिने गुण्डाहरू, अभियुक्तहरूलगायत 'राजा आऊ देश बचाऊ' भनेर ४० वर्षभन्दा माथिकाहरूको घुसपैठ भएको विश्वास गर्दछु ।"

प्रहरी नायव उपरीक्षक एलिजा गिरी - "उच्छृङ्खल समूहले विद्यार्थीहरूलाई उक्साइरहेको थियो ।" नायव उपरीक्षक मधुकुमार थापा - "भदौ २३ गते नेतृत्वविहीन भिडले 'संसद् भवन जलाउने' जस्ता नारा लगायो ।"

प्रहरी नायव उपरीक्षक काठमाडौँका, सुन्दर तिवारी - "भदौ २३ गते TOB लेखिएको कालो टिशर्ट लगाएका १०० ओटा मोटरसाइकलमा आएका युवाहरूले भिडलाई उत्तेजित पारेका थिए । भदौ २४ गते डिस्कर्ड, रेडिटजस्ता सामाजिक सञ्जालमा नेपाल प्रहरीले होस्टलमा गई छात्राहरूलाई बलात्कार गरेको झूटा खबर फैलाइएको थियो ।"

प्रहरी नायव उपरीक्षक शुकदेव खनाल- "भदौ २४ गते भिड संसद्को २ नं गेटबाट प्रवेश गरेपछि संसद् परिसरभित्र रहेको नेपाली सेनाका चार ओटा ट्रकसहितका जनशक्ति पाँच मिनेटमा टोली बाहिर निस्किएको आश्चर्यजनक भयो ।"

### हत्या र आगजनीका दोषीमाथि कारबाही कहिले होला ?

प्रतिवेदनमा सुरक्षा निकायबिच समन्वय नभएका यस्ता बयान धेरै भेटिन्छन् । जेनजी आन्दोलनको उपद्रवमा अमेरिकाको 'अन्तर्राष्ट्रिय गणतान्त्रिक संस्था' (IRI), 'प्रजातन्त्रको लागि राष्ट्रिय सहयोग' (NED), 'अमेरिकी युवा परिषद्' (AYV), 'स्टुडेन्ट फर तिब्बत' (SFT), 'बारबरा फाउन्डेसन' लगायतको आर्थिक सहयोगमा नेपालका 'हामी नेपाल', 'तिब्बती शुद्ध रगत (TOB)' लगायत गैरसरकारी संस्थाहरू सञ्चालित भएको सार्वजनिक भयो । तर, ती कुनै पनि संस्थामाथि कारबाही गरिएन, किन ?

नेपाली नागरिक र सुरक्षाकर्मीसहित ७४ जनाको मृत्यु तथा संसद् भवन, सिंहदरबार, सर्वोच्च अदालतलगायत देशभरिका सरकारी र निजी भवनहरू आगजनी हुनुमा ती संस्था र त्यसमा संलग्न व्यक्तिहरू दोषी किन होइनन् ? के भदौ २३ र २४ गतेका भिडियोहरूमा सबै प्रमाण छताछुल्ल भएका होइनन् ? जाँचबुझ आयोगको प्रतिवेदनमा यी यथार्थ किन लुकाइए ? भदौ २४ गते देशभरि गरिएको हिंसा र आगजनीका दोषीहरूलाई कारबाही नहुनुपर्ने कारण के छ ? विदेशी डलरलाई खुला छोडिएकै कारण भदौ २३ र २४ गतेका घटनामा घुसपैठ सम्भव भएको किन होइन ? के यसमा राष्ट्रपति र तत्कालीन प्रधानमन्त्री दुवै दोषमुक्त होलान् ? देश जोगाउनुपर्ने राष्ट्रपति र प्रधानमन्त्रीले नेपाली सेनालगायत सुरक्षा निकायलाई सक्रिय नगरी राजीनामा दिएर भाग्नु नालायकी किन होइन ?

कुनै राजनीतिक दल र तिनका नेता कति वर्ष सरकारमा रहे भन्दा पनि तिनले देश र जनतालाई बचाउन सके कि सकेनन् भन्ने मुख्य हुन्छ । यति धेरै विध्वंस हुँदा नेका, एमाले, माओवादी सरकारहरूले ३५ वर्षयता आ-आफ्ना सङ्गठनमा लाखौँलाख सदस्य बनाएका कर्मचारी, शिक्षक, प्राध्यापक, मजदुर, किसान, युवा, विद्यार्थी कहाँ गए ? के नेका र एमालेका सरकारलाई सम्भावित विध्वंसको पूर्वजानकारी नहोला ? जरुर हुनुपर्छ । आफ्नै देशको सेनासँग डराएका नेका र एमाले भारत र संरा अमेरिकाको सेनासामु कसरी टिक्न सक्लान् ?

जाँचबुझ आयोगसँगको बयानमा राष्ट्रपतिले तत्कालीन प्रधानमन्त्री ओलीविरुद्ध कार्यकारी भूमिका निर्वाह नगरेको आरोप किन लगाए ? के राष्ट्रपतिले समयमै संविधानको परिपालन गरी संविधानभित्रबाटै मार्गप्रशस्त गरेको भए यतिका विध्वंस हुने थियो ? राष्ट्रपतिले संविधानबाहिर गएर निर्वाचन प्रधानमन्त्रीको नियुक्ति, प्रतिनिधिसभाको विघटन र निर्वाचन घोषणा किन गरे ?

यतिबेला भदौ २३ र २४ गतेका घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक नभइरहेको विषयमा जनताको चासो बढ्दो छ । सो प्रतिवेदनमा भदौ २४ गतेको आगजनीका दोषीहरूको नाम पनि किटान गरिएको सार्वजनिक भइरहेको छ । सो प्रतिवेदन सार्वजनिक गर्न मानव अधिकार आयोग कसको कारण, किन डराइरहेको छ ?

मान्छे फेरिँदैमा देश र जनताको बन्दोबस्त सुदृढ हुने होइन । शासक दल र तिनका नेताहरू इमानदार भएका भए विदेशीले औँला उठाउन सक्ने थिएनन् । शासक दलहरूका लाखौँ कार्यकर्तासहितका खोक्रा सङ्गठनहरू एउटै झट्कामा समाप्त भए । सरकारले विदेशी पैसाले देश सेवा गर्ने होइन, भित्री मनदेखि आत्मनिर्भर भएर सेवा गर्ने हो । २००७ साल र २०२८ सालको विद्रोह गरेको दाबी गरेका नेका र एमालेहरूले संरा अमेरिका र भारतसामु आत्मसमर्पण गरेको हुँदा आजको अवस्था आएको किन होइन ?

### रास्वपा सरकारको नीति पनि पुरानै !

संरा अमेरिकी प्रशासनले आफूले भनेजस्तै नबस्ने दक्षिण कोरियाको सिङमनरी र भियतनामको थ्युकी सरकारलाई समाप्त पारेको थियो । नेपालका सरकारहरूको अवस्था पनि उस्तै भइरहेको छ । राष्ट्रपति र प्रधानमन्त्री भएकाहरू होसियार हुनु जरुरी छ । देशद्रोह गर्नेहरू सजायको भागिदार हुनेछन् ।

रास्वपाको नयाँ सरकारले मुखले होइन व्यवहारले देश र जनताको सेवा गरेर देखाउनु जरुरी छ । भीमसेन थापाको हत्या र सुगौली सन्धिमा हस्ताक्षर गर्नेहरूका सन्तान को-को हुन् ? जनताले यो प्रश्न उठाउनैपर्छ । विश्लेषक एवम् पत्रकार अनिल गिरीले 'माउन्टेन टीभी' मा प्रश्न उठाए- "एक लाख सेनामध्ये ८० हजार सेना परिचालन गरी रास्वपाका बालेन साहलाई प्रधानमन्त्री बनाउने सेनापतिले सिंहदरबार आगजनी

*बाँकी पृष्ठ ९ मा*

## नाराहरू

१. समाजवादी प्रचार अभियान - अगाडि बढाऔँ !
२. देशको सन्तुलित विकास - सुनिश्चित गर !
३. बढ्दो महँगी - नियन्त्रण गर !
४. भ्रष्टाचारीहरूको सम्पत्ति - राष्ट्रियकरण गर !
५. एमसीसी सम्झौता - खारेज गर !
६. एसपीपी सम्झौता - खारेज गर !
७. गोर्खा भर्ती - खारेज गर !
८. सन् १९५० को सन्धि - खारेज गर !
९. गाँस-बास-कपडाको - बन्दोबस्त गर !
१०. लगानी बोर्ड - खारेज गर !
११. सहकारी ठगहरूलाई - कारबाही गर !
१२. जनताको बचत - फिर्ता गर !
१३. रासायनिक मल कारखाना - स्थापना गर !
१४. स्वदेशमै रोजगारीको - बन्दोबस्त गर !
१५. मानवोचित ज्यालाको - बन्दोबस्त गर !
१६. अमेरिकी साम्राज्यवाद - मुर्दावाद !
१७. भारतीय विस्तारवाद - मुर्दावाद !
१८. संसारका मजदुर - एक होऔँ !
१९. नेपाल क्रान्तिकारी मजदुर सङ्घ - जिन्दावाद !
२०. नेपाल मजदुर किसान पार्टी - जिन्दावाद !

*नेपाल मजदुर किसान पार्टीको जनवर्गीय सङ्गठन*
*नेपाल क्रान्तिकारी मजदुर सङ्घ*
*मिति: २०८३ वैशाख ११*

# देश र व्यापक जनताको हितको लागि 'नागरिकतासम्बन्धी कानुनमा सुधार' नयाँ सरकारको प्राथमिकतामा पर्नुपर्ने



रामप्रसाद प्रजापति

**नागरिकतासम्बन्धी कानुन**

नेपालमा औपचारिक नागरिकताको कागजातको इतिहास ७४ वर्षभन्दा कम पुरानो छ, पहिलो पटक सन् १९५२ अर्थात् २००९ सालमा नागरिकतासम्बन्धी कानुनको मस्यौदा तयार गरेको कानुनी इतिहास पाइन्छ। जुन मस्यौदामा वंशजको आधारमा नागरिकता र अङ्गीकृत नागरिकतालाई स्पष्टसँग छुट्याइएको छैन।

स्मरणीय छ, २००७ सालको प्रजातन्त्र स्थापनाको नाममा नेपाल र भारतबिच सन् १९५० मा नेपाल भारत मैत्री सन्धि भएको थियो। जुन सन्धिलाई हामीले असमान सन्धि खारेज गर्न जोड दिँदै आएका छौँ। तर, अहिलेसम्म सरकारमा गएका राजनीतिक दलहरूले कहिल्यै पनि चासो र प्राथमिकतामा राखेका छैनन्।

हो, नागरिकतासम्बन्धी कानुनको मस्यौदा तयार गर्नुभन्दा करिब २ वर्ष अगाडि भएको सन् १९५० को असमान सन्धिमा विभिन्न सर्तहरूलगायत नेपाल र भारतबिच खुला सिमानाको प्रावधान पनि राखियो।

खुला सिमानाको सोही प्रावधान नेपालमा नागरिकता समस्याको अहिलेसम्मको मुख्य कारक बनेको छ।

प्रजातन्त्र नेपालको माटो सुहाउँदो भएन भन्दै राजा महेन्द्रले प्रत्यक्ष शासन थालेको दुई वर्षपछि सन् १९६२ अर्थात् २०१९ सालमा पञ्चायती शासन व्यवस्थालाई सुदृढ पार्न नयाँ संविधान लागू गरे। त्यसको दुई वर्षपछि नेपालको संविधान २०१९ को धारा ८ बमोजिम हुने गरी नेपाल नागरिकता ऐन, २०२० जारी भयो।

२०२० सालको नागरिकतासम्बन्धी कानुनले वंशज र अङ्गीकृत नागरिकतालाई छुट्यायो। जन्मको आधारमा नागरिकता दिने प्रावधान हटाइयो। वंशजको आधारमा नागरिकता अब पितृवंशीय रेखाबाट मात्र सम्भव हुने भयो। अर्थात्, बच्चाको जन्म हुँदा बच्चाको बाबु नेपाली नागरिक हुनु जरुरी थियो।

२०२० सालमा जारी भएको नेपाल नागरिकता ऐनमा नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाहरूलाई दुई वर्षको पखाई अवधि राखिएको थियो। अर्थात् विवाह भएको दुई वर्षपछि मात्रै नेपाली नागरिकताका लागि आवेदन गर्न सक्ने व्यवस्था गरिएको थियो। २०३३ सालमा नागरिकता ऐनमा संशोधन गरेर प्रतिक्षा अवधि बढाएर पाँच वर्ष पुऱ्याइयो।

नेपालमा २०४६ सालमा पुनः प्रजातन्त्र बहाली भएपछि २०४७ सालमा जारी भएको नेपालको संविधानले धारा ८, ९ र १० मा नागरिकतासम्बन्धी संवैधानिक व्यवस्था गऱ्यो।

धारा ८ ले नेपालको संविधानको धारा ७ र नेपाल नागरिकता ऐन, २०२० को दफा ३ र ६ बमोजिम नागरिकता प्राप्त गरेका व्यक्तिहरू नेपालको नागरिक ठहर्ने व्यवस्था गऱ्यो।

धारा ९ ले पितृत्व ठेगान नभएका नाबालकको हकमा बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नागरिकता पाउने नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको, नेपालमा कुनै व्यवसाय गरी बसेको, अन्य राज्यको नागरिकता त्यागेको र कम्तीमा १५(पन्ध्र) वर्षसम्म नेपालमा बसोबास गरेका व्यक्तिहरूले नेपालको अङ्गीकृत नागरिकता पाउने व्यवस्था गर ेे।

त्यस्तै नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि र नेपालको नागरिकता त्यागी विदेश गएको व्यक्तिले विदेशको नागरिकता त्यागेपछि मात्र नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गऱ्यो। जसका लागि नेपालमा दुई वर्षसम्म बसोबास गरेको हुनुपर्ने सर्त पनि राख्यो।

धारा १० मा सम्मानार्थ नागरिकता प्रदान गर्न सकिने व्यवस्था गऱ्यो।

**प्रजातन्त्र पुनःस्थापनाको नाममा**

यसरी नेपालको संविधान २०४७ ले नेपालमा बसोबास गरेको १५ वर्षपछि वा वैवाहिक सम्बन्ध कायम भएको दुई वर्षपछि अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरेको थियो।

यसैबिच नेपालमा २०४६ सालमा बहुदलीय प्रजातन्त्र पुनर्बहाली भएको केही वर्षपछि नेपाल नागरिकता ऐन, २०२० मा संशोधन गर्न खोजिएकोमा अधिवक्ता बालकृष्ण नेउपानेले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरी संविधानविपरीतको संशोधन रोकियो।

त्यसपछि २०५७ सालमा नेपाली काङ्ग्रेसको एकल सरकार थियो। नागरिकता ऐनमा व्यापक हेरफेर गरी प्रतिनिधिसभाबाट पारित गरियो। राजाबाट मनोनीत सांसदहरूको बहुमत रहेको राष्ट्रिय सभामा नागरिकता विधेयक रोकियो। तर, राष्ट्रिय सभाको निर्णय बाध्यकारी नहुने अवस्था नेपालको अधिराज्यको संविधान २०४७ मा प्रतिनिधिसभाले पुनः पारित गरेर पठाएको विधेयक लालमोहर लगाउनुपर्ने व्यवस्था थियो। राष्ट्रियसभामा रोकिएको विधेयकलाई पुनः प्रतिनिधिसभाबाट पारित गरेर दरबार पठाए तर राजा वीरेन्द्रले लालमोहर लगाएका थिएनन्।

त्यसबेला पनि गैरनेपालीहरूले नेपाली नागरिकता पाउने अवस्था संशोधित विधेयकले सृजना गरेको भन्दै विरोध भएको थियो। राजा वीरेन्द्रले विधेयकमा लालमोहर नलगाई सर्वोच्च अदालतको राय मागे। अदालतले विधेयक संविधान सम्मत छैन भनेपछि त्यतिबेला नागरिकतासम्बन्धी कानुनमा हेरफेर रोकियो।

**'ग्रायन्ड डिजाइन'** !

संयोग भनौँ या के भनौँ ? २०५८ सालको जेठ १९ गते राजा वीरेन्द्रको हत्या भयो। हत्यासम्बन्धी छानबिन समितिको प्रतिवेदन त बाहिरियो तर तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले 'ग्रायन्ड डिजाइन' छ, 'ग्रायन्ड डिजाइन' छ भनिरहे।

देशमा माओवादी द्वन्द्वको बिसर्जनसँगै नेपालले पुनः अर्को अन्तरिम संविधान २०६३ पायो। संविधानसभाबाट नयाँ संविधान जारी नभएसम्मका लागि जारी गरिएको अन्तरिम संविधानले नागरिकतासम्बन्धी संवैधानिक व्यवस्थामै व्यापक हेरफेर ल्यायो।

नेपालको अन्तरिम संविधान, २०६३ ले जन्मको आधारमा नागरिकता वितरण गर्ने बाटो खोल्यो।

संविधानको धारा ८ को उपधारा (५) मा संवत् २०४६ साल चैत मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रूपले बसोबास गर्दै आएका व्यक्तिले जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने संवैधानिक व्यवस्था गरियो। एकपटकको लागि तोकिएको अवधिभित्र निवेदन दिइसकेको हुनुपर्नेछ भने तापनि हरेक निर्वाचनअघि नागरिकतासम्बन्धी ऐनमा जन्म भएको साल र महिना बढाउँदै गर्ने गरेको पाइन्छ।

नागरिकता वितरण गर्न २०४४/४५ सालपछि नेपालको संविधान २०६३ को धारा ११ मा नागरिकता वितरण टोली खटाउन सक्ने व्यवस्था गरियो।

जन्मको आधारमा नागरिकता प्रदान गर्ने व्यवस्था नेपाली जनता वा नेपाली नागरिकका लागि थिएनन्। पक्कै पनि जन्मको आधारमा नागरिकता दिने कानुनी व्यवस्था विदेशी नागरिक नेपालमा जन्मेको आधारमा नेपाली नागरिकता पाउन सक्ने व्यवस्था गर्न बनेको थियो अर्थात् यसरी विदेशीलाई नेपाली नागरिकता प्रदान गर्न सक्ने कानुनी व्यवस्थासहित नेपालको अन्तरिम संविधान २०६३ जारी भयो।

**जन्मको आधारमा नागरिकता**

देशमा लोकतन्त्र र गणतन्त्र आएको घोषणा भयो। नेपाल नागरिकता ऐन, २०६३ जारी भयो। ऐनको दफा ४ मा जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गर्न सक्ने भन्दै २०४६ साल चैत मसान्तसम्म नेपालमा जन्म भई बसोबास गरेको व्यक्तिले संविधानसभाको निर्वाचन हुनु अगाडि निवेदन दिन सक्ने भन्यो। त्यस बखत करिब ४५ (पैंतालीस) लाख मानिसले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेको तथ्याङ्क पाइन्छ। पक्कै पनि नेपाल भारतबिचको खुला सिमाना नागरिकता समस्याको जड भएको प्रस्ट छ।

नागरिकता ऐन, २०६३ को दफा ८ को उपदफा ४ ले जन्मको आधारमा नेपालको नागरिकता पाउन अन्य कुनै प्रमाण पेस गर्न नसकेको अवस्थामा तोकिएको अधिकारीले स्थलगत सरजमिन र निवेदकलाई चिन्ने सोही वडामा बसोबास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकता प्रमाणपत्र लिइसकेका व्यक्तिले सरजमिन स्थलमै गरेको सनाखतको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्ने व्यवस्था गऱ्यो।

उल्लेखित ऐनबमोजिम ४५(पैंतालीस) लाख जन्मसिद्ध आधारमा अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेका भारतीय मूलका नागरिकका छोराछोरीहरूले पनि अङ्गीकृत नागरिकता पाउने हो। तर, संविधानसभाबाट जारी भएको नेपालको संविधान २०७२ को धारा ११ को उपधारा (३) ले यो संविधान प्रारम्भ हुनुभन्दा अघि अर्थात् २०७२ असोज ३ गते अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने बालिग भएपछि वंशजको आधारमा नागरिकता पाउने व्यवस्था गऱ्यो।

साथै गैरआवासीय नेपालीलाई पनि राजनीतिक अधिकारबाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालमा गैरआवासीय नागरिकता प्रदान गर्न सकिने व्यवस्था गऱ्यो।

**अङ्गीकृतका सन्तानलाई वंशजको नागरिकता ?**

अहिले विवादित नागरिकता ऐन, २०६३ मा संशोधन गर्न बनेको विधेयकमा सोहि व्यवस्था राखी पारित गर्ने र जन्मसिद्ध नागरिक अर्थात् भारतीय मूलका अङ्गीकृत नेपाली नागरिकहरूका सन्तानहरूलाई वंशजको आधारमा नेपाली नागरिकता दिनु हो।

त्यस्तै यसअघि वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा विवाह गरेको भोलीपल्ट नै अर्थात् तत्कालै नेपालको अङ्गीकृत नागरिकता पाउने व्यवस्था तत्कालीन प्रतिनिधिसभाबाट पारित गरियो।

जबकि यसअघि वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले २ (दुई) वर्षपछि विदेशको नागरिकता त्याग्ने प्रक्रिया चलाएको निस्सा पेस गर्नुपर्नेमा अहिलेको नागरिकता विधेयक २०७९ मा विदेशको नागरिकता त्याग्ने प्रक्रिया पनि चलाउन नपर्ने मात्र विदेशको नागरिकता परित्याग गर्नेछु भनी स्वघोषणापत्रमा सही गरे पुग्ने प्रावधान राखिएको पाइन्छ।

यसरी खुला सिमाना भएको कारण भारतीय मूलका व्यक्तिहरूले व्यापक रूपमा जन्मसिद्ध नागरिकता प्राप्त गरेको, उनकै सन्तानहरूलाई जानाजान वंशजको नागरिकता दिने र भारतीय मूलका वैवाहित सम्बन्ध कायम गरेका महिलालाई स्वघोषणा गरेकै आधारमा तत्कालै नेपाली नागरिकता दिनु देशको सार्वभौमसत्तासँग सम्बन्धित अति संवेदनशील विषय रहेकोले पुनर्विचार गर्नुपर्ने हो।

तर, अहिलेको गठबन्धन सरकारले हालै राष्ट्रपतिबाट १५ बुँदे सुझावसहित फिर्ता पठाएको नागरिकता विधेयक हुबहु पारित गरेको छ।

**नयाँ सरकारसँग के आशा गर्ने** !

२०७९ ताका केपी ओलीको सरकारले अध्यादेशमार्फत नागरिकता अध्यादेश जारी गरेकै हो। त्यसबेला राष्ट्रपतिले प्रमाणीकरण गरेकै थिए। संसद्लाई छलेर नागरिकतासम्बन्धी अध्यादेश जारी गरेको चर्को विरोध भएपछि ओली सरकार पछि हटेको थियो। तर, अहिले राष्ट्रपतिले कसैसँग छलफल नगरी १५ बुँदे सुझाव पठाएको र संसद्बाट पुनः पारित गरेपछि छलफलमा जुटेको आरोप पनि छ।

यद्यपि, राष्ट्रपतिबाट संवैधानिक अधिकारको प्रयोग गरेर नागरिकता विधेयकलाई रोकेको थियो। नागरिकता देशको सार्वभौमसत्तासँग सम्बन्धित अति संवेदनशील विषय हुँदा यसलाई हचुवाको भरमा विदेशीको इसारा, दबाब र प्रभावमा पारित गर्नु र जारी गर्नु हुँदैन।

नयाँ सरकारले गत वैशाख ८ गते वैशाखको १७ गते दुवै सदनको संयुक्त बैठक बोलाउने निर्णय गऱ्यो। तर, ४८ घण्टा नबित्दै उक्त निर्णय बदर गरी बैठक स्थगित गर्ने निर्णय गरियो।

विज्ञहरूका अनुसार खनिज प्राधिकरण गठनसम्बन्धी ऐनको मस्यौदा तयार नभएकोले स्थगित गरिएको चर्चा छ। तर, कान्तिपुर दैनिकमा शुक्रबार, ११ वैशाखमा सार्वजनिक भएको समाचारअनुसार सरकारले एकसाथ ४५ वटा विधेयकको मस्यौदा तयारीमा रहेको समाचार प्रकाशित भएको छ।

तर ती ४५ विधेयकमा 'नागरिकतासम्बन्धी कानुन' मा कुनै संशोधन गर्न लागेको छैन। जबकि विद्यमान नागरिकतासम्बन्धी कानुनमा जन्मको आधारमा नागरिकता प्रदान गर्ने व्यवस्था नेपालजस्तो सानो मुलुकको लागि आवश्यक होइन भने अङ्गीकृत अर्थात् बाबु वा आमा विदेशी वा विदेशी नागरिकता त्यागेर अङ्गीकृत नागरिक बनेका व्यक्तिबाट जन्म भएका सन्तानलाई अङ्गीकृत नागरिकता मात्र दिने व्यवस्था हुनुपर्नेमा वंशजको नागरिकता दिने देशघाती कानुनी व्यवस्था संशोधन गर्नुपर्ने जरुरी छ। तर, वर्तमान सरकारले ४५ वटा कानुन संशोधन गर्दै गर्दा 'नागरिकतासम्बन्धी कानुन' मा उपर्युक्त संशोधन गरी राष्ट्रिय हित नखोज्नुले पनि नयाँ सरकारसँग देश र व्यापक जनताको हितको आशा गर्न सकिने देखिँदैन।

नेपाल नागरिकताकै कारण फिजीकरण र सिक्किमीकरणको बाटोमा रहेको विज्ञहरूले बताउँदै आएका हुन्।

त्यसैले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) बरोबर भन्ने गर्नुहुन्छ, "नागरिकता बस र सिनेमा हलको टिकट होइन।"

*१३ वैशाख २०८३*

# जानकी गाउँपालिकामा सन्देश कार्यक्रम



कैलाली। नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा मतदातालाई धन्यवाद, केन्द्रीय समितिको बैठकको सन्देश कार्यक्रम शुक्रबार जानकी गाउँपालिका-४ कञ्चनपुरमा सम्पन्न भयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले मादल चिह्नमा मतदान गर्ने सम्पूर्ण मतदातालाई धन्यवाद व्यक्त गर्नुभयो।

देश र जनताको निःस्वार्थपूर्वक सेवाबाहेक नेमकिपाको स्वार्थ नभएको स्पष्ट पार्दै उहाँले कामदार जनताको हित हुने समाजवादी व्यवस्था स्थापनाको लागि नेमकिपा सङ्घर्षरत रहेको बताउनुभयो।

कार्यक्रममा रमेशकुमार रावल, गगनबहादुर थापा मगर, सुनिता भण्डारालगायतले बोल्नुभएको थियो।

त्यसैगरी नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा जानकी गाउँपालिका वडा नं २ कालिकापुरमा मतदाताहरूलाई धन्यवाद तथा केन्द्रीय समितिको बैठकको सन्देश कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले प्रतिनिधिसभा सदस्य निर्वाचनमा मादल चिन्हमा छाप हाल्ने मतदाताहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो। नेपाल मजदुर किसान पार्टीको हालै सम्पन्न केन्द्रीय समितिको बैठकको सन्देशलाई जनताको बिचमा पुऱ्याउनुपर्ने बताउनुभयो। उहाँले नेमकिपा देश र जनताको निःस्वार्थ सेवा गर्दै आएको पार्टी हो भन्नुभयो।

उहाँले भन्नुभयो, "नेमकिपा चुनाव जित्न झूटा आश्वासन बाँड्ने, आतङ्क मच्चाउने र विदेशी शक्तिको सामु झुक्ने गर्दैन।" नेमकिपाले घोषणापत्रअनुसार जनतासँग मत मागेको स्पष्ट पार्दै उहाँले योग्यताअनुसारको काम र कामअनुसारको पारिश्रमिकको व्यवस्था गर्नु आवश्यक भएको बताउनुभयो।

उहाँले भन्नुभयो, "संरा अमेरिकी ट्रम्प प्रशासनले इरानको इन्धन कब्जा गर्न इरानमा सैनिक आक्रमण गरेको हुँदा विश्वमै इन्धन र खाद्यान्न अभाव भयो। नेपालमा पनि इन्धनको मूल्य बढ्यो। यसको दोषी ट्रम्प प्रशासन नै हो।"

नेपाल मजदुर किसान पार्टी कैलालीका सचिव गगनबहादुर थापामगरले मतदातालाई धन्यवादज्ञापन गर्दै कामदारवर्गको हित समाजवादी व्यवस्थामा हुन्छ भन्नुभयो। नेपाल मजदुर किसान पार्टी कैलाली सदस्य धनबहादुर थापामगरले मतदातालाई धन्यवाद व्यक्त गर्दै नेमकिपाले वर्गीय राजनीतिलाई अगाडि बढाउन जोड दिदै आएको बताउनुभयो।

कार्यक्रममा विटी मगरले नेमकिपा इमानदार पार्टी हो भन्नुभयो।

# पार्टी प्रकाशनबारे कनकासुन्दरीमा अन्तरक्रिया

जुम्ला, १० वैशाख। नेमकिपा कनकासुन्दरी गाउँपालिका वडा नं. ६ एकाइ समितिको आयोजनामा पार्टी प्रकाशन र हालै बसेको नेमकिपाको केन्द्रीय समितिको निर्णयबारे बिहीबार अन्तरक्रिया कार्यक्रम भयो।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्ली काफ्लेले व्यक्तित्व विकास गर्न र हरेक विषयमा निपुण हुन पार्टी प्रकाशनको अध्ययन गरिरहनुपर्नेमा जोड दिँदै नेमकिपाले देश र जनताको पक्षमा इमानदारीपूर्वक काम गरिरहेको बताउनुभयो।

आयोजक समितिका अध्यक्ष माधव काफ्लेको सभापतित्वमा भएको सो भेलामा गजेन्द्रबहादुर कार्की, गोर्खबहादुर शाही, जनक शाही र अकिलबहादुर शाहीले देशको समस्याबारे चर्चा गर्दै सिद्धान्त र विचार नबोकेको दलले देशलाई मार्ग निर्देश गर्न नसक्ने बताउनुभयो।

त्यस्तै सोही दिन तिला गाउँपालिका समितिको आयोजनामा पनि एक अन्तरक्रिया कर्यक्रम भयो।

जिल्ला पार्टी समितिका सदस्य मुनिनाथ योगीको सभापतित्वमा भएको सो कार्यक्रममा पार्टी सभापति पूर्णलाल खत्रीले समाजवादी व्यवस्थामा मात्र समानता र रोजीरोटीको व्यवस्था हुने विचार व्यक्त गर्नुभयो।

जिल्ला समिति सदस्य मानबहादुर बोहरा र नेपाल क्रान्तिकारी मजदुर सङ्घ जिल्ला समितिका अध्यक्ष हर्षबहादुर बोहराले राष्ट्रिय र अन्तर्राष्ट्रिय मजदुर आन्दोलनबारे चर्चा गर्दै मजदुरको हक अधिकारको निम्ति सङ्घर्ष गरिरहनुपर्ने बताउनुभयो।

# झूटो प्रचारबाजीबाट कसरी बच्ने ?

✍ क्यारोलिना कोसिटोर

सन् १९६० र १९७० को दशकमा म वयस्क भएँ । त्यसबाट हामीले धेरै लाभ उठायौँ । अहिलेको भन्दा फरक थियो हाम्रो पुस्ता । हामीलाई पढाउने कुरा र तरिका आजको भन्दा धेरै फरक थियो । विज्ञापन गर्ने चलन भर्खर सुरु भएको थियो, सन् १९५० को दशकमा । त्यसैले 'विज्ञापनको पछि लाग्ने होइन, बरु विज्ञापनलाई पर्गेल्नुपर्छ' भनेर सिकाइन्थ्यो । पछि सरकार र विज्ञापन उद्योग यो कलामा पोख्त भइहाले । तर, हामी पछि छुट्यौँ । त्यसैले हामीले पनि सिक्नुपर्छ ।

सन् १९३८ मा 'प्रोपोगान्डा एनालाइसिस संस्थान' ले 'मान्छे बहकाउने हत्कण्डा' भन्ने दस्तावेज छाप्यो । अमेरिकी जनता हिटलर, मुसोलिनीजस्ता व्यक्तिहरूले अपनाउने हत्कण्डाको भाउँतोमा नलागून भनेर त्यसो गरिएको थियो । सन् १९५० को दशकमा अमेरिकाका स्कुलहरूमा विद्यार्थीलाई यी हत्कण्डाबारे पढाइन्थ्यो । आज पनि विज्ञापनमा यिनको प्रयोग हुन्छ । तर, हामीले दिनकै सुन्ने र हेर्ने समाचारहरूमा समेत यिनै हत्कण्डाको प्रयोग हुन्छ ।

हामीले पढ्ने धेरै कुरा कुनै न कुनै रूपमा दुष्प्रचार हो भन्ने हामीलाई थाहा हुन्छ । तर, कुन कुरा सत्य हो र कुन होइन भनी छुट्याउन एकदम गाह्रो हुन्छ । विश्वासिलो समाचार संस्था खोज्न एकदम जरुरी छ । तर, हामीले आफू नठगिने उपायहरू सिक्न सक्छौँ ।

हामीलाई समाचार दिनेहरू निष्पक्ष होऊन् भनी अपेक्षा गर्नु हुँदैन । यो धेरै महत्त्वपूर्ण कुरा हो । किनभने, हामीले तिनको कुरा सोह्रै आना साँचो हुन्छ भन्ठान्यौँ भने हामी एउटा भ्रममा फस्न सक्छौँ । हामीलाई त्यो समाचारको 'उल्टो पक्ष' (फरक धारणा राख्ने व्यक्ति वा पाठक) पक्षपाती छ भन्ने भ्रम पर्न सक्छ । यसको अर्थ त्यस्ता समाचारदाताले हामीलाई फसाउन सक्छन् । कुनै पनि समाचार निष्पक्ष हुँदैन, सन्तुलित हुँदैन । समाचार भनेको समाचार नै हुन्छ । समाचार लेखकले घटनाको वर्णन गर्नका लागि खालि तटस्थ, एकोहोरा शब्द वा वाक्य संरचना प्रयोग गर्न सक्दैन । किनभने, कुनै पनि कलाकारले खैरो रङले मात्र चित्र कोर्न सक्दैन ।

चित्र त कोरिएला । तर, त्यो चित्र एकदम पट्यारलाग्दो हुनेछ । शब्द रङ्गीन हुन्छन् तर प्रायः निष्पक्ष हुन सक्दैनन् । विचारहरू शब्दचित्रबाट सम्प्रेषण हुन्छन् । यसले सकारात्मक वा नकारात्मक दुवै प्रभाव पार्न सक्छ । यो कुरा हाम्रो अवचेतन मनले कसरी त्यसलाई ग्रहण गर्छ अथवा हाम्रो सांस्कृतिक र शैक्षिक पृष्ठभूमि कस्तो छ भन्नेमा निर्भर हुन्छ ।

एउटा साधारण उदाहरण हेरौँ - कसैलाई तपाइँले अधिवक्ता वा वकिल भन्नुभयो भने त्यसले फरक पर्न सक्छ । दुवै शब्द पर्यायवाची हुन् । दुवैले एउटा निश्चित पेशालाई जनाउँछन् । तर, के यी दुई शब्द तटस्थ होलान् ? वकिल शब्दले पेशा त जनाउँछ तर यसमा अलि छलछाम गर्ने नकारात्मक गन्ध आउँछ । जस्तो 'क्रान्ति भयो भने सबै वकिललाई मारौँला' भन्दा यस्तै अर्थ लाग्छ । तर, अधिवक्ता शब्दले अलिकति सम्मान बोकेको हुन्छ । यसमा अलिकति विद्वता, गम्भीरताको भाव हुन्छ ।

हामीले समाचारदाता निष्पक्ष भएको अपेक्षा गर्न हुँदैन । तर, हामीले तिनीहरू पारदर्शी र इमानदार हुन् भनी अपेक्षा गर्न सक्छौँ र गर्नुपर्छ । यसले गर्दा हामीले तिनको पक्षधरता पत्ता लगाउन सक्छौँ र तिनले जे समाचार लेख्न चाहेका हुन्, त्यसको सत्यतथ्य केलाउन सक्छौँ । यथार्थमा यस्ता समाचारदाताहरू पाइन्छन् ।

प्रायः सबै पत्रकार वा सम्पादकहरूका आफ्नै विगत, स्वभाव, राजनीतिक आग्रह र अनुभव हुन्छन् । तिनले आफ्ना मालिक, सेयरधनी र विज्ञापनदातालाई जवाफ पनि दिनुपर्छ । तिनीहरूले एक दिन निष्पक्ष र तटस्थ समाचार खबर दिन थाल्नेछन् नै । तर, त्यो दिन आउनुभन्दा अगाडि नै हामीले चलतीमा रहेका प्रचारबाजीका हत्कण्डाहरू केलाउन सिक्नैपर्छ ।



**पाठ १ : सावधान व्यक्ति खासमा सबल हुन्छ ।**

प्रचारबाजीका हत्कण्डा वा तरिकाहरूको समीक्षा गर्नका लागि यहाँ हामीले अमेरिकाबाट प्रकाशित हुने 'न्युयोर्क टाइम्स' को एउटा लेखलाई हेर्नेछौँ । त्यो लेखको शीर्षक थियो - राष्ट्रसङ्घको भाषणमा चाभेजले बुशलाई 'राक्षस' भने । त्यसका लेखक थिए - डेभिड स्टाउट । यो लेखमा एकदम सामान्य लाग्ने अनेक हत्कण्डा प्रयोग गरिएको छ । जस्तो - बदनाम गर्ने, सार्ने, तथ्य बङ्ग्याइ र झिल्के सामान्यीकरण गर्ने ।

**बदनाम गर्ने (Name-Calling) :**

यो हत्कण्डामा कसैको विषयमा सामान्य तर नराम्रो कुरा भनिन्छ । यसरी अनर्गल कुरा गर्दा ऊप्रति सर्वसाधारणमा पूर्वाग्रह र घृणा उत्पन्न हुन्छ । त्यसैले उनीहरू प्रतिक्रिया जनाइहाल्छन् । नकारात्मक ठप्पा लगाएर वा अपमान गरेर विपक्षी व्यक्ति वा विचारलाई बदनाम गरिन्छ । यो हत्कण्डामा प्रायः व्यंग्य र उपहासको प्रयोग हुन्छ । जस्तो - 'ऊ लेखनदास हो' वा 'उनी खुला सोचकी छिन् ।'

स्टाउटले चाभेजबारे लेखे - "श्री चाभेज वामपन्थी लोकप्रियतावादी हुन्, जसले सन् १९९८ मा निर्वाचन जित्नुभन्दा ६ वर्ष अगाडि सैनिक विद्रोह गरेर सत्ता कब्जा गर्न खोजेका थिए ।"

**पाठ २ : आफू सहमत नै भए पनि 'ठप्पा लगाउने' हत्कण्डाबाट सचेत रहनुहोला ।**

**सार्ने (Transfer) :**

यो हत्कण्डामा कसैको विषयमा हुने असल वा खराब भावनालाई अरू कसैसँग जोडिन्छ । मान्छेमा तुलना गर्ने क्षमता हुन्छ । यी क्षमतालाई हतियार बनाएर पाठकको दिमागमा खास तन्तु जोडिन्छ । पहिले नै मान्छेको दिमागमा कसैप्रति राम्रो वा नराम्रो भावना हुन्छ । त्यही भावनासँग जोडेर कुनै व्यक्ति, विचार वा वस्तुबारे सकारात्मक वा नकारात्मक छाप पारिन्छ ।

त्यसैले कार बेच्नका लागि चिटिक्क परेका सुन्दरी वा मायालु पशुहरूको प्रयोग हुन्छ ।

चाभेजको विषयमा स्टाउटले लेखे, "यो घटना निकिता ख्रुश्चेभले शीतयुद्धको युगमा राष्ट्रसङ्घको महासभामा जुत्ता बजारेको वा औँला हल्लाएको घटनाजस्तो प्रसिद्ध हुन नसकेको होला, तर यसबाट सभाभवनमा हाँसो र केही ताली भने पैदा भयो ।"

लेखकले फेरि लेखे, "श्री चाभेजले फिडेल क्यास्त्रो तथा इरान र सिरियाका नेताहरूसँग साँठगाँठ गरेका छन् ।" यहाँनिर साँठगाँठ शब्दको अर्थ मित्रता लाग्दैन । फेरि चाभेजले खालि माथि उल्लेख नेतासँग मात्र भेट्नुभएको थिएन । पटकपटक विश्व भ्रमणमा गरेर उहाँले विश्वका धेरै नेताहरूसँग मित्रता गाँस्नुभएको थियो । माथिको भनाइले दोहोरो काम फत्ते हुन्छ - इरान, सिरिया र क्युबाबारे धेरै मान्छेको दिमागमा रहेको नकारात्मक भावनालाई चाभेजमाथि 'सार्ने' । यहीनिर 'तथ्य बङ्ग्याउने' काम पनि हुन्छ । यसरी इरान, सिरिया र क्युबामात्र होइन, अर्को 'दुष्ट' (चाभेज) पनि छ भनेर देखाइन्छ ।

**पाठ ३ : कुनै पनि लेख सावधानीपूर्वक पढ्न यो 'सार्ने' हत्कण्डाबाट एकदम जोगिनुपर्छ ।**

**तथ्य-बङ्ग्याइ (Card-Stacking) :**

यो हत्कण्डामा तथ्यलाई 'तास फिटे झैँ' फिटेर सत्यलाई बङ्ग्याइन्छ । यसको लागि कुनै तथ्यमा अचाक्ली जोड दिइन्छ भने कुनै तथ्यलाई छायाँमा पारिन्छ । यसको लागि तथ्यलाई मनपरी प्रयोग गरिन्छ । गलत नै बोल्नुपर्छ भन्ने छैन, तर महत्त्वपूर्ण सूचनालाई लुकाइन्छ । जेका बारेमा बोल्नुपर्ने हो त्यसबारे खालि नकारात्मक वा सकारात्मक कुरा मात्र गरिन्छ । आफ्नो निष्कर्षविपरीत जाने पक्षलाई बेवास्ता गरिन्छ वा ओझेलमा पारिन्छ ।

जस्तो चाभेजबारे स्टाउटले लेखे, "भेनेजुयलाका नेता (चाभेज) ले संयुक्त राष्ट्रसङ्घबारे पनि तिखा शब्द राखे; राष्ट्रसङ्घलाई उनले 'प्रजातन्त्रविरोधी' र 'काम नगर्ने' भने ।" (ह्युगो चाभेजले मात्र राष्ट्रसङ्घको आलोचना गरेका थिएनन् । राष्ट्रसङ्घका महासचिव कोफी अन्नानले पनि यसप्रकारको आलोचना गर्दै आएका थिए । चाभेजले मन्तव्य दिनुभन्दा केही समयअघि 'नाम' का ११८ देशको शिखर सम्मेलन भएको थियो । राष्ट्रसङ्घका दुइतिहाइ देश 'नाम' का सदस्य थिए । सम्मेलनको अन्तिम दस्तावेजमा कोफी अन्नानको आलोचना छापिएको थियो ।)

**पाठ ४ : 'तथ्य बङ्ग्याइ' बाट जोगिने एउटै उपाय हो - सबैतिरका स्रोतबाट बढीभन्दा बढी सूचना राख्ने । सौभाग्यले हिजोआज इन्टरनेटमा प्रचुर सूचना पाइन्छ ।**

**झिल्के सामान्यीकरण (Glittering Generalities) :**

झिल्के सामान्यीकरण भन्नाले कुनै व्यक्तिलाई जनाउन प्रयोग हुने अनेक सकारात्मक शब्द हुन् । यी शब्दहरू उच्च मानव मूल्यसँग जोडिएका हुन्छन् । यो 'बदनाम गर्ने' हत्कण्डाको उल्टो हुन्छ । एकदम भावुक र अस्पष्ट शब्द प्रयोग गरेर सुन्ने मान्छेलाई धेरै कुरा नसोची फ्याट्टै पत्याइहाल्ने बनाइन्छ । सूचना दिनुपर्दैन, सकारात्मक भावना उत्पन्न गर्न सके पनि काम पूरा हुन्छ । जस्तो, 'स्वतन्त्रता' वा 'लोकतन्त्र बचाउन' जस्ता शब्दावली प्रयोग हुन्छ ।

चाभेजबारे स्टाउटले लेखे, "मङ्गलबार (जर्ज डब्लु) बुशले इरानको आणविक आकांक्षाबारे बोलेका थिए र त्यसलाई कसरी ठाउँमा ल्याउने भनी व्याख्या गरेका थिए । उनले मध्यपूर्वको विषयमा आफ्नो भव्य भिजनबारे बोलेका थिए । यो एक यस्तो भिजन थियो, जसलाई श्री चाभेजले बेइमानी, हाँस्यास्पद वा दुवै मान्छन् ।"

यी वाक्यहरूमा झिल्के सामान्यीकरण पाइन्छ । यिनमा संरा अमेरिका बलप्रयोग गरेरै भए पनि इरानलाई 'ठाउँमा ल्याउन' प्रतिबद्ध रहेको बताइएको छ । जब कि सुरक्षा परिषद्का अरू सदस्य यसको विरोधमा थिए । उनीहरू बुशको 'भिजन' मा पनि सहमत थिएनन् । त्यो बेला इजरायलले छिमेकी देश लेबननमाथि आक्रमण गरेको थियो । बुशको समर्थन र हौसला पाएरै इजरायलले त्यहाँ आक्रमण गरेको थियो ।

माथिका वाक्यहरूमा श्री चाभेजलाई झिल्के शब्दहरूभन्दा विपरीत स्थानमा उभ्याइएको छ ।

बाँकी पृष्ठ १० मा







# इरान युद्धको वास्तविक आर्थिक पीडा महसुस हुनै बाँकी छ

● गिडियन र्‍याचम्यान

डोनाल्ड ट्रम्प आफूलाई 'सम्झौता कला'का उस्ताद भएको दाबी गर्छन्। उनले यस विषयमा कुनै बेला (सन् १९८७ मा प्रकाशित) पुस्तक (आर्ट अफ डिल) समेत लेखेका छन्। तर पनि लामो र धैर्य गरेर गरिने वार्ता उनको शैली होइन। यो कुरा इरानसँग युद्धविराम गरेको एक साताभित्रै इरानमाथि नाकाबन्दीको घोषणा गरेर उनले पुनः प्रमाणित गरेका छन्। पछिल्लो यस रणनीतिले अमेरिकालाई घाटा हुने सम्भावना देखिन्छ।

इजरायल-अमेरिका आक्रमणपछि इरानले स्ट्रेट अफ हर्मुज प्रभावकारी रूपमा बन्द गरेपछि विश्वभर तेलको मूल्य बढाएकै थियो। त्यसमाथि अमेरिकाले समेत सोही जलमार्गमा नाकाबन्दी लगाउँदा तेल र ग्यासको मूल्य थप बढाउन सघायो। यस्तो कदमले इरानलाई क्रुद्ध बनाएर खाडीमा ऊर्जा पूर्वाधारमा प्रहार गर्ने सधैँ उच्च जोखिम रहन्छ, जसले जारी युद्धविराममा नकारात्मक असर पर्न सक्छ।



इरानीलाई अहिले जारी तनावमा समय उनीहरूको पक्षमा रहेको बलियो विश्वास हुन्छ। र, यसमा तिनीहरू सम्भवतः सही छन्। स्ट्रेट अफ हर्मुज जति लामो समयसम्म बन्द हुन्छ, अमेरिका र यसका सहयोगीहरूमाथि आर्थिक र राजनीतिक दबाब त्यति नै बढ्नेछ। फलस्वरूप, युद्ध अन्त्य हुने शान्तिवार्तामा इरानको हात बलियो हुने सम्भावना छ।

हर्मुज बन्द हुँदा विश्वको ऊर्जा आपूर्तिको झन्डै २० प्रतिशत हिस्सा बजारमा पुग्न सकिरहेको छैन। यस अवरोधलाई इंगित गर्दै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका प्रमुख फातिह बिरोलले 'इतिहासको सबैभन्दा ठुलो वैश्विक ऊर्जा सुरक्षा' भन्दै आजको उर्जा सङ्कट सन् १९७० को दशकमा देखिएको तेल धक्का (ओयल सक) भन्दा चर्को हुन सक्ने चेतावनी दिएका छन्। त्यतिखेर इजरायललाई समर्थन गरेको भन्दै अरबी देशले अमेरिकालगायत पश्चिमी देशलाई इन्धन आपूर्ति बन्द गर्दा वर्षौं लामो मुद्रास्फीति र मन्दी सिर्जना भएको थियो।

यसपटक युद्धको आर्थिक प्रभाव खासमा अझै पूर्ण रूपमा महसुस भएन। यसको कारण थियो, अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमाथि आक्रमण गनुअघि नै खाडी देशहरूले ठुलो परिमाणमा तेल र ग्यास हर्मुजबाट बाहिर निकालिसकेका थिए। बल्ल अब स्ट्रेट अफ हर्मुज बन्दको वास्तविक प्रभाव साँच्चै सुरु हुने विश्लेषकहरूले औँल्याएका छन्।

पेट्रोलको मूल्यवृद्धि सुरुवात मात्र हो। हवाई इन्धनको अभाव हुन थालेपछि हवाई यात्रामा असर देखिन थाल्नेछ। यसले ठिक गर्मी मौसमअघि पर्यटनको आगमन बढ्ने समयमा त्यस क्षेत्रलाई प्रभावित बनाउनेछ। विश्वमा हेलियमको उल्लेख्य उत्पादन कतारमा हुन्छ। हर्मुजको अवरोधले त्यसको पनि आपूर्ति प्रभावित भएकाले यसको प्रयोग गरिने सेमिकन्डक्टर उद्योग नै रोकिन सक्छ। मलको अभावले खाद्य उत्पादनमा क्षति पुग्नेछ जसले गर्दा थप मुद्रास्फीति बढाउनमा सहयोग गर्नेछ। एसियाली विकास बैंकले हालै गरेको एक अध्ययनले इरान युद्धपछि देखिएको ऊर्जा सङ्कटले यो वर्ष विकासशील एसियाली देशको वृद्धिदर १ प्रतिशतभन्दा बढीले घट्न सक्ने देखाएको छ।

ट्रम्पले हर्मुजमाथि गरिने अमेरिकी नाकाबन्दीका कारण इरानमाथि आर्थिक दबाब पर्ने र त्यहीकारण इस्लामिक गणतन्त्र पछि हट्न बाध्य हुने अनुमान गरेका छन्। तर, साधनसम्पन्न इरानी आफ्नो जीवनरक्षाको लडाइँमा भएकाले उसले कठिनाइ सहेर पनि विपक्षीमाथि क्षति पुर्‍याउन खोज्नेछ। त्यसमाथि बढेको इन्धन मूल्यका कारण इरानको आय हालै बढेको छ। उसले पाइपलाइनबाट गर्ने ग्यास निर्यातमार्फत केही राजस्व पाइनैरहेको छ।

यदि ट्रम्पले चाहेजस्तो हर्मुजको नाकाबन्दीबाट इरान झुकेन भने अमेरिकाले कठिन विकल्पको सामना गर्नुपर्नेछ। राष्ट्रपति ट्रम्पले इरानी पूर्वाधार विनाश गर्नेसम्मको चेतावनी दिइसकेका छन्। त्यसबाहेक उनले हर्मुजको इरानी नाकाबन्दी खोल्न सैन्य कारबाही गर्ने पनि चेतावनी दिए। तर, सैन्य कारबाहीमार्फत सो जलमार्ग खोल्ने विकल्प व्यावहारिक हुन्थ्यो भने यो विकल्प तिनले पहिले नै कार्यान्वयन गर्ने थिए।

अमेरिकाले हर्मुज क्षेत्रमा केही युद्धपोत पठाउन सफल भयो भने पनि त्यसले व्यावसायिक ढुवानीको सुरक्षाको ग्यारेन्टी गर्दैन। इरानले प्रत्येक तेल ट्यांकरमाथि आक्रमण गरिरहनु आवश्यक नै छैन। केही ड्रोन वा स्पिडबोटबाट छिटपुट आक्रमणले नै तेल ट्यांकरको आवागमनमाथि गरिने बिमाको मूल्य आकासिनेछ। त्यसमाथि सञ्चालक कम्पनी वाहन चलाउनुभन्दा नचलाउनु उपयुक्त भएको निष्कर्षमा पुग्नेछन्।

यदि अमेरिकाले ट्रम्पको इरानका ऊर्जा संयन्त्र वा समुद्री पानीलाई पिउनयोग्य बनाउने 'डिसेलिनेसन' संयन्त्रमाथि आक्रमण गर्ने धम्कीलाई निरन्तरता दिँदै त्यस दिशामा अगाडि बढ्ने निर्णय गरे भने इरानले पनि खाडी देश उस्तै संयन्त्रलाई निसाना बनाउन सक्छन्। खासमा डिसेलिनेसन संयन्त्रको ताजा पानीमाथि इरानभन्दा पनि बढी युएई र साउदी अरब निर्भर छन्। ती संयन्त्रविना ती देशमा जीवन नै असम्भव हुनेछ।

साउदी अरबसँग लालसागर पार गर्ने र हर्मुज जानै नपर्ने पाइपलाइन थिए। तर, निर्यातको यस वैकल्पिक मार्गलाई पहिले नै निसाना बनाइएको छ। भविष्यमा थप प्रहार हुन सक्छ। अझ फारस खाडीको तटमा रहेका साउदी अरबका तेल पम्पिङ स्टेसनसमेत निसानामा पर्न सक्छन्। यमनमा रहेका इरान समर्थित हुथीहरूले स्ट्रेट अफ बब-अल-मन्देबलाई निसाना बनायो भने लालसागर हुँदै हुने ऊर्जा निर्यात पनि रोकिनेछ। यस युद्धको घातक राजनीतिक र रणनीतिक प्रभाव मध्यपूर्वभन्दा बाहिर पनि फैलिएको छ। आयरल्यान्डमा इन्धन मूल्यको विरोधले केही अघि देशका कैयौँ ठाउँमा ठप्प पार्ने गरी विरोध उठ्यो। सरकारले राजमार्ग र बन्दरगाहहरू पुनः खोल्न सेना नै बोलाउनुपर्‍यो। चुलिँदो असन्तुष्टि साम्य पार्न आइरिस सरकार ५०.५ करोड युरोको इन्धन अनुदान घोषणा गर्न बाध्य भयो।

आयरल्यान्ड यसप्रकारको अशान्ति अनुभव गर्ने पहिलो देश भए पनि अन्तिम हुनेछैन। एसिया र युरोपका कैयौँ न्यून स्रोत भएका सरकारहरूसँग यसरी प्रदर्शन उठ्यो भने अघि सार्न सक्ने कुनै वित्तीय शक्तिसमेत छैन। इन्धन मूल्य बढ्दा प्रायः आन्दोलन उठ्ने गरेको फ्रान्स भारी ऋणमा छ। त्यसैले सरकारले जुनसुकै बेला उठ्न सक्ने विरोधको सामना गर्ने तयारी गरिरहेको छ। त्यसमाथि त्यहाँ अर्को वर्ष राष्ट्रपति चुनाव हुँदै छ। अहिलेको सङ्कटले राजनीतिक प्रभाव पर्नेछ।

अमेरिकी नाकाबन्दीको घोषणा हुनुभन्दा अगाडि नै तेल उद्योगहरूले चुपचाप इरानलाई हर्मुज पार गर्न दिएबापत टोल रकम तिर्न सहमति जनाएको देखिएको थियो। इरानले प्रतिब्यारेल तेलको १ डलर शुल्क उठाइरहेको थियो। तर, ट्रम्प प्रशासनले इरानको यस 'टोलिङ प्रणाली' अस्वीकार्य हुने कुरामा जोड दियो। सैद्धान्तिक रूपमा विश्वभर समुद्रमा जहाजहरूले स्वतन्त्रता बहाव गर्न पाउनुपर्छ भन्ने अडानमा सही छ। तर, मध्यपूर्वको शक्तिसन्तुलनमा यसको प्रभाव गम्भीर हुनेछ।

उपयुक्त अवस्थितिको फाइदा उठाएर इरान एक्लैले अहिले विश्वको तेल र ग्यास आपूर्तिमाथि नियन्त्रण कायम राखेको छ। यस शक्तिमार्फत इरानले तेल उत्पादक देशहरूको कार्टेल ओपेकको भन्दा ठुलो लाभ हासिल गरेको छ। यस लाभलाई तेहरानले मध्यपूर्वभरि छरिएका आफ्ना छद्म समूहको सञ्जाल र आणविक कार्यक्रम पुनर्निर्माण गर्न प्रयोग गर्न सक्छ। फेब्रुअरी २८ मा इरान र अमेरिकाले सुरु गरेको युद्धको अन्त्य गर्न (र, त्ससँगै युद्धले निम्त्याउने ऊर्जा सङ्कट अन्त्य गर्न) रणनीतिक दृष्टिकोण, धैर्य, लेनदेन र गठबन्धन निर्माण गर्ने क्षमता आवश्यक पर्नेछ। तर, दुर्भाग्यको कुरा ट्रम्पमा यी सबै गुणको अभाव छ।

*(र्‍याचम्यान एलएसई आइडियाज नामक थिंकट्यांकका फेलो हुन्।)*

*- फाइनान्सियल टाइम्सबाट*

# युद्धको मूल्य महँगो हुनेछ ट्रम्प र नेतन्याहुलाई

● शशी शेखर

हरेक युद्धले आत्मालाई छुने प्रश्न राख्छ। इरानविरुद्धको युद्ध पनि अपवाद होइन। भविष्यमा राष्ट्रियताको नयाँ परिदृश्यलाई पुनः 'एड्जस्ट' गर्ने प्रयासमा, जित र हारका कथा सुनाइँदा हामीलाई एउटा प्रश्नले सताउनेछ, युद्धको तर्क के थियो ?

सन् १९८२ मा मार्गरेट थ्याचर बेलायतकी प्रधानमन्त्री थिइन्। पदभार ग्रहण गरेपछि उनले सरकारी निगमलाई निजीकरण गरिन्, श्रमिक सङ्घहरूलाई नियन्त्रण गरिन्, सरकारी खर्च घटाइन् र स्वतन्त्र बजार अर्थतन्त्रतर्फ अघि बढिन्। समग्रमा उनी मिसन-मोडमा अगाडि बढिन्। यसले अस्थायी बेरोजगारी र सामाजिक अशान्तिमा वृद्धि निम्त्यायो। थ्याचरप्रति सार्वजनिक स्वीकृति मूल्याङ्कन घट्यो। यो स्पष्ट थियो कि उनी आउँदै गरेको चुनाव हार्नेछिन्।

अनि त्यसपछि उनले जीवनदान पाइन्। अर्जेन्टिनाका जनरल र देशको सैन्य जुन्टाका नेता लियोपोल्ड गुआल्टेरीले अर्जेन्टिनाको समुद्री सिमानाको नजिकै बेलायत नियन्त्रित फकल्यान्ड टापुमा आक्रमण गरे। बेलायतले युद्धको घोषणा गर्‍यो। युद्ध २ देखि १४ अप्रिल (१९८२) सम्म लडियो। युद्धमा ९०० सैनिक र नागरिक मारिए। बेलायतले जित्यो र थ्याचरको भाग्य रातारात परिवर्तन भयो। उनी 'आइरन लेडी' का रूपमा उभिइन्। उनी आफ्नो अघिल्लो कार्यकालमा ३३९ सिटको तुलनामा ३९७ सिटको विशाल बहुमतसाथ हाउस अफ कमन्समा पुगिन्। अर्कातर्फ, गुआल्टेरीलाई राजनीतिक उजाडस्थानमा निर्वासित गरियो। थ्याचरलाई अझै पनि आइरन लेडी मानिन्छ, तर राजनीतिक महत्वाकांक्षाको टेबलमा बलिदान दिइएका ९०० जनाको मृत्युबारे कसैले कुरा गर्दैन।

त्यसैगरी, डिसेम्बर १९७१ मा भारत र पाकिस्तान युद्धमा फसे। इन्दिरा गान्धीले पहिले पनि भारी बहुमतसाथ चुनाव जितेकी थिइन्, तर 'गुङ्गी गुडिया' (मौन पुतली) को छवि अझै पनि उनको मनमा टाँसिएको थियो। पाकिस्तानका याह्या खानले उनलाई त्यो छवि त्याग्ने मौका दिए। १९७० मा शेख मुजिबुर रहमानको अवामी लिगले पूर्वी पाकिस्तानको १६२ विधानसभा सिटमध्ये १६० जितेर नेसनल एसेम्ब्लीमा बहुमत हासिल गर्‍यो। जायज रूपमा उनलाई पाकिस्तानको प्रधानमन्त्री बनाउनुपर्थ्यो, तर पश्चिम पाकिस्तानका पञ्जाबी, सिन्धी, बलुच र पठानहरू बङ्गलाभाषी प्रधानमन्त्रीका लागि तयार थिएनन्।

याह्या खानले पूर्वी पाकिस्तानमा रहेका बङ्गलाभाषी सैन्य एकाइलाई त्यहाँका मानिसलाई दमनको आदेश दिए। दसौँ हजार शरणार्थी भारत पसे र अन्ततः भारत र पाकिस्तानबिच युद्ध भयो। इन्दिरा गान्धीले भारतलाई पाकिस्तानमाथि निर्णायक जित दिलाइन् र बङ्गलादेश जन्मिन मद्दत गरिन्। यसले भारतको प्रतिष्ठा बढायो, 'मौन गुडिया' इन्दिरा गान्धी रातारात 'दुर्गा' बनिन्। याह्या खानलाई सत्ताच्युत गरियो र आफ्नो बाँकी जीवन उनले अपमानजनक रूपमा बिताए।

अब पश्चिम एसियामा भएको युद्धलाई हेरौँ। गत वर्ष १२ दिनको निरन्तर हवाई आक्रमणपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको आणविक सुविधापूर्ण रूपमा ध्वस्त भएको घोषणा गरे। यदि यो सत्य हो भने इरानलाई आणविक खतराका रूपमा चित्रण गर्दै अहिले युद्ध गर्नुको के आवश्यकता थियो ? यहाँ ट्रम्पको युद्ध थ्याचर वा इन्दिरा गान्धीको जस्तो छैन। यो अनावश्यक युद्धले पश्चिम एसियामा हजारौँको ज्यान लिएको छ र अमेरिकाको लोकतान्त्रिक परम्पराको खिल्ली उडाएको छ। कसैले पनि कल्पना गरेको थिएन कि अमेरिकी राष्ट्रपतिले सभ्यतालाई मेटाउने धम्की दिनेछन्।

युद्धको राजनीतिक औचित्य खोज्ने मानिसले यसलाई 'एपस्टाइन फाइल' (अमेरिकी बाल यौन दुराचारसँग सम्बन्धित कुख्यात काण्ड) बाट विषयान्तर गर्ने ट्रम्पको प्रयाससँग जोड्छन्। इजरायली प्रधानमन्त्री र युद्धमा ट्रम्पका साझेदार बेन्जामिन नेतन्याहुले स्वदेशमा पनि भ्रष्टाचारको गम्भीर आरोपको सामना गरिरहेका छन्। नेतन्याहुले हमासलाई रकम पठाइरहेका थिए भन्ने उनीमाथि लगाइएका धेरै आरोपमध्ये एक हो।

धारणाका हिसाबले युद्धका कारण ट्रम्पले स्वदेशमै दुःख भोगेकोजस्तो देखिन्थ्यो भने नेतन्याहुले आफ्नो देशमा बलियो छवि बनाएकोजस्तो देखिन्छ। दुवै देशका धेरै सर्वेक्षणले यो सङ्केत गर्छन्।

अमेरिकामा केहीले ट्रम्पमाथि महाभियोग लगाउनुपर्ने माग पनि गरिरहेका छन्। उनका लागि एक मात्र उपाय भनेको इरानसँगको सम्झौता नै हो। अमेरिकाले सेप्टेम्बरमा मध्यावधि चुनाव गर्नेछ भने इजरायलले अक्टोबरमा। के युद्ध र त्यसको रक्तपातले ट्रम्प र नेतन्याहुलाई चुनाव जित्न मद्दत गर्ला ? के यी दुई नेताले इमानदार जवाफ दिन पर्याप्त साहस देखाउलान् ?

*(शेखर हिन्दुस्तान टाइम्सका प्रधान सम्पादक हुन्।)*

*- हिन्दुस्तान टाइम्सबाट*



# चीनको कूटनीति : विश्व शान्ति र मानव समुदायको साझा भविष्य निर्माणको लागि

चीनको कूटनीति र परराष्ट्र नीति आज निर्माण हुँदै गरेको बहुपक्षीय विश्व व्यवस्थाको एउटा बलियो आधार हो। वर्तमान परवेशमा यसबारे छलफल समीचीन हुन्छ। चिनियाँ विदेशमन्त्री वाङ यीसँग गत मार्च ८ मा पत्रकारहरूले चीनको कूटनीतिबारे गरेको संवाद पेइचिङ रिभ्यूको मार्च १९ को अङ्कमा सङ्ग्रहित छ। संवादमा व्यक्त विचारको सारबारे चर्चा गरौँ ।

'राष्ट्रप्रमुख कूटनीति' चीनका लागि कूटनीतिक कार्यको आधारस्तम्भ हो। गत एक वर्षमा राष्ट्रपति सी चिन फिङले व्यापक कूटनीतिक पहलमार्फत अन्तर्राष्ट्रिय चुनौती पार गर्दै विश्वलाई मार्गनिर्देश गर्नुभयो। गत वर्ष सीले दक्षिणपूर्व एसिया, रूस, मध्य एसिया तथा कोरियाको गणतन्त्रको भ्रमण गर्दै छिमेकी मित्रता र सद्भावको नयाँ गति निर्माण गर्नुभयो। Shanghai Cooperation Organization शिखर सम्मेलन तथा चीन–CELAC (ल्याटिन अमेरिकी र क्यारिबियन राष्ट्रहरूको समुदाय) फोरमको आयोजना गर्दै ग्लोबल साउथको बलियो एकताको लागि नयाँ ऊर्जा प्रवाह गर्नुभयो। साथै जापानी आक्रमणविरुद्ध चिनियाँ जनताको प्रतिरोध युद्ध तथा विश्वव्यापी फासिवादविरुद्धको युद्धमा विजयको ८० औँ वार्षिकोत्सवका विभिन्न स्मरण समारोहहरूमा सहभागिता जनाउँदै शान्ति र न्यायको नयाँ आह्वान गरियो ।

गत वर्षको राष्ट्रप्रमुख कूटनीतिक गतिविधिमार्फत अन्तर्राष्ट्रिय समुदायले चीनलाई अझ राम्रोसँग बुझ्ने, अझ नजिक हुने र अझ बढी विश्वास तथा अपेक्षा राख्ने अवसर पायो। नेता सीको मार्गदर्शन र कूटनीतिले यो अशान्त विश्वलाई शान्ति, स्थिरता र निश्चितताको दिशा प्रदान गरेको अनुभव संसारले गऱ्यो। यो सन् २०२६ मा सीले विश्वभरका पाहुनाहरूलाई स्वागत गर्नुहुनेछ। APEC Economic Leaders' Meeting तथा चीन-अरब राष्ट्रहरूको दोस्रो शिखर सम्मेलनजस्ता प्रमुख कूटनीतिक कार्यक्रमहरूको आयोजना हुनेछन्

चीन-रूस साझेदारी – आजको विश्व परिवेशमा चीन-रूस सम्बन्धले महत्त्वपूर्ण अर्थ राख्छ। चीन–रुस सम्बन्ध सबै चुनौती सामना गर्दै चट्टानझैँ दृढ उभिएको छ। चीन-रूस रणनीतिक समन्वयात्मक साझेदारी सुरुदेखि नै समानता, पारस्परिक सम्मान र आपसी लाभका आधारमा स्थापित छ। यो सम्बन्धले प्रमुख राष्ट्रहरूबिच नयाँ प्रकारको सम्बन्धको सार या दिशा प्रतिनिधित्व गर्दछ। चीन र रूस दुवै रणनीतिक रूपमा स्वतन्त्र छन्। "हामी सधैँ एकअर्काका मूलभूत हितहरूको सम्मान गर्छौं, एकले अर्कामाथि आफ्नो इच्छा वा स्वार्थ थोपर्दैनौँ र गठबन्धन, टकराव तथा कुनै तेस्रो पक्षलाई लक्षित गर्ने विचार राख्दैनौँ।" यो दुई पक्षको साझा भावना हो। प्रमुख अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मामिलाहरूमा चीन र रूसबिच व्यापक रणनीतिक सहमति र घनिष्ठ समन्वय हुनुका साथै अन्तर्राष्ट्रिय नियम कानुन र व्यवस्थाको रक्षा पनि गर्दै छन् ।

चीन-अमेरिका सम्बन्ध – चीन र संरा अमेरिकाबिचको सम्बन्ध दूरगामी तथा विश्वव्यापी प्रभाव पार्ने प्रकृतिको छ। यी दुई पक्षले एकअर्कातर्फ पीठ फर्काए भने त्यसले केवल आपसी कलह, गलत बुझाइ या आकलनतर्फ लान्छ। सम्बन्ध द्वन्द्व वा टकरावतर्फ उन्मुख भयो भने यसले विश्वका लागि विपत्ति निम्त्याउन सक्छ। चीन र अमेरिका दुवै ठुला राष्ट्र हुन्। कुनै पनि पक्षले अर्कोलाई पुनःनिर्माण गर्न सक्दैन। पारस्परिक सम्मानको भावनामा प्रतिबद्ध रहने, शान्तिपूर्ण सहअस्तित्वको न्यूनतम आधारलाई कायम राख्ने र पारस्परिक लाभ (win–win) हुने सहकार्यको सम्भावनाका लागि प्रयास गर्ने उपाय उत्तम हुन्छन्। यही नै चिनियाँ र अमेरिकी जनताको हितमा छ र अन्तर्राष्ट्रिय समुदायको अपेक्षा पनि यही हो ।

यो वर्ष चीन-अमेरिका सम्बन्धका लागि 'महत्त्वपूर्ण वर्ष' हो। उच्चस्तरीय आदान-प्रदानको कार्यसूची पहिले नै तय भइसकेको छ। अब दुवै पक्षले गर्नुपर्ने कुरा भनेको आवश्यक विद्यमान जोखिमहरूको व्यवस्थापन गर्नु र अनावश्यक अवरोधहरू हटाउनु हो। यसमा चीन सधैँ प्रतिबद्ध र खुला छ। अमेरिकी पक्षले पनि सोही दिशामा काम गर्नु हितकर हुन्छ। दुवै पक्षले एकअर्कालाई इमानदारी र सद्भावका साथ व्यवहार गरे सहकार्यको सूची लामो र समस्याको सूची छोटो हुनेछ।

चीन-युरोप सम्बन्ध – गत वर्षदेखि चीन र युरोपेली देशहरूबिच सम्बन्ध पुनः सुदृढ हुँदै छ। द्विपक्षीय व्यापार १० खर्ब अमेरिकी डलर नाघ्यो, २० लाखभन्दा बढी युरोपेली पर्यटकहरूले भिसा-मुक्त नीतिको सुविधामा चीन भ्रमण गरे साथै युरोपेली नेताहरूले विविध अवसरमा चीन भ्रमण गरे। युरोपसँग सम्बन्ध विकास गर्ने विषयमा चीनको स्पष्ट दृष्टिकोण छ। बहुध्रुवीय विश्वमा युरोप स्वाभाविक रूपमा एक महत्त्वपूर्ण ध्रुव हो, युरोप अन्तर्राष्ट्रिय व्यवस्थाको स्थिरतालाई आधार प्रदान गर्ने एक महत्त्वपूर्ण शक्ति पनि हो। आधुनिकीकरण यात्रामा युरोप चीनका लागि एक प्रमुख साझेदार हो। चीन-युरोप सम्बन्धलाई स्थिर र सुदृढ राख्न युरोपले चीनप्रति सही धारणा राख्नु अत्यन्त आवश्यक छ। चीन प्रतिस्पर्धी नभई एक वैश्विक साझेदार हो, विशेष गरी युवापुस्तामा यो बुझाइ अझ स्पष्ट छ ।

व्यापार तथा आर्थिक सम्बन्धको हकमा चीन र युरोप एकअर्काका पूरक छन्। खुलापन तथा सहकार्यले आर्थिक सुरक्षालाई कमजोर बनाउँदैन बरु पर्खाल र अवरोध निर्माण गर्दा आत्म-अलगाव अर्थात् एकलकाँटे प्रवृत्ति हुर्काउँछ। युरोपेलीहरूले संरक्षणवादको 'साँघुरोपन' बाट बाहिर निस्केर खुला या फराकिलो बजारमा आफ्नो शक्ति र प्रतिस्पर्धात्मक क्षमता बढाउँदै जानुपर्छ।

चीन-ल्याटिन अमेरिका सम्बन्ध – १९ औँ शताब्दीका पुराना ढाँचा या अभ्यास २१ औँ शताब्दीको अन्तर्राष्ट्रिय मञ्चमा दोहोऱ्याइनुहुँदैन। ल्याटिन अमेरिका तथा क्यारिबियाली (LAC) क्षेत्रका स्रोतहरू त्यहाँका जनताकै हुन्, LAC देशहरूले अपनाउने मार्ग त्यहींको जनताले निर्धारण गर्नुपर्छ र कसलाई मित्रको रूपमा छनोट गर्ने भन्ने निर्णय पनि उनीहरूको आफ्नै अधिकारको विषय हो ।

चीन–ल्याटिन अमेरिका सहकार्य ग्लोबल साउथका देशहरूबिचको पारस्परिक सहयोग र समर्थनमा आधारित छ। पछिल्ला ५० वर्षभन्दा बढी अवधिमा चीन – ल्याटिन अमेरिका सम्बन्ध उल्लेखनीय रूपमा विकसित भएको देखिन्छ। यसको मुख्य कारण चीनले सधैँ ल्याटिन अमेरिकी जनताको सम्मान गर्नु र LAC देशहरूसँग समान व्यवहार तथा पारस्परिक लाभको आधारमा सम्बन्ध विकास गर्नु हो। "हामी कहिल्यै भू-राजनीतिक योजनामा संलग्न हुँदैनौँ, अन्य देशहरूको आन्तरिक मामिलामा हस्तक्षेप गर्दैनौँ र कसैलाई कुनै पक्ष रोज्न दबाब दिँदैनौँ।" यो चीनको कुटनीति हो। चीन र LAC देशहरूबिचको सहकार्यले कुनै तेस्रो पक्षलाई लक्षित गरेको छैन र कुनै पनि तेस्रो पक्षको हस्तक्षेप यो सम्बन्धमा हुनु हुँदैन। चीन-LAC सम्बन्धको भविष्य निकै उज्यालो छ। परिस्थिति जस्तोसुकै रहे पनि चीन LAC देशहरूसँग मिलेर साझा भविष्यसहितको मानव समुदाय निर्माण या विकास गर्न सदैव तयार देखिन्छ।




चीन-अफ्रिका सहकार्य – ७० वर्षदेखि चीन-अफ्रिका सम्बन्धले बदलिँदो अन्तर्राष्ट्रिय परिस्थितिहरूको परीक्षा पार गर्दै जीवन्त मित्रता कायम गर्दै आएको छ। ३६ वर्षदेखि चीनका विदेशमन्त्रीले वर्षको सुरुआत अफ्रिका भ्रमणबाट गर्ने परम्परा कायम राखेका छन्। यो निरन्तरताले चीनको कूटनीतिक भावना र प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। विदेश मन्त्री वाङले भन्नुभयो – "यस वर्षको सुरुआतमा मैले इथियोपिया भ्रमण गर्दा त्यहाँका जनताले स्नेहपूर्वक चाउ एन लाइको अफ्रिका भ्रमण (डिसेम्बर १९६३ देखि फेब्रुअरी १९६४ सम्म) का भावुक क्षणहरू सम्झिए। त्यसपछि तान्जानियामा जनताले अझै पनि १९६० र १९७० को दशकमा ताजारा रेलमार्ग निर्माणमा चीनले गरेको सहयोगको स्मृति संगालेर राखेको पाएँ। उनीहरू त्यो निर्माणका लागि आफ्नो जीवन अर्पण गरेका र कहिल्यै घर फर्कन नपाएका युवा चिनियाँ इन्जिनियर र कामदारहरूलाई सम्झन्छन्।" चीन-अफ्रिका मित्रता एउटा पुस्तादेखि अर्को पुस्तासम्म हस्तान्तरण हुँदै आएको छ। यसर्थ, चीन-अफ्रिका सम्बन्ध हृदयदेखि हृदय जोडेर, पसिना र रगतले निर्माण गरिएको सम्बन्ध हो भन्दा अतिशयोक्ति हुँदैन।

यस वर्ष चीन-अफ्रिका सम्बन्धमा धेरै नयाँ विकासहरू देखिनेछन्, जसमध्ये तीनवटा विषयमा ध्यानाकर्षण हुन्छ। पहिलो, साझा भविष्यसहितको चीन-अफ्रिकी समुदाय निर्माणमा नयाँ कदमहरू चालिनेछन्। दोस्रो, मे १ देखि अफ्रिकी आयातहरूको १०० प्रतिशतमा शून्य भन्सार दरको पूर्ण कार्यान्वयन गरिनेछ। तेस्रो, चीन-अफ्रिकाका जनता-जनताबिचको आदान-प्रदानका लागि यो वर्ष करिब ६०० उत्साहजनक कार्यक्रमहरू आयोजना गरिनेछन्।

जापानसँग सम्बन्ध – चीन-जापान सम्बन्धको भविष्य जापानले गर्ने छनोटहरूमा निर्भर गर्दछ। गत वर्ष जापानी आक्रमणविरुद्ध प्रतिरोध युद्धको ८० औँ विजयोत्सव थियो। यो विशेष वर्षमा जापानले आफ्नो विगतका गलत निर्णयहरू (जसमा ताइवानमाथिको क्रूर आक्रमण र उपनिवेशीकरण पनि समावेश छ) प्रति गहिरो आत्मालोचना गर्नुपर्ने थियो तर उल्टै वर्तमान जापानी नेताले ताइवानसम्बन्धी कुनै पनि आपत्कालीन अवस्था जापानका लागि "अस्तित्वमा खतरा पुऱ्याउने अवस्था" बन्न सक्ने दाबी गरे। जापानले तथाकथित 'सामूहिक आत्मरक्षाको अधिकार' प्रयोग गर्न सक्ने बताए। आत्मरक्षाको अधिकार केवल त्यतिबेला प्रयोग गर्न सकिन्छ जब कुनै देशमाथि सशस्त्र आक्रमण भएको हुन्छ। यहाँ ताइवानसम्बन्धी विषय त पूर्णरूपमा चीनको आन्तरिक मामिला हो, जापानलाई त्यसमा हस्तक्षेप गर्ने अधिकार कसले दियो ? 'सामूहिक आत्मरक्षाको अधिकार' प्रयोग गर्नु के 'युद्ध त्याग्ने' जापानको शान्तिवादी संविधान खोक्रो बनेको घोषणा हो ? के जापान अझै सैन्यवाद हुर्काउँदै छ ? अतीतमा 'अस्तित्वमा खतरा' भन्ने बहाना बनाई जापानले आक्रमण सुरु गरेको चीनले भुलेको छैन। आज यस्ता अभिव्यक्तिले चीनलाई अतीतको घाउ स्मरण गराएको छ भने सम्पूर्ण एशियाका जनतालाई त्रसित बनाएको छ ।

यस वर्ष टोकियो ट्रायल (अदालत) को ८० औँ वार्षिकोत्सव पनि मनाइँदै छ। ८० वर्षअघि ११ देशका न्यायाधीशहरूले करिब दुई वर्षभन्दा बढी समयसम्म चलेको कारबाही सुरु गरेका थिए, जसमा असङ्ख्य अकाट्य प्रमाणहरूको समीक्षा गरी जापानी सैन्यवादका अनगिन्ती अपराधहरू उजागर गरिएको थियो। Tokyo Trials मानवताको विवेक परीक्षणको रूपमा ऐतिहासिक न्याय प्रदान गरिएको थियो। आज ८० वर्षपछि जापानलाई पुनः गम्भीर आत्ममूल्याङ्कन गर्ने अवसर प्राप्त भएको छ। चिनियाँ उखानहरूमा भनिएझैँ – 'इतिहास मानव कार्यहरूको उत्थान र पतन देखाउने ऐना हो' र 'विगतलाई नबिर्सनु भविष्यका लागि मार्गदर्शक बन्छ।' जापानी जनताले आफ्नो दृष्टिकोण स्पष्ट राख्नेछन् र फेरि त्यही विनाशकारी बाटोमा हिँड्ने कुनै पनि मूर्ख प्रयासलाई कहिल्यै अनुमति दिनेछैनन् भन्ने विश्वास अन्तर्राष्ट्रिय समुदायको हो। १.४ अर्ब जनसङ्ख्या भएको एउटा बलियो देश चीनले उपनिवेशवाद स्वीकार्ने वा आक्रमण र हमलाबारे इतिहासले सिकाएको पाठ उल्ट्याउने कुनै पनि प्रयास कहिल्यै स्वीकार गर्नेछैन।

चीन-भारत सम्बन्ध – राष्ट्रपति सी चिन फिङ र प्रधानमन्त्री नरेन्द्र मोदीबिच गत अगस्टमा टियांजिनमा सफल भेटघाट भएको थियो। सन् २०२४ मा कजानमा भएको उनीहरूको भेटले सिर्जना गरेको नयाँ सुरुवातलाई आधार बनाउँदै चीन-भारत सम्बन्धमा थप सुधार ल्याएको छ। आजको परिवेशमा चीन र भारतले एकअर्कालाई प्रतिस्पर्धी होइन, साझेदारको रूपमा लिनुपर्छ। खतरा होइन, अवसरको रूपमा हेर्ने सही रणनीतिक दृष्टिकोण कायम राख्नुपर्छ। राम्रो छिमेक सम्बन्ध र मित्रतालाई सुदृढ बनाउनुपर्छ र सीमावर्ती क्षेत्रहरूमा शान्ति तथा स्थिरता संयुक्त रूपमा सुनिश्चित गर्नुपर्छ। विकासमा ध्यान केन्द्रित गर्नुपर्छ र यो नै दुई देशको सबैभन्दा ठुलो साझा आधार हो। आगामी दुई वर्षमा एकअर्काको BRICS अध्यक्षताको समर्थन गर्दै BRICS सहकार्यलाई अझ सार्थक बनाउन र ग्लोबल साउथका लागि नयाँ आशा सिर्जना गर्न अग्रसर हुनुपर्छ। यी प्रयासले सिङ्गो एसियाको हित गर्ला।

दक्षिण चीन सागर – South China Sea विश्वको सबैभन्दा व्यस्त, सुरक्षित र स्वतन्त्र जलमार्गहरूको केन्द्र हो। गत वर्ष दक्षिण चीन सागरमा सहकार्यले राम्रो गति कायम राख्यो। तथापि दीर्घकालीन शान्ति र स्थिरताका लागि सुदृढ संस्थागत आधार आवश्यक हुन्छ। दक्षिण चीन सागर आचारसंहिता (COC) सम्बन्धी परामर्श निर्णायक चरणमा पुगेको छ। सबै सम्बन्धित पक्षहरू यसलाई यही वर्ष सम्पन्न गर्ने अपेक्षामा छन्। सबै पक्षहरूसँग मिलेर चीनले हस्तक्षेप हटाउने, मतभेद कम गर्ने, साझा आधार विस्तार गर्ने र यथाशीघ्र सहमति हासिल गर्ने आत्मविश्वास र दृढता राख्दछ। यस वर्ष Association of Southeast Asian Nations को अध्यक्ष राष्ट्रको रूपमा रहेको फिलिपिन्सले आफ्नो जिम्मेवारीलाई पहिचान गरी पूरा गर्नेछ, सङ्कुचित स्वार्थको प्रभावबाट टाढा रहनेछ र क्षेत्रीय शान्ति तथा स्थिरताका लागि सकारात्मक भूमिका निर्वाह गर्ने अपेक्षा राखिएको छ।

ताइवान प्रश्न – ताइवान प्राचीनकालदेखि नै चीनको अभिन्न हिस्सा रहँदै आएको छ। यो कहिल्यै स्वतन्त्र देश थिएन, अहिले र भविष्यमा पनि हुनेछैन। ताइवान चीनमा पुनःसमावेश हुनु भनेको जापानी आक्रमणविरुद्ध चिनियाँ जनताको प्रतिरोध युद्ध तथा द्वितीय विश्वयुद्धमा विजयको परिणाम या प्रमाण हो। विभिन्न अन्तर्राष्ट्रिय कानुनी दस्ताबेजहरू Cairo Declaration, Potsdam Proclamation, जापानको आत्मसमर्पण पत्र, तथा United Nations General Assembly को प्रस्ताव २७५८ अनुसार पनि ताइवान चीनको भन्ने पुष्टि हुन्छ। आज 'दुई चीन' वा 'एक चीन, एक ताइवान' को परिस्थिति तयार गर्ने कुनै पनि प्रयास असफल हुने निश्चित छ।

Democratic Progressive Party का अधिकारीहरूले आफ्नो पृथकतावादी कार्यसूचीलाई एकोहोरो पछ्याउनु नै ताइवान जलडमरूमा शान्ति र स्थिरतालाई कमजोर बनाउने मूल कारण हो। अन्तर्राष्ट्रिय समुदायले 'ताइवान स्वतन्त्रता' को विरोध गर्दै छन्। एक-चीन सिद्धान्तलाई अन्तर्राष्ट्रिय समुदायबाट बलियो समर्थन प्राप्त छ। धेरै देशहरू चीनको पक्षमा उभिँदै छन्। चीनको पुनःएकीकरणको अभियानलाई समर्थन गर्दै छन्। यो नै समयको माग हो र यसले अन्तर्राष्ट्रिय समुदायको अपेक्षालाई पनि पूरा गर्दछ।

इरान – चीनले विभिन्न अवसरमा युद्धविरुद्ध आफ्नो सैद्धान्तिक अडान स्पष्ट रूपमा प्रस्तुत गर्दै आएको छ। युद्धविराम र शत्रुता अन्त्य गर्नु नै सुन्दर भविष्यको बाटो हो भन्नेमा चीन प्रस्ट छ। प्राचीन चिनियाँ भनाइ छ – "हतियार अशुभ साधन हुन् र तिनको प्रयोग अनावश्यक रूपमा गर्नु हुँदैन।" आज मध्यपूर्व क्षेत्र आगोले घेरिएको अवस्था छ, यो हुनै नहुने युद्ध हो, यो युद्धले कसैलाई पनि लाभ हुँदैन। मध्यपूर्वको इतिहासले बताउँछ – बल प्रयोग कुनै समाधान होइन र सशस्त्र द्वन्द्वले केवल घृणा बढाउँछ, नयाँ सङ्कटहरू जन्माउँछ। चीनले मध्यपूर्वमा शान्तिको पक्षमा बोलिरह्यो।

चीनको दृष्टिकोणअनुसार इरान तथा मध्यपूर्वसँग सम्बन्धित समस्याहरूको सही र उपयुक्त समाधान खोज्न निम्न आधारभूत सिद्धान्त पालन गर्न आवश्यक छ – राष्ट्रिय सार्वभौमिकताको सम्मान, बल मिचाइँ अस्वीकार, आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीति, सङ्कटग्रस्त मुद्दाहरूको राजनीतिक समाधान प्रवर्द्धन, र प्रमुख देशले आफ्नो क्षमता सद्भावपूर्ण रूपमा प्रयोग गर्दै रचनात्मक भूमिका निर्वाह गर्ने।

प्यालेस्टिनी-इजरायली द्वन्द्व – Gaza मा उत्पन्न अवस्था अन्तर्राष्ट्रिय न्यायसम्बन्धी आधारभूत मर्मको परीक्षा हो। युद्धविरामलाई सम्भव बनाउन गरिएको अन्तर्राष्ट्रिय प्रयासको चीनले स्वागत गऱ्यो तर युद्धविरामलाई सुदृढ गर्ने, पुनर्निर्माणलाई अगाडि बढाउने र प्यालेस्टिन प्रश्नको व्यापक तथा दीर्घकालीन समाधान खोज्ने कार्य अझै चुनौतीपूर्ण छ। प्यालेस्टिन प्रश्नको एक मात्र न्यायसङ्गत र व्यापक रूपमा मान्य समाधान भनेको दुई-राज्य समाधान हो। अन्य कुनै पनि व्यवस्था वा नयाँ संयन्त्रले यस समाधानलाई कमजोर बनाउनु हुँदैन। अन्तर्राष्ट्रिय समुदायले प्यालेस्टाइन प्रश्नलाई फेरि एकपटक किनारामा धकेलिन दिनु हुँदैन। यस प्रक्रियालाई अघि बढाउन संयुक्त राष्ट्र सङ्घले अझ ठुलो जिम्मेवारीसाथ नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्छ।

# विद्यार्थी सङ्गठन र राजनीति

✍ **एक विद्यार्थी**

*ALERT!! ALERT!! भोलिको आन्दोलनमा School Uniform वा College Uniform मा (ID सहित) आउनुभयो भने पुलिस प्रशासन निकै डराउँछ किनभने Uniform मा कसैलाई पनि लछारपछार गर्न पाउँदैन। यो International Law मा पर्छ। गऱ्यो भने सरकारमाथि विश्वव्यापी दबाब आउँछ र सरकार संसारभरि Expose हुन्छ। So पछाडि School bag अनि water bottle पनि हाल्नु र side मा umbrella fold गरेर हाल्नुपर्छ।*
*UNIFORM IS POWER*
*Stay United, Stay Strong, Stay Safe*
*Nepal Police/GenZ/1Like For Nepal/!....*

भदौ २३ र २४ गते 'विद्यार्थी आन्दोलन' भयो। १२ देखि २८ वर्ष उमेरका विद्यार्थीलाई सडकमा उतार्न माथिको 'सूचना' लाई प्रयोग गरियो। झूटो 'सूचना' को बलमा विद्यार्थीको रगत बगाइयो। आन्दोलनपछि सरकारमा पुगे - बालेन्द्र शाह र उनको दल रास्वपा। चैत १३ गते 'नयाँ' सरकारको पहिलो बैठक बस्यो। बैठकले ३ महिनाभित्र विद्यार्थी सङ्गठनहरू खारेज गर्ने निर्णय गऱ्यो। विद्यार्थीहरूलाई राजनीतिमा उतारेर बनेको 'नयाँ' सरकार विद्यार्थीहरूलाई (राजनीतिक रूपमा) सङ्गठित हुने अधिकारबाट वञ्चित गर्न तम्सियो।

यो खेलको पहिलो दृश्य मात्र हो। लक्ष्य हो - विद्यार्थीलाई विशुद्ध 'विद्यार्थी हक-हित' मा अलमल्याउने र राजनीतिक-चेतबाट वञ्चित गर्ने (Depoliticize वा अ-राजनीतीकरण गर्ने)।

**नेपालमा विद्यार्थी आन्दोलन**

विसं १९७५ मा त्रिचन्द्र कलेजको उद्घाटन गरेपछि राणा प्रधानमन्त्री चन्द्रशमशेरले भनेका थिए - मैले आफ्नो खुट्टामा आफै बन्चरो हानेँ। नभन्दै त्यही पढ्ने विद्यार्थीहरूले राणाहरूको निरङ्कुश शासनको जग हल्लाइदिए। ती विद्यार्थी सचेत थिए; भावुक थिए; त्यसैले लोभलालचले दबेनन्; तिनले 'बहुजन हिताय र बहुजन सुखाय' को लागि जस्तोसुकै बलिदानी र पराक्रम गर्ने तागत राखे। टङ्कप्रसाद आचार्यको नेतृत्वमा १०४ वर्ष पुरानो राणा शासन ढल्यो। नेपाली विद्यार्थीहरूले एक आदर्श पाए - गंगालाल श्रेष्ठ।

२००७ सालमा दिल्ली सम्झौता भयो। देशको सार्वभौमिकतालाई भारतको तखतमा राख्ने देखेर विद्यार्थीहरू सडकमा उत्रे। विद्यार्थीले अर्को सहिद पाए - चिनियाकाजी। सुस्तामा भारतले सीमा मिच्दा बोल्ने विद्यार्थी थिए। राजा महेन्द्रले 'विद्यार्थीको काम पढ्ने-लेख्ने हो' भनी विद्यार्थीलाई केवल 'विद्यार्थी हक-हित' मा सीमित गर्न खोजे। तथापि, ०३६ सालमा राजनीतिक अधिकारका लागि लड्नेहरू विद्यार्थी सङ्गठन नै थिए। ०४६ सालको आन्दोलनमा पनि विद्यार्थी राजनीतिक सङ्घर्षको अग्रमोर्चामा रहे।

शासकहरूले विद्यार्थी सङ्गठनको शक्तिलाई सुरुदेखि नै कम गर्ने प्रयास गर्दै आएका छन्। खासगरी नेपालमा नवउदारवादको प्रवेशसँगै स्वदेशी र विदेशी दुवैतिरका शासकहरूले विद्यार्थी नेताहरूलाई भ्रष्ट बनाउन थाले। ०६२/६३ को जनआन्दोलनपछि यो क्रमले तीव्रता पायो। ०४६ साल अगाडि विद्यार्थी सङ्गठनहरूबिच बाक्लो वैचारिक बहस हुने गरेको पाइन्छ। ०४६ सालपछि विद्यार्थीहरूमा यो संस्कृति घट्दै गयो। तिनलाई नवउदारवादी झिलिमिलीमा भुलाएर बहस-विमर्शको संस्कृतिलाई घटाउँदै लगियो।

**विद्यार्थी राजनीतिलाई कसले-किन दूषित बनायो ?**

०६२/०६३ पछि शासक दलका विद्यार्थी सङ्गठनहरू झन्झन् भ्रष्ट हुन थाले। गुन्डागर्दी, माफिया र विदेशी गैरसरकारी संस्थाहरूसँग तिनको हिमचिम बढ्यो। विद्यार्थीको भविष्यसँग जोडिएका घातक नीति-नियममा तिनले हचुवा हस्ताक्षर गरे। एकैपल्ट उच्च शिक्षाको शुल्क ५०० प्रतिशत बढाइयो। प्रतिवर्ष उच्च शिक्षाको शुल्क १० प्रतिशत बढाउने निर्णय भयो। शासक दलका विद्यार्थी नेताले त्यो विद्यार्थीमारा निर्णयमा लालमोहर लगाए। गैरसरकारी संस्थाको भाउँतोमा लागेर 'विद्यालय शान्ति क्षेत्र' को नाममा तिनले विद्यार्थीहरूलाई अ-राजनीतीकरण गर्ने खेल सुरु गरे।

नेपालमा विद्या र विद्यार्थीको स्तर खस्काउँदै लगियो। भर्नाको बेला हडताल गरेर तिनले विद्यार्थीलाई पढ्नका लागि विदेश पठाउने कन्सल्टेन्सीहरू खोले। दक्षिण एसियाकै प्रतिष्ठित विश्वविद्यालय त्रिविलाई निजीकरणको बाटोमा लगियो। विदेशी दाताहरूको सर्तमुनि दब्दै पाठ्यक्रमलाई फितलो पार्दै लगियो। स्कुले पाठ्यक्रमलाई विदेशमुखी बनाइयो। विदेशी विश्वविद्यालयहरूले नेपालमा आआफ्ना पाठ्यक्रम पढाएर आफ्नो देशलाई चाहिने सस्ता ज्यामीहरू तयार गर्न थाले। देशको शिक्षा व्यवस्थामा नवउदारवादी अर्थनीतिले राइँदाइँ मच्चाइरहँदा शासक दलका विद्यार्थी सङ्गठनहरू कानमा तेल हालेर बसे। उल्टो कतिपय निर्णयमा उनीहरू नवउदारवादका सारथी बने।

विद्यार्थी राजनीति कतिसम्म बिग्रियो भने शासक दलका विद्यार्थी नेताहरूले कतिपय सहरमा 'हप्ता उठाउन' थाले। यसले 'चन्दा आतङ्क' को रूप लियो। क्याम्पसमा हुने ठेक्कापट्टामा तिनले कमिसन खान थाले। ठेकेदारहरूले विद्यार्थी नेता पाल्न थाले। ठेकेदार-गुन्डा-विद्यार्थी नेताले शैक्षिक वातावरण बिगार्दै लगे। विद्यार्थीले पाउनुपर्ने छात्रवृत्ति, विद्यार्थीको धरौटी रकम, शैक्षिक भ्रमणको पैसा आदिमा शासक दलका विद्यार्थी नेताहरूले रजगज चलाए। भड्किला कन्सर्ट गर्ने, विद्यार्थीहरूको फर्म भरिदिने जस्ता कार्यमा तिनीहरू अग्रसर भए। विद्यार्थीलाई चिट चोराउने काममा पनि तिनको संलग्नता देखियो।

पञ्चायती शासकहरूले ३० वर्षमा गर्न नसकेको काम नेका, एमाले र माओवादी शासकहरूले गणतन्त्रका २० वर्षमा गरेर देखाइदिए। विद्यार्थी नेताहरू अन्ततः भ्रष्ट भए। विद्यार्थी सङ्गठनहरू बदनाम हुँदै गए। विद्यार्थी नेताले शासकहरूको चाकडी गर्न थाले। विद्यार्थी नेताहरू शासकका 'झोले' बन्न पुगे। (जस्तो, आफ्नो सरकारले महँगी बढाउँदा, देशघाती एमसीसी सम्झौता गर्दा तिनले बचाउ गरे।) विद्यार्थी नेताहरू 'फेन्सी' र मैमत्त बने; दलीय भागबन्डामा रमाए। जनतासँगको तिनको सम्बन्ध घट्दै गयो।

नयाँ पुस्ताका नेता भ्रष्ट बनेपछि पुराना शासकहरूको धन्दा अविराम चल्न पायो।

**विश्व राजनीति र विद्यार्थी**

रास्वपाको बचाउ गर्दै एक बुद्धिजीवीले लेखे, "उपनिवेशवादविरोधी सङ्घर्षमा विद्यार्थी आन्दोलन चलेको थियो। अब त्यसको आवश्यकता छैन।"

आधुनिक इतिहास हेर्दा युरोपमा विद्यार्थीहरूबिच विभिन्न सङ्गठन खोल्ने, वैचारिक बहस गर्ने चलन पाइन्छ। तिनको बलियो प्रभाव रुसमा देखियो। विद्यार्थीहरूले खुला र गुप्त सङ्गठनहरू खोलेर राजनीतिक गतिविधि गरे। रुसका राजाले विश्वविद्यालयमा हजारौँ गुप्तचर खटाए र विद्यार्थी सङ्गठनहरू खारेज गरे। त्यसको विरोधमा लेनिनजस्ता विद्यार्थीले सङ्घर्ष गरे। तिनै विद्यार्थीको अग्रसरतामा रुसमा राजतन्त्र हट्यो, अक्टोबर क्रान्ति भयो र देश अन्तरिक्ष युगमा पुग्यो।

सोभियत सङ्घको प्रभाव छिट्टै संसारभरि फैलियो। एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका विद्यार्थीहरू रुसी क्रान्तिबारे सचेत थिए। पहिलो विश्वयुद्धमा चीनलाई जापानको भागमा पारेपछि सन् १९१९ मा पेचिङ विश्वविद्यालयका विद्यार्थीहरू सडकमा आए। माओ त्सेतुङजस्ता नेताहरू त्यही विश्वविद्यालयमा हुर्केका थिए। अङ्ग्रेज शासनविरुद्ध सङ्घर्ष गरेका भगत सिंह र उनका साथीहरू नेसनल कलेजका विद्यार्थी थिए। क्यामे एनक्रुमा, नेल्सन मन्डेला, क्रिस हानी जस्ता अफ्रिकाका धेरै स्वतन्त्रता सेनानी विद्यार्थीकालबाटै राजनीतिमा थिए। नेपालमै पनि जयतु संस्कृतम्, लाइब्रेरी काण्डजस्ता आन्दोलन विद्यार्थीले नै चलाएका थिए।

हो, उपनिवेशवादविरोधी सङ्घर्षमा विद्यार्थी सङ्गठनहरूको योगदान विश्वभरि नै रह्यो। तर, के अब उपनिवेशवादको जरा उखेलिएको हो ? - होइन।

ऋण र सहयोग दिने नाममा पुरानो उपनिवेशवादले नयाँ जन्म पायो। यसलाई 'नवउपनिवेशवाद' भनियो। साम्राज्यवादी देशहरू अहिले प्राकृतिक स्रोतसाधनको लुटपाटमा जुटेका छन्। तिनले अफ्रिकी नेताहरूलाई मारेर त्यहाँको स्रोतसाधन कब्जा गरे। पश्चिम एसियाका देशहरूलाई योजना बनाएरै पालैपालो हातमा लिए। अहिले त्यो योजनाको अन्तिम युद्ध इरानमा चल्दै छ। नेपालमै पनि एमसीसी सम्झौता थोपर्नका लागि अमेरिकी नेताहरू डोनाल्ड लु, फातिमा सुमार आदिको दादागिरी देखिएकै हो। त्यसको विरोधमा सचेत युवा विद्यार्थी नै सडकमा आएका थिए।

नेपालमा 'एमसीसी' पछि अब 'एसपीपी' को पालो भनिँदै छ। हामीकहाँ भेटिएका दुर्लभ खनिजहरूमा विदेशीहरूले आँखा गाड्दै छन्। यस्तो बेला साम्राज्यवादविरोधी विद्यार्थी आन्दोलनको झन् खाँचो छ। भियतनाम युद्ध, गाजा युद्ध र अहिले इरान युद्धमा अमेरिका र युरोपका विद्यार्थीहरू आफ्नै सरकारको विरोधमा सडकमा उत्रेको सारा संसारले देख्यो। पीडक देशका विद्यार्थीहरू सङ्घर्षमा उत्रेको देखीदेखी पीडित देशका 'विद्यार्थीले राजनीति गर्न छोड्नुपर्छ' भन्नु लाजमर्दो तर्क हो। यस्तो तर्क साम्राज्यवादी शासकहरूले मात्र राख्न सक्छन्।

भियतनाम युद्धमा विद्यार्थीहरूको सामूहिक शक्ति देखेर तर्सेका अमेरिकी शासकहरूले योजना बनाएरै आफ्ना विद्यार्थीलाई अ-राजनीतीकरण गरे। तिनलाई बिगार्न र व्यक्तिवादी बनाउन पप कल्चरको घनघोर प्रचार गरे। गीत-सङ्गीत र फिल्ममार्फत यौन, अपराध र लागूऔषध बेचे। नयाँ पुस्तालाई राजनीतिक चेतबाट टाढा राख्ने यी हत्कण्डा नेपालमा पनि प्रयोग भएकै हो। आज हाम्रा विद्यार्थीहरूको दिमागमा 'विदेश जाने भूत' भरिएको छ। पूर्व उपनिवेश देशको जनशक्ति सस्तो भाउमा खोस्ने साम्राज्यवादी देशकै योजनाअनुसार यो भूत भरिएको हो।

**नेता बन्न विदेशी तालिम !**

नेता नै नभएर नेपाल यहाँसम्म आएको होइन। नेपाल गौरव गर्नलायक नेताहरू जन्माएको देश हो। भीमसेन थापा, टंकप्रसाद आचार्यजस्ता नेता यही भूमिमा जन्मेका र विदेशीले मानमनितो गरेका नेता थिए। बाहुनवादी रुढीवादको विरोध गर्दै एक समतामूलक समाजको परिकल्पना गर्ने गौतम बुद्धलाई कुनै विदेशीले तालिम दिएको थिएन।

तर, २००७ सालपछि धेरै कुरा उल्टियो। नेपालमा नेता तयार गर्नका लागि विदेशी संस्थाहरू खुल्न थाले। लायन्स, लियो, जेसिस, रोटरी, रोट्र्याकजस्ता संस्थाले नेतृत्वकलाको तालिम चलाउन थाले। यसको सूत्रपात कोइराला परिवारबाट भएको पाइन्छ। साथमा, विदेशीसँग असमान सन्धि-सम्झौता गर्ने सिलसिला पनि सोही परिवारले सुरु गऱ्यो। ०१५ सालको निर्वाचन जिताएबापत बीपी कोइरालाले गण्डक नदी भारतलाई दिएको उबेलै गणेशमान सिंहले भनेका थिए।

०४६ सालपछि देशैभरि विदेशी गैरसरकारी संस्थाका मालिकहरू नेता बन्ने परिपाटी बस्यो। पञ्चायती शासकका छोराछोरीहरूले घोडा फेरे; एमाले, काङ्ग्रेस जस्ता 'नयाँ' पार्टीमा प्रवेश गरे। छोराछोरीलाई विदेशमा पढाउने र उच्च तलबयुक्त नोकरी दिलाउने शासकहरूको मोह घटेन। झन् बढ्यो। एक विद्वानले टिप्पणी गरे - हाम्रा शासकहरूले गान्धी र माओ बन्न आनाकानी गरे।

मिल्टन फ्रिडमेन पढेर आएका रामशरण महतजस्ता 'नयाँ' र 'युवा' नेताहरूले नेपाली अर्थतन्त्रलाई नवउदारवादी बनाइदिए। विदेशीहरूको मर्जीबमोजिम स्वदेशी उद्योगहरू निजीकरण गरे। प्रत्येक निर्वाचन क्षेत्रबाट २०० का दरले युवायुवतीलाई खाडीमा बेच्ने काम सुरु गरे। हिजो नेपाली चेली बम्बइमा बेचिन्थे। काङ्ग्रेस, एमालेका 'युवा' नेताहरूले नेपाली चेलीहरूलाई अफ्रिकासम्म बेच्ने वातावरण बनाए।

अलि गहिरिएर हेर्ने हो भने २००७ सालपछि नेपाली मौलिकता र मर्म बुझेका नेताहरू सत्तामा बिरलै पुगेका छन्। कुनै न कुनै मोडमा विदेशीहरूले उकेरा हालेका, पढाएका, लेखाएका, हुर्काएका नेताहरूले मात्र सत्ताको सोपान चढेको देखिन्छ। हिजो विदेशीहरूले अनेक आवरण ओढेर नेपालमा नेता तयार गर्थे। १५ वर्षदेखि अमेरिकी राजदूतावासले यो काम हाकाहाकी गर्दै आएको छ। उसले प्रतिवर्ष झन्डै ५५ युवालाई 'अमेरिकन युथ काउन्सिल' को सदस्यता दिन्छ। तिनलाई नेतृत्वकला सिकाउँछ। नेपालका वर्तमान प्रधानमन्त्रीदेखि रास्वपाका कतिपय नेताले यही तालिम लिएको खबर छ।

विदेशीबाट तालिम लिएर नेता बनेका शासकहरूले के टंकप्रसाद आचार्यले जस्तो विदेशीसँग आँखा जुधाएर कुरा गर्न सक्लान् ? के तिनले तालिमदाताहरूको मर्जीविपरीत गएर देशका स्रोतसाधनको ठेक्का 'तिमीहरूलाई दिन्न' भन्न सक्लान् ? हिजो १० हजारको 'बलिदान' दिएर आएका प्रचण्डले सत्तामा आउने बेला माथिल्लो कर्णाली नदीको ठेक्का भारतलाई दिएका थिए। जाँदाजाँदै उनले अमेरिकालाई एमसीसी सम्झौता चढाएका थिए। पुरानै अर्थनीतिमा हिँडिरहेका 'नयाँ' र 'युवा' नेताले के विदेशभक्तिको परम्परा तोड्न सक्लान् ? विदेशीको चाकडी नगरी आत्मनिर्भर अर्थतन्त्र बनाउने टङ्कप्रसादहरूको जस्तो राजनीतिक इच्छाशक्ति देखाउन सक्लान् ?

**रोकिने छैनन् विद्यार्थीहरू**

पछिल्लो समय विद्यार्थी आन्दोलन सुस्त थियो। यसै पनि गरिबगुरुवाका छोराछोरी पढ्ने क्याम्पसहरूमा मात्र विद्यार्थी सङ्गठन सक्रिय थिए। निजी कलेज वा क्याम्पसहरूमा तिनको प्रभाव लगभग थिएन भन्दा हुन्छ। 'नयाँ' सरकारले गरिबका छोराछोरीलाई तारो बनाएको देखिन्छ। उसका 'नयाँ' विद्यार्थीले 'क्लव र काउन्सिल' को राजनीति गर्नेछन्।

देशको प्रगतिशील परम्परालाई अघि बढाउन चाहने विद्यार्थीहरूले कुनै न कुनै उपाय निकाल्ने नै छन्। आज देशको नयाँ पुस्ता हेमलिनको बाँसुरीवादकको पछि लागेको साँचो हो। समय लाग्ला। तर, विद्यार्थीले आफ्नो राजनीतिक चेत तिखार्ने नै छन्। आफूलाई देशको सार्वभौमिकता र बहुमत जनतासँग जोड्नेछन्। देशका सारा प्राकृतिक सम्पदाको मालिक बन्न चाहनेछन्। निषेधको राजनीतिलाई उदात्त राजनीतिले विस्थापित गर्नेछन्। विद्यार्थीहरूको चेतनालाई कुण्ठित गर्न सकिनेछैन।

विद्यार्थीहरूको राजनीतिक आवाज दबाउन देशविदेशका शासकहरूले धेरै प्रयास गर्दै आए। हिजो राणा शासनको विरोध गर्दा शासकहरूको टाउको दुख्यो। दिल्ली सम्झौताको विरोध गर्दा भारतको टाउको दुख्यो। पञ्चायतको विरोध गर्दा पञ्चेहरूको टाउको दुख्यो। नवउदारवादको विरोध गर्दा एमाले-काङ्ग्रेस-माओवादीको टाउको दुख्यो। एमसीसीको विरोध गर्दा रास्वपाको टाउको नदुखेको भन्न मिल्दैन। आज नेपालका सचेत विद्यार्थीहरूको एउटै आवाज छ- विद्यार्थी सङ्गठन खारेज गर्नुअघि विदेशी 'काउन्सिलहरू' बन्द गर्ने आँट छ ?

छैन भने विद्यार्थीको रगतमाथि बनेको सरकारले स्वदेशी विद्यार्थी राजनीतिमाथि लौरो बजारेर विदेशी दूतावासलाई 'भ्रातृ सङ्गठन' चलाउन दिने प्रम बालेनको निर्णयलाई नेपाली इतिहासले बिर्सनेछैन।

---

**विश्वका...**

विश्वका...

हुँदा किन निभाएनन् ?" जेनजी आन्दोलनमा भदौ २३ गते घाइते भएकी स्मृति राइले 'लिड नेपाल' मा खुलासा गरिन्, "अहिले रास्वपाबाट सांसद भएका अधिकांश भदौ २३ र २४ गतेको 'उपद्रव' मा संलग्न थिए।" यसले फागुन २१ गते सम्पन्न निर्वाचन स्वच्छ र निष्पक्ष नभएको पुष्टि गर्छ।

राजनीतिक पार्टी र यसको नेतृत्व दुई चार वर्षमा परिपक्व हुने होइन। रास्वपा सरकारले पहिलो मन्त्रिपरिषद्बाट एक सय कार्यसूची तयार पाऱ्यो। सो कार्यसूचीमा नेपालसँग गरिएका असमान सन्धि-सम्झौता खारेज गर्ने, ट्रम्प प्रशासनको युक्रेनमा छद्म युद्ध, प्यालेस्टिनमा नरसंहार र भूमि कब्जा, भेनेजुयलाका राष्ट्रपति माडुरो दम्पतीको अपहरण र झूटा मुद्दाको खण्डन गर्ने विषय उल्लेख छैन। रास्वपाको सरकारले संसारका सार्वभौम देशहरूमाथि ट्रम्प प्रशासनको सैन्य हमलाको विरोध गरेन; उल्टो नेपालको मुस्ताङ र मनाङमा भएको दुर्लभ खनिज युरेनियम ट्रम्प प्रशासनलाई दिने तयारी गऱ्यो।

एसईईको उत्तरपुस्तिका परीक्षण, दुई दिन सार्वजनिक बिदा, कक्षा ५ सम्म परीक्षा नहुने, ट्रेड युनियन अधिकार खारेज, विद्यार्थी सङ्गठनमाथि नियन्त्रणलगायत रास्वपा सरकारका निर्णयहरूले देशमा थप अन्योल र अराजकता पैदा गऱ्यो। रास्वपा मन्त्रिमण्डलका सदस्यहरूको स्रोतबिनाको किलोका किलो सुनसहित करोडौँ करोड रुपैयाँको सम्पत्तिले यो सरकार 'पुरानो सिसीमा नयाँ लेबल' मात्र लगाइएको साबित भयो।

रास्वपा सरकार गठनको एक महिना नपुग्दै इन्धनमा तीन पटक मूल्यवृद्धिसँगै यातायात र खाद्यान्नको मूल्यवृद्धि भयो। यसले झन्डै ८० प्रतिशत जनताको जीवन थप कठिन पाऱ्यो। रास्वपा सरकारले २०८२ चैत २५ गते काठमाडौँस्थित विदेशका राजदूतहरूलाई बोलाएर "नयाँ सरकार हुनु भनेको निरन्तरताबाट विच्छेद हुनु होइन" भन्ने अभिव्यक्ति दियो। यसले रास्वपाको आर्थिक र विदेश मामिला पुराना शासक पार्टीभन्दा फरक नभएको पुष्टि भयो। यो सरकारले गठनको १२-१५ दिनमै विदेशी ऋण ४० अर्ब १६ करोड थप्यो।

यतिखेर नेपालको सार्वजनिक ऋण २९ खर्ब रुपैयाँ नाघ्यो चालु आवको सुरुमा यो ऋण २६ खर्ब ७४ अर्ब ४ करोड रुपैयाँ थियो। वार्षिक साढे तीन खर्ब रुपैयाँ साँवा-ब्याज तिर्नुपर्ने सरकारी अर्थतन्त्रको अवस्था छ। शासक दलहरूले देशको सन्तुलित विकास नगरेको हुँदा काठमाडौँलगायत देशका मुख्य सहरमा प्रदूषण, सडक जाम, असुरक्षा बढेको हो। रास्वपा सरकारको कार्यसूचीमा देशको सन्तुलित विकाससम्बन्धी विषय उल्लेख छैन।

मजदुर साथीहरू,


**जुलुस र सभामा सहभागी होऔँ !**

राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति जटिल बन्दै गइरहेको छ। हजारौँ वर्षदेखि 'म' र 'मेरो' भन्ने बानी लागेको मानिसमा सांस्कृतिक स्तर उच्च भएपछि 'हामी' र 'हाम्रो' भन्ने भावना हुनेछ। यस्तो समाजमा मानिस मानिसमा सच्चा समानता देखापर्नेछ। यो समाजमा ध्वंसात्मक हातहतियारको निर्माणमा भइरहेको खर्च रकमलाई मानव समाजको हितमा लगाइनेछ। संसार चिटिक्क रमाइलो बन्नेछ।

उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने समाजवादमा मात्र मानिसको वास्तविक मुक्ति सम्भव हुनेछ। साम्यवादी समाज एक वर्गविहीन र राज्यविहीन आदर्श समाज हो। यो समाजमा विज्ञान र प्रविधिको अभूतपूर्व विकास हुनेछ।

किसानलाई आवश्यक मल, बीउबिजन र उपकरणको अभाव यथावत छ। देशैभरि जातीय विभेदसहितको सामन्तवादले टाउको उठाउँदै छ। दाङ, बाँके, बर्दिया र कैलालीमा कमलरी र कमैयाको रूपमा बँधुवा मजदुर प्रथा यथावत छ।

यी सबै विषयलाई एकै स्वरमा उठाउन १३७ औँ मे दिवसको अवसरमा हुने जनप्रदर्शन, सभा, बैठक, अन्तरक्रिया, छलफलमा सहभागी बनौँ ! मे १ को दिन सम्पन्न हुने जुलुस तथा सभामा डकर्मी, सिकर्मी, प्लम्बर, रङ्गरोगन, विद्युत्, उद्योग, कृषिलगायत सम्पूर्ण क्षेत्रका मजदुर एवम् शुभचिन्तकहरूको उपस्थितिको लागि हार्दिक अनुरोध छ।




# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी-८

**हरिबहादुर श्रेष्ठ**

**वन-विज्ञान**

'हरियो वन नेपालको धन' भन्ने उखान छ । तर, सरकारका भ्रष्ट पदाधिकारीहरू, वन मन्त्रालय, वनविभाग र वन कार्यालयका कतिपय ठुलाबडाहरूले नै वन-चोरहरूसँग मिलेर वन सखाप पार्दै छन् ।

कुनै-कुनै मन्त्र त 'वन भनेको हेर्ने वस्तु होइन, सम्पत्ति भएकोले काटेर बेचिन्छ र राजस्व बढ्छ' भन्ने तर्क प्रस्तुत गर्छन् । एउटा सालको रुख ठुलो हुन एक-दुई सय वर्ष लाग्छ । एकचोटि ती रुख काटेपछि ती ठाउँहरू उजाड बन्छन् । वर्षाले सबै माटो बगाएर देश मरुभूमिको स्थितिमा पुग्छ ।

एउटा रुख काट्नुभन्दा पहिले १०० वटा रुख रोप्ने नियम बनाए मात्र देशमा हरियाली रहिरहन्छ, 'हरियो वन नेपालको धन' भन्ने उखान साँचो रहन्छ । नत्र देशको वातावरण बिग्रन्छ, तापक्रम बढ्छ, खडेरी पर्छ, काठ-पात विदेशबाट झिकाउँदा देशको धनराशि विदेश जान्छ र त्यसका अनेक दुष्परिणाम देश र जनताले भोग्नुपर्ने स्थिति आउँछ ।

भाइबहिनीहरूले वनविज्ञान दुई अर्थले पढ्नु आवश्यक छ - पहिलो, प्राविधिकरूपले वनबारे राम्रो अध्ययन गरी वनको विकासमा सक्रिय रहन, दोस्रो वन-मन्त्रालय र विभाग, प्राविधिक र कार्यालयका कर्मचारीहरूसमेत काठका चोर व्यापारी वा तस्करहरूसँग मिलेर गर्ने वनविनासको विरोधमा लड्न ।

**शिक्षाशास्त्र**

**भाइ राजु र बहिनी दीपा,**

अब म चिठी टुङ्ग्याउँदै छु । तिमीहरूका केही साथीले शिक्षण पेसामा लाग्ने इच्छा जाहेर गरेको कुरा सुन्दा खुसी पनि लाग्यो । पैसा कमाउन र डलर कुम्ल्याउन आफ्नो देश, आमा-बाबु, नातागोता, भाइबहिनी र साथीहरू छोडेर संरा अमेरिका वा विदेशमा गएर त्यहीं पलायन हुने मनसाय लिनेहरूको बिगबिगी बढेको बेला 'घुस खान नपर्ने', '२१ औं शताब्दीको नयाँ समाज निर्माण गर्न योग्य र असल नागरिक बनाउने' पवित्र कार्यमा योगदान दिने तथा एक सम्मानित पेसा रोज्ने उद्देश्यले शिक्षाशास्त्र अध्ययन गर्ने इच्छा असाध्यै राम्रो र सकारात्मक छ ।

भाइबहिनीलाई थाहै होला - शिक्षा पहिलेजस्तो दान दिने र उपकार गर्ने विषयमात्र नभई पुँजीवादी व्यवस्थाको विकासपछि सेवा उद्योगको रूपमा विकास हुँदै छ । गलैंचा, तयारी पोशाक, दूध-दही, मिठाइ, जुत्ता, सिमेन्ट, इस्पात वा स्टील, इँटा, चाउचाउ, साबुन, शृङ्गारका साधन, खानेपानी (मिनरल वाटर), विद्युत् आदिमा पुँजी लगानी गरेजस्तै शिक्षा, स्वास्थ्यलगायत सल्लाह र सेवा प्रदान गर्ने क्षेत्रमा पनि पुँजी लगानी हुँदै छ । शिशुशाला, बालोद्यान, विद्यालय, महाविद्यालय, विश्वविद्यालय, निजी अस्पताल, नर्सिङ होम र क्लिनिक, निर्माण कन्सल्टेन्सी कार्यालय, कानुनी सेवा कार्यालय, शृङ्गार सेवा (ब्युटी पार्लर), नाउ पसल (सैलुन), हुलाक, टेलिकम, केबल नेटवर्क आदि सेवा उद्योगमा पनि पुँजी लगानी गर्दै छन् ।

शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, सञ्चारजस्ता क्षेत्र निजी हुनुहुन्न भन्ने आवाज संसारको सबभन्दा पुरानो पुँजीवादी देश बेलायत र अन्य युरोपेली देशहरूमा उठ्दै छ । तर, पुँजीवादी शोषण, भूमण्डलीकरण र निजीकरणको प्रभावमा शिक्षा आफै पनि किनबेचको वस्तु र सेवा भइरहेको अवस्था छ । यस्तो बेलामा पनि अनुचित लाभ नउठाउने भावनाबाट प्रेरित भई असल र योग्य नागरिक तयार गर्ने मनसाय प्रशंसनीय छ ।

समाजमा शिक्षकको महत्त्व खेतीमा बीउजस्तै हो । आदर्श शिक्षक र प्राध्यापकहरूबिना आदर्श समाज असम्भव छ । असल र योग्य शिक्षक नभई राम्रा र असल विद्यार्थीको आशा गर्न गाह्रो छ । विषयवस्तुमा दखल भएका विद्यार्थीहरू तयार गर्न गाह्रो छैन बरु इमानदार र असल मानिस तयार गर्न गाह्रो छ । पैसा खाई विद्यार्थी उत्तीर्ण गराउने, राम्रो नम्बरमा उत्तीर्ण हुने विद्यार्थीलाई असफल बनाउने, नक्कली प्रमाणपत्र भिडाउने, कमजोर विद्यार्थीलाई माथिल्लो श्रेणीको प्रमाणपत्र दिने, पढाउँदै नपढाई वा हप्ताको एक कक्षा पनि नलिई तलब सोहर्ने, सोधमा कार्यरत विद्यार्थीलाई महिनौं दौडाउने, सार्वजनिक महाविद्यालयमा कक्षा नलिई निजी महाविद्यालयमा नियमित कक्षा लिने तथा कक्षामा जानुअघि नै रक्सी खाएर ढलीमली गर्ने, विदेश जाने मौकाकै निम्ति गुटबन्दी र चाकडी-चुकडी गर्ने शिक्षकहरूको गन्जागोलको स्थितिमा वा शिक्षक बन्नु गरिबी निम्त्याउने र झ्याउ ठानिने परिवेशमा एक कर्तव्यनिष्ठ शिक्षक बन्ने प्रबल इच्छा नैतिकरूपले रक्षात्मक स्थितिमा पुगेको शिक्षा क्षेत्रकै निम्ति आशालाग्दो किरण हो । एकजना विद्यार्थीको आदर्श शिक्षक बन्ने धोकोलाई एक प्रतिशतमा मात्र फेर्न सकेको खण्डमा पनि देशमा २ लाखभन्दा बढी कर्तव्यनिष्ठ शिक्षक नेपाली जनताले पाउनेछन् । ती २ लाख शिक्षकहरूले लाखौं लाख कर्तव्यनिष्ठ र देशभक्त विद्यार्थी तयार पार्नेबारे शङ्का गर्नु पर्दैन ।

हिजो शिक्षाशास्त्र र शिक्षण विधिको अध्ययन नगरेका, बाल-मनोविज्ञान नपढेका र पाठ योजनासमेत बनाउन नपर्ने बेलाका शिक्षकहरूभन्दा आजका शिक्षकले वैज्ञानिक ढङ्गले शिक्षा प्रदान गर्न सक्छन् । यसकारण, शिक्षाशास्त्रका क्याम्पसहरूको महत्त्व बढेको छ ।

तिमीहरूलाई थाहै छ, देशको स्वतन्त्रता र मुक्ति अनि विकासमा समेत शिक्षकहरूको ठुलो योगदान हुन्छ । अमेरिकी स्वतन्त्रता आन्दोलनको बेला शिक्षकहरू कक्षामा पुग्नासाथै विद्यार्थीहरू उठ्थे । शिक्षकले 'बेलायती साम्राज्य' भन्दा विद्यार्थीहरूले 'मुर्दावाद' भन्ने नारा लगाउँथे । अमेरिकी आक्रमणको बेला भियतनामी शिक्षकहरूले गुफाजस्तो ठाउँमा विद्यालय सञ्चालन गरी अमेरिकी बमवर्षक विमानलाई गोली हानी खसाल्ने ज्ञानसमेत दिन्थे । विभिन्न देशका नेताहरू भन्थे - देशको स्वतन्त्रताको आधार शिक्षकहरू हुन् । चिनियाँ जनताका महान् नेता माओ त्से-तुङ शिक्षाशास्त्रका स्नातक हुनुहुन्थ्यो, उहाँ आफूलाई शिक्षक नै सम्झनुहुन्थ्यो । अफ्रिकी स्वतन्त्रता आन्दोलनका धेरै नेता शिक्षक थिए ।

भाइबहिनीका साथीहरूको शिक्षाशास्त्र अध्ययन गर्ने इच्छा साह्रै सकारात्मक लाग्यो । मलाई आशा छ - ती भाइबहिनीले शिक्षक भएर १० देखि ४ बजेसम्म विद्यालयमा बिताउने वा 'कहिले जाला घाम' भन्ने दृष्टिकोण नराखी हरेक छात्र-छात्रालाई आफ्नै भाइबहिनी सम्झी पाठ्यपुस्तकका पाठहरूबाहेक सदाचार र देश तथा जनताको नि:स्वार्थरूपले सेवा गर्ने भावनाबाट प्रेरित गर्नेछन् ।

आज सूचना प्रविधि दिन दुई गुना रात चौगुनाले बढ्दै छ । तर, हरेक कुराको एउटा सीमा आवश्यक छ । थप नयाँ-नयाँ विषयका कक्षाहरू पनि देखापर्दै छन् । भाइबहिनीले जुनसुकै विषय अध्ययन गरे पनि पहिले विषयवस्तुको राम्रो जानकारी, अध्ययन संस्थानको स्थिति र त्यस विषयका ज्ञाताको कर्तव्यबारे सचेत हुनैपर्छ । मनमा राखौं - हामीले जुनसुकै विषय अध्ययन गरे पनि विदेशीको ज्यामी हुन होइन, आफ्नै देश र जनताको हितमा काम गर्छौं भन्ने भावनाले अध्ययन गर्नु उपयुक्त हुन्छ । म आशा गर्छु - भाइबहिनीहरूले यही भावनाबाट आफ्नो विषयमा उच्च शिक्षा हासिल गर्दै पूर्ण सफलता पनि पाउनेछौं । भविष्य तिमीहरूकै हातमा छ ।

***माया गर्ने दाजु***
***किरण नेपाली***



नेपालका पुरातात्विक स्थलहरू

# जुत्ता लगाउनेलाई थाहा हुन्छ जुत्ताले कहाँ पोलेको हुन्छ !

'देश र जनता' शब्दलाई सबै क्षेत्रका मानिस, सङ्घ संस्था र नेताहरूले पनि बारम्बार दोहोऱ्याएको सामान्य जानकारीको विषय हो । हिजो राज्यभन्दा राजतान्त्रिक देशमा एक राजा वा राजपरिवार एवं त्यस परिवारप्रति समर्पित सामन्तवर्ग र राज्यको प्रशासनिक यन्त्रहरूले देश र जनतालाई शासन गर्दै आएको भन्ने अर्थमा लिइन्थ्यो । 'प्रशासन यन्त्र' को सार हो - सेना, प्रहरी, गुप्तचर विभाग र निजामती कर्मचारी संयन्त्र ! यी संस्थाहरूले नै राजा र राज्यलाई सञ्चालन गर्ने र 'राजनैतिक' भाषामा जनतामा शान्ति, सुरक्षा र अमन चैन कायम गर्दै आएको मानी आएका हुन्छन् ।

तर, सम्राट अशोकले आजको भारतमा कलिंगको क्षेत्रमा आँखा गाडे र त्यस उर्वर भूमिमा आक्रमण गरे । धेरै मानिस मारिए र सैनिक रूपले त्यसमाथि कब्जा जमाइयो । तर, राज्याभिषेकको बेला त्यहाँका बालबालिका र महिलाहरू आ-आफ्नो छोरा, भाइ, लोग्ने, दाजुभाइहरू फिर्ता दिन माग गर्दै सडक र गल्लीमा पुगे । राज्याभिषेक एक उत्सवमा होइन रुवावासी र विश्वको एवं करुणाको ठुलो अभूतपूर्व हृदय विदारक प्रदर्शन बन्यो । धेरैको हत्या र हिंसाले श्रम शक्तिको अभाव भयो र भूमि उर्वर भएर पनि उत्पादन सम्राट अशोकले अनुमान गरेजस्तै हुने देखेनन् । त्यस दु:खद लडाइँमा सम्राट अशोक एक्लै मात्र जिम्मेवार भन्न मिल्दैन, बरु त्यस युद्धलाई कार्यान्वयन गर्ने सेना, प्रहरी, गुप्तचर विभाग एवं सम्पूर्ण राज्ययन्त्र जिम्मेवार मान्नु तर्कपूर्ण हुन्छ । कसरी ? अशोकका सेनापति र त्यसका माथिल्ला पदमा बसेका वरिष्ठ रणविद्हरू र अरु संयन्त्रका माथिल्ला पदाधिकारीहरू (चिन्तन मनन गर्ने सबै उच्चस्तरीय व्यक्तिहरू पनि) जिम्मवार थिए वा छन् ।

हजारौं लाखौं मानिसको रगतको खोलो बगेपछि मात्रै बुद्धि पलायो - 'अब सम्राट अशोकले बुद्ध धर्मलाई अवलम्बन गर्नु आवश्यक छ ।' धर्मको ठुलो प्रभाव भएको त्यो समाजमा आत्मआलोचना वा समीक्षाबाहेक अर्को अर्थ थिएन- पश्चातापको

आजको अन्तर्राष्ट्रिय राजनैतिक मञ्चमा सम्राट अशोकको पाठ खोज्दै गरेको दोस्रो विश्वयुद्धपछि संरा अमेरिकी साम्राज्य हो । इतिहासमा गम्भीर अध्येताहरू, तटस्थ कूटनैतिक व्यक्ति र अनेक युद्धमा भागेका अवकाश प्राप्त विभिन्न देशका पूर्वसैनिक नेता-रणनीतिज्ञहरू र पश्चिमी देशहरूकै बुद्धिजीवीहरूले आ-आफ्नै देशका शासकहरूलाई नै अमेरिकाको पछि लागेकोमा दोष दिइरहेका छन् । कति अमेरिकी नोबेल पुरस्कार पाएका व्यक्तिहरू, अर्थशास्त्री तथा युरोपकै व्यापारीहरू तथा अनेक क्षेत्रका आविष्कारकहरू चीनमा नागरिकता लिएर बसोबास गर्दै छन् ।

शक्तिले युद्धमा मात्र होइन अन्य क्षेत्रमा पनि सदा विजय हुँदैन । इतिहासमा एक पटक स्पेनमा संसारमा सबभन्दा ठुलो शक्तिशाली सेना थियो । तर, तत्कालीन समयमा बेलायतको राजतन्त्रभन्दा स्पेनियाली राजतन्त्र बढी रुढीवादी थियो । सामन्ती परिवारमा कम उमेरकाहरूलाई माथिल्ला पद दिन्थे । यसको ठीक उल्टो बेलायतमा सेनामा प्रतिस्पर्धा थियो र अनुभवी व्यक्तिहरू माथिल्लो पदमा पुगे । त्यसैकारण, संसारको सबभन्दा ठुलो जलसैनिक शक्तिलाई बेलायतले पराजित गऱ्यो । यस्तै भियतनामजस्तो सानो देशले शक्तिशाली अमेरिकालाई पराजित गरेर सम्झौतामा आउन बाध्य गऱ्यो । अहिले इरानले अमेरिकी साम्राज्यलाई हाँक दिँदै छ ।

एक बेला बेलायती साम्राज्यमा सूर्य डुब्दैनथ्यो । नेपाल उसको निम्ति एक चुनौती थियो । प्रधानमन्त्री भीमसेन थापाले 'शत्रुको शत्रु मित्र' को सूत्रअनुसार फ्रान्सेली सेनासँग नेपाली सेनाको सम्बन्ध जोडी चीन र भारतका राजा रजौटाहरूलाई पत्र लेखेर बेलायती आक्रमणलाई एसियाबाट धपाउने चिठी लेखे । तर, एक भारतीय राजाले अङ्ग्रेजलाई त्यो पत्र दिएर ठुलो कूटनैतिक अपराध गरे ।

त्यसपछि बेलायतीहरूले नेपालको राजदरबारका भीमसेन थापाका विरोधीहरूलाई हातमा लिएर नेपाललाई पराजित गरे । यसकारण, आफ्नै देशका माथिल्ला वर्गले देशलाई विश्वासघात नगरेसम्म देश हार्दैन भन्ने प्रस्ट छ । अमेरिकाको हिन्द-प्रशान्त रणनीतिलाई लागू गर्ने राजदूत, परराष्ट्रमन्त्रीहरूको पुर्खाको लेखाजोखा गरेमा धेरै सम्भव छ- एमसीसीमा हस्ताक्षर गर्नेहरू देशलाई विश्वासघात गर्ने पहिले अङ्ग्रेजहरूलाई सहयोग गर्ने परिवारकै खलकको भएमा आश्चर्य मान्नुपर्ने छैन । यो छानबिन सायद गुप्तचर विभागले गर्दै होला र गर्नु आवश्यक छ ।

**झूटो...**

**पाठ ५ : हामीले 'झिल्के' शब्दहरूको पछाडि नलागी ती विचारको वास्तविक अर्थ केलाउनुपर्छ ।**

माथि हामीले प्रचारबाजीका चार हत्कण्डाको चर्चा गऱ्यौं । चाभेजबारे लेखिएको लेखमा यिनको प्रयोग गरिएको थियो । तर, मान्छेलाई भ्रममा पार्ने अन्य हत्कण्डा पनि छन् ।

बयानबाजी (Testimonials) : यसमा धेरै मान्छेले सम्मान गर्ने वा पुज्ने कुनै व्यक्तिको मुखबाट बोल्न लगाइन्छ । यसरी सबैले उसको कुरा आँखा चिम्लेर पत्याइदिन्छन् । जस्तो, यसमा सेलिब्रिटी वा सम्मानित व्यक्तित्वहरूको प्रयोग हुन्छ । कुनै वस्तु, विचार वा लक्ष्यलाई बढावा दिनुपऱ्यो भने यही हत्कण्डाको प्रयोग हुन्छ ।

भीड-भरोसा (Band Wagon) : यसमा कुनै कुरालाई धेरैको स्वीकार गरेको हुनाले सबैले मान्नुपर्छ भनिन्छ । यो एकप्रकारको छल हो । जस्तो, सबैले पहिले नै कुनै कुरालाई स्वीकार गरेका छन् भन्ने झूटो छाप पारिन्छ र 'तिमीहरू पनि यसमा सामेल हुनुपर्छ' भनिन्छ । अथवा, 'सबैले मानिसके तिमीलाई केको टाउको दुखाइ ?' भनिन्छ ।

सामान्यजन (Plain folks) : यसमा आफूले राखेको विचारले 'सिधासादा सामान्यजनको विचार प्रतिविम्ब गर्छ' भनिन्छ । 'यी विचारले सामान्य जनताको हित गर्छन्' भन्ने भ्रम पारिन्छ । आफ्नो छवि र विचारलाई सामान्य जनताको हित्तचित्तसँग एकदम मिल्ने देखाइन्छ । प्राय: लक्षित तप्काका मानिसहरूले प्रयोग गर्ने विशेष उखानटुक्का वा चुटकिलाको प्रयोग गरिन्छ । त्यस्तै, विपक्षीहरूलाई गिराउन पनि यही विधिको नकारात्मक प्रयोग गरिन्छ ।

डरको खेती (Fearmongering) : यसमा एकदम झूटो दाबीलाई बढाइचढाइ गर्दै दोहोऱ्याएर मानिसमा सन्त्रास र तनाव पैदा गरिन्छ । प्राय: आफ्ना विशेष हित साँध्न यो हत्कण्डा प्रयोग गरिन्छ ।

भावुक भाषा (Loaded Language) : यसमा सुन्नेहरूको ध्यान तान्न भावुक भाषाको प्रयोग गरिन्छ ।

आज यी हत्कण्डाहरूको खुब प्रयोग भइरहेको छ । खासगरी हाम्रा शत्रुहरूविरुद्ध तलका हत्कण्डाको प्रयोग गर्दा हामी सचेत हुनुपर्छ :

बलिको बोको (Scapegoating) : वास्तविक मुद्दाबाट मान्छेको ध्यान अन्तै मोड्न सारा दोष व्यक्तिविशेष वा समूहको टाउकोमा थुपारिन्छ ।

अति बढाइचढाइ (Hyperbole) : यसमा कुनै कुरालाई बढाइचढाइ, घोचपेच गरिन्छ, अनावश्यक फलाको, तानतुन र महिमामण्डन गरिन्छ । जलप लगाइन्छ, अनावश्यक रूपमा विराट आकार दिइन्छ र अति व्याख्या गरिन्छ ।

अति रटान (Semantic satiation) : यसमा कुनै महत्त्वपूर्ण शब्दलाई बारम्बार प्रयोग गरिन्छ र जथाभावी दोहोऱ्याएर सन्दर्भबाट अलग्गाइन्छ । यसले गर्दा त्यो शब्दले आफ्नो सक्कली अर्थ गुमाउँछ । यस्तो भुत्ते शब्दले त्यसपछि कुनै सटिक अर्थ दिन्न । त्यसले आफ्नो शक्ति र प्रभाव गुमाउँछ । कुनै गम्भीर र सूक्ष्म विचारबारे कुराकानी गर्दा त्यो शब्द अर्थहीन हुन पुग्छ । भन्नेले एउटा अर्थ लगाउँछ भने सुन्नेले अर्को । यसले गर्दा अलमल हुन्छ । जस्तो, 'फासिवाद' वा 'नाजी' शब्दको आज यही स्थिति छ ।

हामी सावधान भएनौं भने सामान्य लाग्ने दैनिक प्रयोग हुने शब्दको अर्थ पनि दुई व्यक्तिका लागि फरक-फरक हुन सक्छ । त्यसैले हामी एकदम सतर्क हुनुपर्छ । जस्तो, पुरानो सम्बन्ध जनाउन प्रयोग गरिने 'एक्स' वा 'पूर्व' दुई शब्दका वजन फरक छन् । 'पूर्व' ले अलि नरम र मैत्रीपूर्ण अर्थ दिन्छ । कुनै अपुष्ट घटनालाई हामी 'कथित', 'तथाकथित', 'मनगढन्ते', 'काल्पनिक', 'नाटकीय', 'भनिन्छ', 'मानिन्छ', 'हल्ला छ' वा 'आशङ्का छ' आदि भन्न सक्छौं । अप्रमाणित तथ्यलाई जनाउन यीमध्ये जुनसुकै शब्द प्रयोग गर्न सकिन्छ । तर, कुन शब्द छनोट गर्ने भन्ने कुराबाट हाम्रो नियत उजागर हुन्छ ।

देखिने गरी प्रचारबाजीका हत्कण्डा प्रयोग नगर्दा समेत वाक्यले विचार व्यक्त गर्न सक्छन् । यस्ता विचार पनि मनोगत हुन सक्छन् । सबैको आआफ्नै दृष्टिकोण हुन्छ र लेख्दा वा बोल्दा त्यो अभिव्यक्त हुन्छ । जस्तो, देखिने खालको जातिवाद वा लैंगिक विभेदबारे आजभोलि हामी एकदम सचेत बनेका छौं । लामो समयसम्म हामी यसबारे सचेत थिएनौं । आजभोलि हामी यसखाले विभेदलाई चिनिहाल्छौं । यसरी नै हामीले आफूलाई प्रभावित गर्न खोज्ने लेखकको प्रयासलाई पर्गेल्ने तरिका सिक्न सक्छौं । सामान्य खबर लेख्न पनि उसले छनोट गर्ने शब्दलाई हामी केलाउन सक्छौं । हिजोआज असल नियतले सत्यतथ्य लेख्ने धेरै इमानदार समाचार स्रोतहरू धेरै छन् । कुनै पनि लेखकलाई हामी यस्ता स्रोतसँग दाँज्न सक्छौं ।

*(लेखिका एक न्यायकर्मी हुनुहुन्छ । उहाँ एक शिक्षक, फिरन्ते लेखिका, सामाजिक कार्यकर्ता, एक आमा र हजुरआमा हुनुहुन्छ । १० वर्ष क्युबाको 'प्रिन्सा ल्याटिना' मा काम गर्दा आफूले इमानदार पत्रकारिताको अर्थ बुझेको उहाँ बताउनुहुन्छ ।*

***स्रोत : कोभर्ट एक्सन म्यागेजिन । सम्यक)***

# १ मईको आन्दोलन

पुँजीपतिवर्गले मजदुर वर्गलाई जति जति दबाउँदै जान्थ्यो, उति उति तिनीहरू पहिलेभन्दा सङ्गठित र सचेत हुँदै जान्थे। समाजवादी विचारधारा फैलिँदै गयो। ऐङ्गेल्स फ्रेडरिक एडोतफ सोर्गेमार्फत अमेरिकाको मजदुर आन्दोलनबारे जानकारी राख्नुहुन्थ्यो।

सन् १८८४ को गर्मी महिनामा फ्लोरेन्स केली विस्चेवेत्की भन्ने २५ वर्षकी एक अमेरिकी केटी जुरिच विश्वविद्यालयमा अध्ययन गर्दै थिइन्। तिनले समाजवादी विचारधारालाई स्वीकार गरिन्। तिनले ऐङ्गेल्ससँग उहाँको 'बेलायतमा मजदुर वर्गको अवस्था' भन्ने किताब अमेरिकामा प्रकाशित गर्न अनुमति मागिन्। ऐङ्गेल्सले त्यस अनुवादलाई सम्पादन गर्ने वचन दिनुभयो। घर फर्कँदा १८८६ को शरदमा तिनले लण्डनमा ऐङ्गेल्स भेटिन्। तिनले पनि ऐङ्गेल्ससँग अमेरिकी मजदुर आन्दोलन र समाजवादी सङ्गठनबारे चिठ्ठी-पत्र गर्थिन्। ४० वर्ष पुरानो आफ्नो किताब अमेरिकामा छाप्ने कुरोले ऐङ्गेल्स खुसी हुनुभयो। त्यसबेला अमेरिकाको उद्योगको अवस्था १८४४ तिरकै बेलायतको अवस्थासँग मिल्दोजुल्दो थियो। मजदुरवर्गको अवस्थामा सुधार ल्याउने, कामको दिनलाई छोट्याउने, स्वास्नी मान्छे र केटाकेटीको श्रमको शोषणको विरोध गर्नेजस्ता विषयमा कुरा मिल्दथ्यो। १८८६ को सुरुमा त्यस अनुवादलाई ६ हप्ता लगाएर ऐङ्गेल्सले सम्पादन गर्दै हुनुहुन्थ्यो।

त्यसैबेला अमेरिकामा मजदुर आन्दोलन फेरि चर्किँदै थियो। १८८६ को सुरुमै ठुल ठुला औद्योगिक केन्द्रहरूमा ८ घण्टाको कामको दिन प्रचार आन्दोलन अगाडि बढ्न थाल्यो। त्यस आन्दोलनमा ३ लाख ५० हजारभन्दा बढी मजदुरहरू सम्मिलित थिए। आन्दोलनले बडो राम्रोसँग सफलता हासिल गर्दै थियो। २९ अप्रैल १८८६ मा ऐङ्गेल्सलाई एक पत्र प्राप्त भयो। त्यसमा लेखिएको थियो- पहिलोचोटि त्यहाँ अङ्ग्रेजी बोल्ने मजदुरहरूमा साँचो व्यापक आन्दोलन भएको छ।........अहिले पनि तिनीहरू अँध्यारोमा छामछाम छुमछुम गर्दैछन्, अस्पष्ट र अचेत छन् जसलाई हटाउन सकेनन्। तर, यो ठीक हुनेछ, आन्दोलनले आफ्नो गल्तीहरूबाट सिक्नुपर्छ र सिक्दै विकास गर्नेछन्।

१ मई १८८६ को दिन संरा अमेरिकामा मजदुरवर्गले देशव्यापी हड्ताल गर्ने तयारी गर्दै थिए। त्यसबेला पुँजीपतिवर्गले मजदुहरूलाई १४-१५ र १८ घण्टासम्म काम गराउँथ्यो। यसकारण मजदुरहरूको मुख्य माग थियो ज्याला बढाउने र ८ घण्टाको कामको दिन। १ मईको दिन देशभर सबै कलकारखाना र यातायात बन्द गर्ने तयारी थियो। तर, पुँजीपतिवर्ग र तिनीहरूको भतुवा प्रेस र खबरकागतहरूले त्यस देशव्यापी हड्ताललाई 'कम्युनिस्ट विद्रोह' भनेर होहल्ला मच्चाए। हड्तालीहरू माथि बम हान्नुपर्छ र दबाउनुपर्छ भनेर तर्साउने र भड्काउने कामहरू गरे। हड्तालमा भाग लिने मजदुरहरू र मजदुर नेताहरूलाई हत्या गर्ने धम्की समेत दिए। तर, अमेरिकी मजदुरवर्ग धम्की र भड्काउने कुराको अगाडि भुक्न मानेनन् र १ मईको दिन देशव्यापी हड्तालको निर्णयमा अडिरहे।

संरा अमेरिकाको उत्तरमा शिकागो भन्ने एउटा सहर छ। त्यो सहर इरी दहको नजिकै या किनारामा छ। त्यहाँ मासु र खेतीका मालसामान उत्पादन गर्ने उद्योगहरू धेरै थिए। स्थानीय कल-कारखानाका मालिक पुँजीपतिहरू र तिनीहरूकै पैसामा पालिएका प्रतिक्रियावादी अखबारहरू एक भए। हुन त पुँजीवादी देशका ठुल- ठुला अखबारहरू धेरैजसो पुँजीपतिवर्गकै हुन्छन्। पुँजीवादी विचारधारा प्रचार गर्न, आफ्नो सामानको विज्ञापन दिन र लोकमत आफ्नो पक्षमा लिन र नाफा खान अखवार चलाउन दिएको हुन्छ। ती पुँजीपतिवर्ग र प्रतिक्रियावादी अखबारहरू मिलेर हड्ताललाई निर्दयतापूर्वक दबाउने निधो गरे र सो अनुसार तयारी गरे। बाहिरबाट थुप्रै सिपाही, पुलिस, डाकु, गुण्डा र जासुसहरू ल्याएर शिकागो सहर भरिदिए। पुँजीवादी अखबारहरूले लेख्न थाले 'सडकको हरेक बत्तीको खम्बालाई एक कम्युनिस्टको लासले सिङ्गार्नुपर्छ।' प्रतिक्रियावादी अखबारहरूले माग गरे- 'हुलदङ्गालाई गोली र तिनीहरूका नेतालाई डोरी।' शिकागोका मजदुरवर्ग पुँजीपतिवर्गको त्यो धम्कीबाट पछि हट्ने कुरै थिएन। आफूलाई पशुसरह व्यवहार गर्ने शोषण र अन्याय अत्याचार गर्ने वर्ग शत्रुलाई मजदुरहरू सार्है घृणा गर्थे। वर्ग शत्रुको विरोधमा लड्न तिनीहरूको रगत उम्लिरहेको थियो।

पहिलो मई १८८६ को दिन थियो। देशभर हड्ताल सुरु भयो। ८ घण्टाको कामको दिन सारा मजदुर वर्गको माग थियो। हजारौँ हजार मजदुरहरू हड्तालमा भाग लिँदै थिए। शिकागो सहरका मजदुरवर्ग वर्गसङ्घर्षको मोहडामा थियो। ४० हजार मजदुहरूले हड्तालमा भाग लिए। शिकागोको वातावरण डरलाग्दो थियो। मजदुरवर्गमा क्रान्तिकारी जोश भरिएको थियो। पुँजीपतिवर्ग र त्यसका सिपाही, पुलिस, डाँकु, गुण्डा र जासुस पिछलग्गुहरू हिंस्रक पशुहरूजस्तै निहुँ खोज्दै थिए। हड्ताल दोस्रो दिन पनि चल्यो। हड्ताली मजदुहरूको सङ्ख्या बढ्दै गयो। एक दुई दिनभित्रै हड्ताली मजदुरहरूको सङ्ख्या ८० हजार पुग्यो। पहिलो र दोस्रो मईको हड्ताल शान्तिपूर्ण ढङ्गले टुङ्गियो।

३ मईको दिन पूर्ण हड्ताल चालू रह्यो। हरेक मजदुरको मुखमा '८ घण्टाको कामको दिन' थियो। पुलिसले नि:शस्त्र हड्ताली मजदुरहरूमाथि गोली चलायो। यो पुँजीपतिवर्गको पहिलेदेखिको कालो योजना थियो। पुलिसको गोलीले ५ जना मजदुरहरू मारिए र ५० जवान मजदुरहरू गम्भीररूपले घाइते भए। त्यस घटनाले शिकागोको स्थिति झन् चर्किन गयो। मजदुरवर्गमा वर्ग शत्रुको विरोधमा बदलाको भावना जाग्नु स्वाभाविक थियो।

४ मईको दिन मजदुरहरूले गोलीकाण्डको विरोधमा एक विरोधसभा आयोजना गरे। विरोधसभा एउटा ठुलो जनसभा थियो। सभामा पुलिसको एक ठुलो दलले पहरा दिइरहेको थियो। त्यसैबेला पुलिसकै भड्काउने दलालले पुलिस दलमाथि एक बम फ्याँकिदियो। त्यस बमले ७ जवान पुलिसहरू मारिए। प्रतिक्रियावादी वर्ग निहुँ खोज्दै थियो। निहुँ पाइहाल्यो। निहुँ पाउना साथै पुलिसले मजदुर र जनताका सभामाथि दनादन गोली हान्न थाल्यो। त्यस गोलीकाण्डमा धेरै मजदुरहरू मारिए र अनगिन्ती मानिसहरू घाइते भए। प्रशासकहरूले हड्ताल र मजदुर आन्दोलनका नेताहरूलाई पक्राउ गरे। पुलिसमाथि बम फ्याँक्ने पुँजीपतिवर्गकै दलाल थियो। त्यो पुँजीपतिवर्ग र सरकारले नै गर्न दिएको थियो। त्यो मजदुर आन्दोलन दबाउने एक निहुँ थापेको मात्र थियो।



सरकारले त्यस बम काण्डको आरोप मजदुर नेताहरूलाई दियो र तिनीहरूको विरोधमा मुद्दा चलायो। त्यो सरकारको आफ्नो अपराध लुकाउने एक छलमात्रै थियो। सर्जमिन भयो। जासुस र भड्काउने काम गर्न पालेका भतुवाहरू सर्जमिनमा सरकारी साक्षी थिए। ती साक्षी सबै पैसाको भरमा झूट्टा बयान दिन्थे। त्यो त सरकारले आफ्नो पक्ष बलियो पार्न र मजदुर आन्दोलन दबाउन अदालती अङ्ग मात्रै पूरा गरेको थियो।

मजदुर नेताहरू अदालतमा उभ्याइए। आफ्नो बयानमा एक अभियुक्त मजदुर नेताले भने- 'तिमीहरू मलाई फाँसी दिएर दु:खकष्टमा बाँचिरहेका लाखौँ-करोडौँ थिचिएका कामदार जनताको आन्दोलनलाई रोक्न सकिन्छ भनेर सोच्छौ र यही तिमीहरूको धारणा छ भने हामीलाई झुन्ड्याऊ तर तिमीहरूले थाहा पाउनुपर्छ कि तिमीहरूले एक टुक्रो फिलिङ्गोलाई मात्र कुल्चँदै छौँ, जसको ज्वाला तिम्रो पछाडि जहाँतहाँ दनदन दन्किरहेछ। त्यो ज्वाला जनताको बिचबाट दन्किरहेको छ र त्यसलाई निभाउने तिमीहरूको तागत छैन।.....'

पुँजीवादी न्यायालयले हड्ताली मजदुर नेताहरूमध्ये ४ जवानलाई फाँसी दिने फैसला गऱ्यो। वास्तवमा त्यो फैसलाले न्यायको हाँसो उडाएको थियो। न्यायको सबभन्दा तल्लो सिद्धान्तकै हत्या थियो। जनताको शत्रु पुँजीपतिवर्गले ४ जवान हड्ताली मजदुर नेताहरूलाई फाँसी दिएरै छोड्यो। तर, न्यायालयमा हड्ताली मजदुरहरूले ठुलो वीरता देखाए। तिनीहरू पुँजीवादी व्यवस्थाको अगाडि अलिकति पनि झुकेनन्। तिनीहरू पहिलेभन्दा जिउँदो र जोशिला देखिन्थे। तिनीहरूमा पश्चाताप र दु:खकोसट्टा वर्ग शत्रुप्रति घृणाको भावना भरिएको थियो। तिनीहरूको वीरताले गर्दा सारा देशका प्रगतिशील जनताको सहानुभूति हड्ताली मजदुरले पाए।

४ जवान हड्ताली मजदुर नेताहरूलाई फाँसी दिएको समाचार बिजुली जस्तै छिटो संसारमा फैलियो। सारा संसारका मजदुर वर्ग रिसले उठे। सारा संसारका मजदुर वर्ग पुँजीपतिवर्गसँग बदला लिन सङ्घर्षमा अगाडि बढे। १८८९ मा पेरिसमा संसारका मजदुरहरूका प्रतिनिधिहरूको एक बैठकले १ मईलाई अन्तर्राष्ट्रिय मजदुर दिवस मनाउने निधो गऱ्यो। त्यस अनुसार १ मई १८९० मा यूरोपका सबैजसो देशहरूमा ८ घण्टा कामको दिन माग लिएर प्रदर्शनहरू भए। लण्डनमा पनि मईको पहिलो आइतबारको दिन मजदुरवर्गको प्रदर्शन भएको थियो। त्यसमा ऐङ्गेल्सले पनि भाग लिनुभयो। प्रदर्शनलाई देखेर उहाँले भन्नुभयो- 'लण्डनमा यो हाम्रो पहिलो विजय हो।' विभिन्न देशका लाखौँ मजदुरहरूको प्रदर्शन देखेर एगेल्स सान् खुसी हुनुभयो।

तर त्यस दमनले अमेरिकी सर्वहाराको सङ्घर्ष रोकिएन, न त यो आन्दोलन र बलिदान नै खेर गयो। फाँसी दिएको ७ वर्षपछि सरकार होसमा आयो र अनुभव गयो त्यो फैसलामा 'न्यायको हत्या' भएको छ तर समय चुकिसकेको थियो। निर्दोष मानिसहरू झुन्ड्याइ सकिएको थियो। निर्दोष मानिसहरूले सजाय पाए। अपराधीहरूले इनाम पाए। पुँजीवादी व्यवस्थाको मुख्य विशेषता नै त्यही थियो।

तर सङ्घर्ष र बलिदान खेर गएन। ऐङ्गेल्सले त्यसलाई अमेरिकी मजदुरवर्गको विकासको वास्तविक थालनी भन्नुभयो। अमेरिकी समाजवादीहरूले व्यापक मजदुरवर्गको सङ्घर्ष र इच्छामा ध्यान दिनुपर्छ र तिनीहरूको एक स्वतन्त्र राजनैतिक पार्टी हुनुपर्दछ भनेर बताउनुभयो। त्यस सङ्घर्षले ८ घण्टाको कामको दिन निश्चित भयो। मजदुरवर्गको त्यो ठुलो विजय थियो। ५० हजार मजदुरहरूले ८ घण्टाको कामको दिनको अधिकार पाए। अरू बाँकी मजदुरहरूको पनि कामको घण्टाहरू छोटिँदै गए।

त्यसबेलादेखि १ मईलाई अन्तर्राष्ट्रिय मजदुर दिवसको रूपमा मनाइन्छ। त्यसदिन संसारका हरेक देश र सहरका मजदुहरूले त्यस दिवसलाई हड्ताल, सभा, जुलुस र सङ्घर्ष गरेर मनाउँछन्।



शिकागोको हे मार्केटमा मजदुर जुलुसमाथि भएको निर्मम दमन

**संरा अमेरिकामा मजदुर आन्दोलनका बाधाहरू**

८ घण्टा कामको दिन, बढी ज्याला र अरू सुविधाहरू महजदुरहरूले पाउँदै गएका छन्। तर, संरा अमेरिकामा मजदुर आन्दोलनले चर्को रूप लिन सकेन र मजदुर क्रान्तिबाट समाजवादको स्थापना हुन सकेन। किन ? यसबारे अध्ययन गर्नु खाँचो पर्दो कुरा हो।

संरा अमेरिकाको पुँजीको विकासमा आफ्नै विशेषता थियो। ती विशेषताहरूले मजदुर आन्दोलनमा असर पार्नु स्वाभाविक थियो। मार्क्स र ऐङ्गेल्सले त्यहाँको 'बञ्जर जग्गा अथवा आवाद नगरिएका जग्गा नै मजदुर आन्दोलनको मुख्य बाधा' देख्नुभएको थियो। बेलायतमा मजदुर आन्दोलन दबाउँदा पुँजीपतिवर्गले मजदुरहरूलाई नयाँ -नयाँ उपनिवेशहरूमा पठाइन्थ्यो। उपनिवेशका जनताको शोषणबाट आएको केही रकमले बेलायतका मजदुरहरूको ज्याला बढाइ दिन्थ्यो र माथिल्ला मजदुरलाई बढी ज्याला दिएर निस्क्रिय पार्थे। यूरोपमा जग्गाको कमी थियो। तर, अमेरिकाको पश्चिमी भागमा मनग्य नजोतिएको जग्गा बाँकी नै थियो। त्यसकारण, १८९० तिर धेरै अमेरिकी सहरहरूको बढी जनसङ्ख्यालाई अमेरिकाको पश्चिमी भागतिर जग्गा आवाद गर्न पठाइयो। १९ औँ शताब्दीमा अमेरिकी मजदुरहरू पश्चिमतिर जान लागे र जग्गा पाएर तिनीहरू किसान बने। त्यसकारण, बीसौँ शताब्दीमा मात्रै संरा अमेरिकामा एक स्थायी मजदुर आन्दोलन सुरु भयो। तर, पनि मजदुर आन्दोलन बलियो हुन सकेन, किनभने मजदुरहरू पश्चिमतिर जग्गा लिन जाँदा कहिलेकाहीँ पूर्वतिर श्रमशक्तिको कमी हुन्थ्यो। श्रमशक्तिको कमीले ज्यालाको भाउ बढ्थ्यो। तर, पुँजीपतिवर्गले श्रमशक्तिको कमीलाई मेसिनले पूरा गरेर माथिल्ला मजदुरहरूको ज्यालालाई बढाइ दिए। कहिलेकाहीँ त्यो ज्याला युरोपका मजदुरहरूको भन्दा बढी हुन्थ्यो।

मजदुर आन्दोलनको अर्को बाधा संरा अमेरिकी मजदुरवर्ग बहुजातीय हुनु हो। त्यहाँ पुस्तौँदेखि यूरोपका विभिन्न देशका गोरा मजदुरहरूले बसोबास गरेका छन्। तिनीहरू विभिन्न भाषा बोल्दछन्। त्यस्तै खेती र उद्योगको विकास गर्न अफ्रिकाबाट पहिले हजारौँ अफ्रिकी वा हब्सीहरू अमेरिकामा दासको रूपमा ल्याइएका थिए। अमेरिकी हब्सीहरूलाई अफ्रो अमेरिकी पनि भन्ने गरिन्छ। तिनीहरूको पुस्ता अहिले मजदुरहरूको रूपमा कायमै छन्। त्यस्तै चीन र अरू विभिन्न देशका मजदुरहरू पनि अमेरिकामा छन्। यसप्रकार संरा अमेरिकाको मजदुरवर्ग विभिन्न भाषा, संस्कृति र देशहरूबाट आएका हुनाले तिनीहरूको सोचाइ र रङ्गढङ्गमा पनि भिन्नता हुनु स्वाभाविक कुरा हो। अमेरिकी पुँजीपतिवर्ग त्यही विभिन्नताबाट फाइदा उठाई मजदुर वर्गमा फुट ल्याउन सफल भएको थियो।

पुँजीपतिवर्ग एउटा जाति र भाषाको मजदुरहरूलाई अर्को जाति र भाषाका मजदुरहरूको विरोधमा झगडा लगाउँथ्यो। गोरा वा स्थानीय अमेरिकी मजदुरहरूलाई विदेशी वा 'रङ्गीन छाला' भएको हब्सी, चिनियाँ र अरू जाति र देशका मजदुरहरूको विरोधमा झगडा लगाउँथ्यो। गोरा मजदुरहरूलाई 'रङ्गीन छाला' का मजदुरहरू भन्दा माथिल्ला जातका हुन्छन् भन्ने भावना फैलाएर मजदुरवर्गमा फुट र आपसी भेदभाव बढाउँथ्यो। विदेशी वा प्रवासी मजदुरहरूको वृद्धिले संरा अमेरिकामा श्रमशक्ति बढी हुन्छ, बढी श्रमशक्ति भएपछि अमेरिकी वा गोरा मजदुरहरूको पनि ज्याला घट्छ भनेर पुँजीपतिवर्गले अमेरिकी मजदुरहरूलाई भड्काउँथ्यो। आफ्नो ज्याला घट्ला भनिने अमेरिकी मजदुरहरूको डरबाट संरा अमेरिकी पुँजीपतिवर्गले फाइदा उठाउँथ्यो।

अर्कोतिर अमेरिकी पुँजीपतिवर्ग प्रवासी वा हब्सी मजदुरहरूलाई कम ज्याला दिएर बढी शोषण पनि गर्थ्यो, माथिल्ला मजदुरहरूलाई ज्याला बढाएर घुस दिन्थ्यो र तिनीहरूलाई अनेक सहुलियत दिएर एक प्रकारको श्रमिक राजा-रजौटा र कुलिन वर्ग तयार गर्थ्यो। त्यसप्रकार मजदुर वर्गमा अनेक जालझेल र भेदभाव ल्याएर अमेरिकी मजदुर आन्दोलनलाई असफल तुल्याइएको थियो।

संरा अमेरिकामा सबभन्दा पहिलो मार्क्सवादी मजदुर सङ्गठनहरू बनाउनेहरूमा मार्क्सका साथी बेडेमेयर हुनुहुन्थ्यो। १८५० तिर उहाँ अमेरिकामा सङ्गठन गर्न जानुभएको थियो। बेडेमेयरले १८४८ को जर्मनीको क्रान्तिमा भाग लिनुभएको थियो। उहाँ कम्युनिस्ट लिगको सदस्य पनि हुनुहुन्थ्यो। उहाँले अमेरिकामा मार्क्सवादी सङ्गठनहरू बनाउन धेरै साथीहरू बनाउनुभएको थियो। उहाँ सफल हुनु भएन। तर, पनि उहाँको मेहनत खेर गएन।

*स्रोत: 'विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू' बाट*

**समाप्त**

श्रमिक
१५ वैशाख, २०८३ (28 April, 2026)


# लम्कीचुहामा धन्यवाद कार्यक्रम : वर्गीय राजनीतिलाई निरन्तर जोड दिइने

कैलाली । नेपाल मजदुर किसान पार्टी कैलालीको आयोजनामा लम्कीचुहा नपा वडा नं. १ थपालीपुरमा मतदाताहरूलाई धन्यवाद तथा केन्द्रीय समितिको बैठकको सन्देश वैशाख १३ गते कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले प्रतिनिधिसभा सदस्य निर्वाचनमा मादल चिह्नमा छाप हाल्ने मतदाताहरूलाई धन्यवाद ज्ञापन गर्दै वर्गीय राजनीतिलाई पार्टीले निरन्तर जोड दिने बताउनुभयो ।

उहाँले नेमकिपाको हालै सम्पन्न केन्द्रीय समितिको बैठकको सन्देशलाई जनताको बिचमा पुऱ्याउने काम भइरहेको बताउनुभयो । उहाँले नेमकिपाले स्थापना कालदेखि देश र जनताको नि:स्वार्थ सेवा गर्दै आएको पार्टी हो भन्नुभयो ।

केन्द्रीय सदस्य रावलले नेमकिपाले चुनाव बेला मतदातालाई आफ्नो घोषणापत्रबारेमा राम्रोसँग जानकारी गरी मत हाल्न आग्रह गरेको बताउनुभयो । उहाँले पुराना शासक पार्टी र नयाँ पार्टीले चुनाव जित्न झूटा आश्वासन बाँड्ने, आतङ्क मच्चाउने, विदेशी शक्तिसामु झुकेको जनताको गुनासो सुनिँदै छ भन्नुभयो ।

नेमकिपाले चुनावलाई वर्गसङ्घर्षको रूपमा लिएको उल्लेख गर्दै उहाँले मतदाताको भावना र विचारअनुसार मत मागेको स्पष्ट पार्नुभयो । नेमकिपाले योग्यताअनुसारको काम र कामअनुसारको पारिश्रमिकको व्यवस्था गर्न नेमकिपाको घोषणापत्र नै कार्यन्वयन हुनु आवश्यक भएको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "संरा अमेरिकी ट्रम्प प्रशासनले इरानको इन्धन कब्जा गर्न इरानमा सैनिक आक्रमण गरेको हुँदा विश्वमै इन्धन र खाद्यान्न अभाव भयो । नेपालमा पनि इन्धनको मूल्य बढ्यो । यसको दोषी ट्रम्प प्रशासन नै हो । संरा अमेरिका संसारको आतङ्ककारी देश हो ।"

कार्यक्रममा नेपाल क्रान्तिकारी महिला सङ्घ केन्द्रीय सहसचिव लक्ष्मी पुनमगरले समाज दुई वर्गमा विभाजन रहेकोले कामदारवर्गको हित समाजवादी व्यवस्थामा हुन्छ भन्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी कैलाली सदस्य देविसरा जैशीले पनि बोल्नुभएको थियो ।

***१३७ औं....***

उहाँले युक्रेन-रुस युद्ध, इजरायलमार्फत प्यालेस्टिनी जनताको नरसंहार, भेनेजुयलामाथिको डकैती शैलीको आक्रमण र अपहरण, क्युबामाथिको नाकाबन्दी, उत्तर कोरियामाथिको नाकाबन्दी, चीनमाथिको व्यापार युद्ध, इरानमाथिको आक्रमणले ट्रम्प सरकारविरुद्ध न्यायप्रेमी विश्वका जनता एकताबद्ध भई विश्व शान्तिको निम्ति सङ्घर्षरत भएको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गंगाराम ज्याख्वको सभापतित्वमा भएको उक्त कार्यक्रममा नगर समितिका सदस्यहरू आर. प्रजापति, राजाराम गोसाई र पूर्णगोपाल राजचलले पनि अन्तर्राष्ट्रिय श्रमिक दिवसको महत्त्वबारे प्रकाश पार्नुभयो ।

**शिक्षामा...**

निश्चित छ । यसरी विद्यालय शिक्षाबाटै 'नोकर' वर्ग र 'मालिक' वर्ग तयार गर्न खोजेको देखिन्छ । यो गलत हो ।

**स्थानीय तहको अधिकारमाथि हस्तक्षेप !**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले कक्षा १२ (मावि) सम्म को सम्पूर्ण अधिकार स्थानीय तहलाई दिएको छ । विद्यालय स्थापना, अनुमति, सञ्चालन र व्यवस्थापन, शिक्षा नीति, मापदण्ड र योजना तथा कार्यान्वयनसम्बन्धी शिक्षक, कर्मचारी, दरबन्दी मिलानदेखि मावि तहसम्मको सम्पूर्ण कार्य गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । तर, एकाएक शिक्षा मन्त्रालयले विद्यालय सञ्चालन, भर्ना अभियान, बिदालगायतको निर्णय गऱ्यो । त्यो प्रचलित संविधान र कानुनविपरीत हुनुका साथै स्थानीय तहको स्वायत्ततामाथिको ठाडो हस्तक्षेप पनि हो ।

स्थानीय तहहरू सङ्घ सरकारको एकाइ होइनन्, ती पनि स्वायत्त सरकारहरू हुन् । देशभरका स्थानीय तहहरूले सरकारले गरेको निर्णय र शिक्षा मन्त्रालयको 'निर्देशन' विपरीत विद्यार्थी अभियान र कक्षाहरू सञ्चालन सुरु गरिसकेका छन् । यसबाट स्थानीय तहहरू आफ्नो अधिकारहरूप्रति सचेत भएको प्रस्ट हुन्छ । आइतबार बिदा नगर्ने पालिकाहरू पनि धेरै देखिएका छन् । शिक्षा क्षेत्रमा सरकारले गरेका हरेक निर्णयहरू गलत साबित हुँदै गएका छन् । संविधान र कानुनको अक्षरश: पालना गर्ने दायित्व सबभन्दा पहिलो सरकारको हो । सरकारले कानुन पालना गर्दैन भने अरूलाई कानुन पालना गर भन्ने नैतिक अधिकार सरकारसँग रहँदैन ।

सरकारले नेपालको शिक्षालाई तहसनहस बनाउन खोजेको देखिन्छ । हालै शिक्षा मन्त्रालयले 'एनओसी लेटर' घर घरमा पुऱ्याउने भन्ने निर्णय गरेको भन्ने पनि छ । यदि त्यो सत्य हो भने उच्च शिक्षा पढ्न विद्यार्थीहरूलाई बाहिर पठाउने त्यो अर्को गलत नीति हो । अहिले नै नेपालका सयौँ कलेजहरूमा एक सयभन्दा कम विद्यार्थी छन् । विद्यार्थी अभावमा धेरै कलेजहरू बन्द हुने अवस्थामा पुगेका छन् । उच्च शिक्षा पढ्न विदेश पढाउने नीति कुनै पनि अर्थमा उचित होइन । नेपालमा पढ्न पाइने विषयहरूमा विदेश पढ्न स्वीकृति पूर्णतया बन्द गरिनुपर्छ ।

***नयाँ....***

वेस्ट ब्याङ्कको रामल्लाह सहरमा बस्दै आएका ३५ वर्षीय अरबले चार वर्षदेखि आफ्ना पितालाई भेट्नुभएको छैन तर आफ्नो रिहाइको अभियानमा आफ्नो जीवन नै समर्पित गर्नुभएको छ ।

प्यालेस्टिनी इस्लामिक समूह हमासले सन् २०२३ अक्टोबर ७ मा इजरायलमा गरेको घातक आक्रमणपछि उहाँले पितासँग प्रत्यक्ष सम्पर्क गर्नुभएको छैन ।

आफ्नो बुबाको खबर वकिलमार्फत निरन्तर प्राप्त गर्नुहुन्छ । अन्तिमपटक अप्रिल १२ मा आफ्ना वकिलले बुबालाई भेटेको र उहाँलाई हालैका हप्ताहरूमा तीनपटक हिंसात्मक आक्रमण गरिएको थियो ।

"हामीले उहाँमाथिको दुर्व्यवहार र यातनाको बारेमा थाहा पायौँ," अरबले आफ्नो बुबाको रिहाइको लागि लन्डनमा एक अन्तर्वार्तामा एएफपीसँग भन्नुभयो ।

इजरायली कारागार अधिकारीहरूले एक विज्ञप्ति जारी गर्दै आरोपहरू 'झूटो, यसअघि लगाइँदै आएको आरोपको निरन्तरता र पूर्ण रूपमा निराधार भएको' बताउनुभएको छ ।

अगस्टको तस्बिरमा बरघोटीका बुबा कमजोर र शारीरिक रूपमा दुब्लो देखिनुभएको थियो तर वकिलले उहाँलाई 'सधैंजस्तो तकडा, मानसिक रूपमा धेरै तीक्ष्ण' भएको बताएका थिए ।

बरघोटीका अनुसार वर्षौंको कारावासपछि पनि उहाँका बुबाको लोकप्रियता कम भएको छैन ।

"हामीलाई एकीकृत नेतृत्वको सख्त आवश्यकता छ । मलाई लाग्छ कि उहाँले यसको प्रतिनिधित्व गर्नुहुन्छ । उहाँ प्यालेस्टिनमा भविष्यको लोकतान्त्रिक नवीकरण र एकताको प्रतिनिधित्व गर्नसक्नुहुन्छ ।

अब्बासको फताह पार्टीका लामो समयदेखि सदस्य रहेका मरवान बरघोटीलाई हमासका लडाकुसहित सबै प्यालेस्टिनी राजनीतिक गुटहरूले नेताको रूपमा स्वीकार गर्न सक्ने दुर्लभ व्यक्तित्वमध्ये एक मानिन्छ । इजरायली जेलमा रहेका उहाँ चाँडै रिहा हुने कुनै सङ्केत भने छैन ।

अरबले जोड दिनुभयो, "विनाशकारी गाजा युद्ध र वेस्ट बैङ्कमा फैलिरहेको यहुदी बस्तीको बावजुत उहाँका बुबाले आफ्ना जनताका लागि कहिल्यै आफ्नो आशा त्याग्नुभएको छैन ।"

बरघोटी अझै लामो समयदेखि प्रचार गरिएको दुई-राज्य समाधानमा विश्वास गर्नुहुन्छ, जसले भविष्यमा प्यालेस्टिन राज्य इजरायलसँगै एक छिमेकीको रूपमा देख्नेछ ।

"उहाँले वर्तमान इजरायली सरकारले मूल रूपमा दुई-राज्य समाधानलाई जानाजानी मारिरहेको छ र सम्पूर्ण विश्वले यसलाई हेरिरहेको छ," अरबले भन्नुभयो ।

उहाँले भन्नुभयो, "मलाई लाग्छ, अन्य कुनै पनि कुराभन्दा बढी उहाँको सबैभन्दा ठुलो उद्देश्य प्यालेस्टिनी स्वतन्त्रता हो, सम्मानका साथ बाँच्नु हो ।"

अरब वर्तमान प्यालेस्टिनी नेतृत्व र रामल्लाहमा रहेको प्यालेस्टाइन प्राधिकरण (पीए) को आलोचक हुनुहुन्छ ।

"दुर्भाग्यवश उनीहरूले प्यालेस्टिनी जनताले भोगिरहेको अवस्थालाई परिवर्तन गर्न सकेका छैनन् । उनीहरू प्यालेस्टिनी जनताको रक्षा गर्न असमर्थ छन्," उहाँले दुखेसो पोख्नुभयो ।

यद्यपि उहाँले यो पनि स्वीकार गर्नुभयो कि "उनीहरू (प्यालेस्टिनी) लाई काम गर्न धेरै स्वतन्त्रता छैन ।"

मरवान बरघोटीको भविष्य अज्ञात छ ।

गाजा युद्ध सुरु भएदेखि इजरायलले उहाँलाई कुनै पनि कैदी आदानप्रदानमा रिहा गर्न अस्वीकार गरेको छ ।

"उहाँ वर्तमान इजरायली सरकारको वर्तमान महत्त्वाकाङ्क्षाका लागि राजनीतिक खतरा हुनुहुन्छ," अरबले भन्नुभयो ।

तर अरब र उनको परिवारले आफ्ना बुबालाई कहिल्यै रिहा नगर्न सक्ने कुनै पनि विचारलाई स्वीकार गर्न अस्वीकार गर्नुहुन्छ । यो 'हामीले सोचेको विकल्प होइन' ।

"उहाँ मेरो र समस्त प्यालेस्टिनीको नायक हुनुहुन्छ । उहाँ पक्कै पनि मेरो देशको 'नमुना व्यक्ति' हुनुहुन्छ । एक प्यालेस्टिनीको रूपमा उहाँले मलाई आशा दिनुहुन्छ र म कुनै पनि तरिकामा उनको दृष्टिकोणलाई समर्थन गर्न चाहन्छु ।"

**सचेत...**

दिने लोभलालचमा फसाउँछन् । पद र पैसाको लोभमा कति नेता, कार्यकर्ताहरू पार्टी छाड्छन् । स-साना पुँजीवादी स्वार्थको निम्ति लाग्ने नेता कार्यकर्ताले समाज परिवर्तन होइन जसरी भए पनि आफू परिवर्तन हुन खोज्छन् ।

मार्क्सवादी-लेनिनवादी विचार बोकेको दलले कार्यकर्ताको तत्कालीन व्यक्तिगत हित गर्ने, आशा र आकाङ्क्षा पूरा गर्ने चाहना राख्दैन; त्यो कम्युनिस्ट पार्टीको उद्देश्य पनि होइन । निर्वाचनको नतिजामा डुबेर कल्पिने होइन बरु हारेको सिपाहीँ झन् राम्रोसित लड्छ भनेझैं जोश र जाँगरका साथ राजनीतिमा सक्रिय भइरहनुपर्छ । निर्वाचनको परिणाम सधैँ एउटै गतिमा हुँदैन । निर्वाचन आइरहन्छ, गइरहन्छ । बरु, विगतको कमी कमजोरी सुधारेर, शत्रु पक्षले चालेको एक एक पाइलाको मूल्याङ्कन गरेर युवा-विद्यार्थी या नयाँ पुस्तालाई उत्साहित गर्नुपर्छ; प्रेरित गर्नुपर्छ ।

जीवनमा अनेक आरोह-अवरोह हुन्छ । जीवन सङ्घर्षमय हुन्छ । सङ्घर्षमा अनेक चुनौती आउँछ । त्यस चुनौती पार गर्दै अघि बढ्नुपर्ने हुन्छ । यसकारण, राजनीतिक आन्दोलनमा जुटेका कार्यकर्ताहरू थाक्दैनन्; निरास हुँदैनन् । देश र जनताको सेवा गर्नुपर्ने आफ्नो कर्तव्य ठानेर उनीहरू अघि बढ्छन् । परिवर्तन हतारिएर हुने होइन । परिवर्तन व्यापक जनताको निम्ति हो; व्यापक जनताले नै ल्याउने हो ।

विगतमा कम्युनिस्ट भनिने शासक दलका नेताहरूले वर्गसङ्घर्षको भावना नै छोडे । वर्गसङ्घर्ष गर्नेहरू कम्युनिस्ट नै होइनन् भन्न भ्याए उनीहरूले । एमालेका एक लेखक एवं नेताले त्यस्तै विचार खोके । कम्युनिस्टहरूमा सङ्घर्षको भावना नै छैन भने देशमा कसरी परिवर्तन हुन्छ ? के सरकारको नेतृत्व गर्नु नै परिवर्तन हो ? शासक कम्युनिस्टहरू यही मानसिकताका कारण एमाले र नेपाली कम्युनिस्ट पार्टी धरापमा परे । मार्क्सवाद-लेनिनवादलाई मार्गनिर्देशक मान्ने सबै पार्टीले सो विचारअनुसार राजनीति गर्नुपर्छ; जनतालाई शिक्षित र सङ्गठित गर्नुपर्छ । सचेत र सङ्गठित जनशक्तिबिना देशमा परिवर्तन सम्भव छैन । अत: देशका सबै कम्युनिस्ट पार्टीहरू आमूल परिवर्तनको निम्ति पूर्वाधार तयार गर्नुपर्छ; तयार गर्न जुट्नुपर्छ ।

मानसिक स्वास्थ्यप्रति सचेत बनौं।

मानसिक समस्याका लक्षण:
❖निराश हुनु,
❖तनाव तथा चिन्ता महशुस हुनु,
❖बेलाबेलामा डर लाग्नु,
❖बिनाकारण पसिना आउनु,
❖गहिरो निद्रा नपर्नु,
मानसिक समस्या निदानको लागि:
❖नियमित व्यायाम गरौं,
❖आफ्ना भावना खुल्लारूपमा व्यक्त गरौं,
❖परिवार र साथीहरूसँग समय बिताऔं,
❖योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,
आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं
नेपाल सरकार
विज्ञापन बोर्ड

**एकक्षण** — प्रधान

# सरकार सुधारवादी, क्रान्तिकारी वा प्रति-क्रान्तिकारी ?

२०८२ भदौको अन्तिम हप्ताको युवा आन्दोलनलाई सुधारवादी, 'क्रान्ति वा प्रतिक्रान्ति' के हो भन्ने निक्र्यौल वर्तमान सरकारले लिने नीति र कार्यहरूले प्रस्ट गर्दै जानेछ । युवा र विद्यार्थीको असन्तोष वा आन्दोलनमात्रै थियो भने २३ र २४ भदौको विध्वंश के हो ?

राजधानीको विधानपालिका (संसद् भवन), कार्यपालिका (सिंहदरबार), न्यायपालिका, राष्ट्रपति कार्यालय, प्रधानमन्त्री र मन्त्रीहरूका आवासहरू सबै अग्नि देवताको चपेटामा पर्नुको साथै देशभरिका प्रदेश सरकारका भवनहरू, जिल्ला प्रशासन कार्यालयहरू, प्रहरी कार्यालयहरू तथा स्थानीय तह, नगरपालिका र गाउँपालिकाहरूसमेत भष्म भए । पूर्वप्रधानमन्त्रीहरू र मन्त्रीहरूमध्ये केही मन्त्री र नेताहरूको समेत भवनहरू ध्वस्त भयो ।

फ्रान्सेली पुँजीवादी क्रान्तिमा जेल फोडियो र त्यहाँबाट धेरै बन्दीहरू मुक्त भएका थिए । त्यसबेला धेरै राजबन्दीहरू जेलमा थिए, जेलहरू फोडिए अनि राजबन्दीहरू मात्रै होइन अन्य मुद्दाका अपराधीहरू पनि भाग्ने अवसर पाए । तर, गत सालको भदौको यो आन्दोलनमा कम सङ्ख्यामा मात्रै राजबन्दीहरू थिए । भागेका धेरै अपराधीहरू फर्केको वा फर्कन र फर्काउन बाँकी रहेको सरकारी जानकारीबाट प्रस्ट हुन्छ ।

पहिलो दिनको विद्यार्थी पोशाकको प्रदर्शनमा एजेन्ट प्रोभोकेटर (उत्तेजना फैलाउने प्रहरीका मानिसहरू) ले गरेको ढुङ्गामुढाबारे आन्दोलनकारी विद्यार्थी नेतृहरूबाटै 'घुसपैठियाहरू' वा 'आन्दोलन' अपहरण भएको समेत भनियो । त्यसैले प्रहरी गोली चलाउन बाध्य भएको सरकारी भनाइ हो ।

मुखले वा भाषणमा सम्बन्धित पक्षले के भन्यो भन्दा पनि व्यवहारमा के देखियो भन्ने मुख्य हो । उदाहरणको निम्ति विद्यार्थी नेतृहरूको भनाइमा पनि कुनै पनि भाँचकुँच गर्ने उद्देश्य थिएन । त्यसोभए के त्यो विध्वंश साँच्चै प्रहरीकै मानिसहरूले वा उत्तेजना फैलाउने प्रहरीका मानिसहरूले गरेका हुन् त ?

विभिन्न प्रहरी अफिसरहरूको 'कार्की आयोगमा' दिएका बयानहरूमा दोष सबै विध्वंशकारीहरू र बाहिरी आक्रमणकारीहरूलाई दिइएको छ । तर, दुई दिनभित्र देशका सबै जिल्ला र प्रदेशमा आगो लगाउने वा ध्वंस गर्न सक्ने नेपालमा कुनै पनि राजनीतिक दलहरू र वर्गीय सङ्गठनहरू छैनन् भन्ने प्रस्ट छ । प्रश्न उठ्छ, अघिल्लो दिनका ती युवा-विद्यार्थीहरू कुन राजनैतिक दल वा शासक दलका वर्गीय सङ्गठनहरू हुन् ? प्रस्ट गरिएको छैन । किनभने, हरेक शासक दलका वर्गीय सङ्गठनहरू र पार्टीका माथिल्ला पदहरूमा पनि बाहिरियाहरूको प्रवेश भइसकेको अनुमान हुन्छ ।

यसकारण, ती शासक दलहरूले आ-आफ्ना दलका कुन कुन समितिमा विदेशी तत्त्वहरू घुसेका छन् ? प्रस्ट नपारुञ्जेल देशको भौतिक विध्वंसका जिम्मेवारहरू किटान गर्न गाह्रो हुनेछ । केहीले आफ्नो बयानमा 'राजा आउ देश बचाउ' भन्नेहरू तथा गुण्डाहरूसमेत रहेको बताए । केहीले ३०-४० वर्षयता काठमाडौँमा बनेका ९० प्रतिशत घरहरू भ्रष्टाचारबाट बनेका हुन्; कति जेनजीहरू तिनीहरूका सन्तान हुन् भने । तर, बिरालाका सन्तान बिराला र मुसाका सन्तान मुसै भन्ने जीवशास्त्रीय नियम, विचार र सिद्धान्तमा जस्ताका तस्तै लागू नहुन सक्छ ।

हिजोका ती घटनाहरू र निर्वाचनमा भएका अनेक अनियमिततासँगै वर्तमान शासक दल 'रास्वपा' आफ्नो सरकारलाई 'सुधारवादी सरकार' वा 'क्रान्तिकारी' वा 'प्रतिक्रान्तिकारी' अर्थात् 'प्रतिगमनवादी' वा 'दक्षिणपन्थी' के नाउँ दिन चाहन्छ ? प्रस्ट गरेमा जनतालाई बुझ्न र व्यवहार गर्न सजिलो हुनेछ भन्ने व्यापक चर्चाको विषय बन्दै छ ।

बहुदलीय व्यवस्थामा स्थानीय निर्वाचन दलीय बन्दोबस्तअनुसार नगर्ने दृष्टिकोण पूर्णरूपले निर्दलीय दृष्टिकोण हो । यसलाई प्रगतिशील भन्न मिल्दैन, बरु प्रतिगामी नै हो वा एक एक पाइला गरेर निर्दलीय पञ्चायती व्यवस्था पुन:स्थापना गर्ने हो कि भनी प्रश्न उठ्नु अस्वाभाविक होइन ।

साथै केही महिनाअगाडि एउटा राजनीतिक दलका जिम्मेवार व्यक्ति भएर घोषणापत्र लेखेर केही महिनापछि अर्कै दलको नेता बन्ने व्यक्तिवादी पृष्ठभूमि भएका व्यक्ति कसरी प्रगतिशील होलान् - क्रान्तिकारी त पटक्कै भन्न सुहाउँदैन । यसकारण 'रास्वपा' को राजनैतिक र सैद्धान्तिक आजु खोजिँदै छ ।

नेपालका एक देशभक्त भीमसेन थापाको हत्या गरी अङ्ग्रेज सरकारलाई खुसी पार्ने र सुगौली सन्धिमा सही गरी देशलाई घात गर्ने चन्द्रशेखर उपाध्याय र गजराज मिश्र जस्ताका शाखा सन्तानबारे पनि हरेक देशभक्त राजनैतिक दलहरूले निगरानीमा राख्न आवश्यक छ ।

राजनीतिलाई खेलाँची सम्झने र आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न देशलाई विश्वासघात गर्न खोज्ने व्यक्तिहरूबाट राजनीतिक दल, संस्था र सरकार सचेत हुनु अत्यन्त आवश्यक छ । नेपालको नागरिकता त्यागेर विदेशी नागरिक बनेका नेपालीलाई मतदानमा भाग लिन दिनु 'आफ्नै खुट्टामा बन्चरो हान्नु' सरह हुनेछ । आफू नेपाली नागरिक होइन भने नेपालप्रति कुनै कर्तव्य पूरा गर्नुपर्ने छैन । त्यस्ता व्यक्तिलाई नेपालको सरकार निर्माण गर्ने कार्यमा किन त्यो अधिकार दिने (?) एक गम्भीर नैतिक र व्यावहारिक प्रश्न उठ्दै छ ।

# दैलेखको महाबुमा आठौँ गाउँ सम्मेलन

दैलेख । नेपाल मजदुर किसान पार्टी महाबुको आठौँ गाउँ सम्मेलन वैशाख १३ गते सम्पन्न भयो ।

शासक पार्टीहरूको अदूरदर्शिताकै कारण देशको आजको स्थिति उत्पन्न भएको र अमेरिकी साम्राज्यवादले विश्वमा अशान्ति फैलाएको कारण त्यसको प्रभाव नेपालमा पनि परेको बताउनुभयो ।

नेमकिपा दैलेख जिल्ला अध्यक्ष जगत वलीले समाजमा जबसम्म धनी र गरिब रहन्छ तबसम्म शोषण कायम हुने भएकोले वर्गसङ्घर्षलाई अगाडि बढाउनुपर्ने र त्यसको लागि कामदार वर्ग सचेत र सङ्गठित हुनु जरुरी छ भन्नुभयो ।

कार्यक्रममा बमबहादुर सिंह, धर्मप्रसाद चौलागाइँ, दुर्ग थापा, उजीरसिं बुढा र भगीराम थापाले पनि बोल्नुभएको थियो ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३